डि.स.का. काठमाडौं दर्ता नं. २३३६ | पान नं.: ३०३८११८१५

'सदस्यलाई भरपर्दो वित्तीय टेवा, युगवाणीको सेवा'

# युगवाणी

## बचत तथा ऋण सहकारी संस्था लि.

**YUGBANI SAVING & CREDIT CO-OPERATIVE LTD.**

चन्द्रागिरि नगरपालिका-७, महादेवस्थान, काठमाण्डौं

१५ औं बार्षिक साधारण सभा

२०८१ असोज १९ गते, शनिवार

# बार्षिक प्रतिवेदन

## आ.व. २०८०/०८१

# सञ्चालक समिति



**मोहन ब. बलामी**
अध्यक्ष



**पार्वती के.सी.**
उपाध्यक्ष



**श्रीभगत महर्जन**
सचिव



**करन थापा**
कोषाध्यक्ष



**रामराजा सिलवाल**
सदस्य



**सरस्वती कुमारी के.सी. पाण्डे**
सदस्य



**ध्रुव कुमार के.सी.**
सदस्य

# लेखा सुपरिवेक्षण समिति



**कृष्ण भगत बस्नेत**
संयोजक



**केशब के.सी.**
सदस्य



**प्रतिमा खड्का**
सदस्य

## ऋण उप-समिति

श्री भगत महर्जन - संयोजक
हरिहर सुवेदी - सदस्य
रेश्मा महर्जन – सदस्य सचिव

## शिक्षा उप-समिति

सरस्वती कुमारी के.सी. पाण्डे - संयोजक
प्रमिला कुँवर थापा - सदस्य
सन्ध्या ढकाल - सदस्य सचिव






# राष्ट्रिय गान

(सयौं थुँगा फूलका हामी एउटै माला नेपाली
सार्वभौम भई फैलिएका मेची महाकाली) २

प्रकृतीका कोटीकोटी सम्पदाको आँचल
वीरहरुको रगतले स्वतन्त्र र अटल

ज्ञानभूमि, शान्तिभूमि, तराई, पहाड, हिमाल
अखण्ड यो प्यारो हाम्रो मातृभूमि नेपाल

बहुल जाति भाषा धर्म सँस्कृति छन् विशाल
अग्रगामी राष्ट्र हाम्रो जय जय नेपाल ।




१४ औं साधारण सभाको उद्घाटन



१४ औं साधारण सभामा उपाध्यक्षद्वारा स्वागत मन्तव्य



१४ औं साधारण सभामा प्रमुख अतिथिबाट शुभकामना सम्बोधन




१४ औं साधारण सभामा पदाधिकारी तथा कर्मचारीहरुको सामुहिक तस्विर

संस्था दर्ता नं. २३३६/०६५/०६६ (डि.स.का. काठमाण्डौ)

# युगवाणी बचत तथा ऋण सहकारी संस्था लिमिटेड
YUGBANI SAVING & CREDIT CO-OPERATIVE LIMITED

चन्द्रागिरि नगरपालिका-७, ईटाखेल, काठमाण्डौ, फोन: ०१-४३११५२९, ०१-४३१५५५१

च.नं. ४६-०८१/०८२
पत्र सं. ४६

मितिः २०८१।०५।०९

श्री सदस्यज्यूहरु,
युगवाणी बचत तथा ऋण सहकारी संस्था लिमिटेड

**विषय :- १५ औं बार्षिक साधारणसभा सम्बन्धमा ।**

यस संस्थाको सञ्चालक समितिको मिति २०८१।०५।०८ गतेको वैठकको निर्णय बमोजिम संस्थाको **१५ औं वार्षिक साधारणसभा** तपसिल बमोजिम विषयहरु उपर छलफल तथा निर्णय गर्न बस्ने भएको हुँदा तोकिए बमोजिमको मिति, समय र स्थानमा उपस्थितिको लागि सदस्य महानुभावहरुमा हार्दिक अनुरोध छ ।

**छलफलका विषयहरु**

१. आ.व.२०८०/२०८१ को सञ्चालक समितिको वार्षिक प्रतिवेदन पारित सम्वन्धमा ।
२. आ.व.२०८१/२०८२ को नीति, कार्यक्रम तथा बजेट पारित सम्वन्धमा ।
३. आ.व.२०८०/२०८१ को लेखापरिक्षण प्रतिवेदन पारित सम्वन्धमा ।
४. आ.व. २०८०/२०८१ को लेखा सुपरिवेक्षण समितिको वार्षिक प्रतिवेदन पारित सम्बन्धमा ।
५. आ.व. ०८०/०८१ मा समितिबाट भएका सम्पूर्ण निर्णयहरु पारित सम्बन्धमा ।
६. आ.व.२०८१/२०८२ को लागि लेखापरीक्षक नियुक्ति तथा पारिश्रमिक तोक्ने सम्वन्धमा ।
७. प्रस्तावित लाभांस र संरक्षित पुँजी फिर्ता कोष वितरण सम्वन्धमा ।
८. विनियम पुर्नःलेखन सम्बन्धमा ।
९. कार्यविधि पारित तथा संसोधन सम्वन्धमा ।
१०. साधारण सभाको निर्णय पुस्तिका प्रमाणित गर्न प्रतिनिधि चयन सम्वन्धमा ।

**कार्यक्रम**

मिति :- २०८१ आश्विन १९ गते शनिबार
समय :- विहान ११:३०
स्थान :- ग्रिनल्याण्ड वैंकेट, चन्द्रागिरी-७

आज्ञाले

श्रीभगत महर्जन
सचिव
संचालक समिति

**नोट :-**

१. उपस्थिति पुस्तिका बिहान ११:०० देखि राखिने भएकोले आफ्नो परिचय पत्रका साथ तोकिएको समयमा उपस्थित भई नाम दर्ता गराउन पर्नेछ ।
२. संस्थाले स्वयं उपस्थित सदस्यलाई मात्र खाजा तथा पारवहन खर्च रू. १००।- र ५० कित्ता भन्दा बढि शेयर खरिद गर्ने सदस्यलाई प्रोत्साहन स्वरुप प्रोत्साहन सामाग्री उपलब्ध गराइनेछ ।
३. नावालकको हकमा तोकिएको संरक्षकले प्रतिनिधित्व गर्न सक्नुहुनेछ ।

## १. भूमिका :

सहकारीको मूल्य, मान्यता र सिद्धान्त अनुरुप विभिन्न स्रोतबाट आर्जन गरेको सम्पत्ति बचत गर्ने बानी बसाल्न र बचत रकमलाई उचित ब्याजदरमा विभिन्न आयमूलक, सीपमूलक तथा उत्पादनशील क्षेत्रमा ऋण प्रवाह गरी रोजगारका अवसरहरु उपलब्ध गराउँदै सदस्यहरुको आर्थिक, सामाजिक, सँस्कृतिक एवम् सामुदायिक गतिविधिहरु मार्फत आर्थिक एबम् सामाजिक विकासमा टेवा पुऱ्याउने उद्देश्यका साथ २०६६ साल बैशाख ५ गते स्थानीय शिक्षक, किसान, व्यावसायी, वुद्धिजीवि तथा सामाजिक अगुवा समेत ५१ जना मिलेर स्थापना गर्ने निर्णय भएको र मिति २०६६ असार ८ गते प्रति सदस्य रु.२५०००/- का दरले शेयर पुँजी संकलन गरी डिभिजन सहकारी कार्यलय काठमाण्डौमा २६ जना व्यक्तिहरुको सहभागीतामा दर्ता भई यस संस्थाको विधिवत स्थापना भएको हो । संस्थाले २०६६ श्रावण १० गते देखी प्रति व्यक्ति रु २००/- का दरले मासिक बचत संकलन गरी नियमित वित्तिय कारोबार शुरुवात गरेको थियो । संस्था स्थापनाकालमा यसको कार्यक्षेत्र साविक बाडभञ्जयाङ, दहचोक ,थानकोट, महादेवस्थान र मातातिर्थ गा.वि.स रहेको मा हाल संस्थाको कार्यक्षेत्र चन्द्रागिरि नगरपालिका भर रहेको छ ।

## २. ध्येय (Mission)

सहकारी सिद्धान्तको पालना गर्दै व्यवसायीक, नविनतम प्रविधिको प्रयोग मार्फत सरल सहजरुपमा वित्तिय तथा गैह्र वित्तिय सेवाबाट सामाजिक तथा संस्थागत विकास गरी सदस्यहरुको जिवनस्तरमा सुधार गर्ने ।

## ३. परिकल्पना (Vision)

सुशासित वित्तिय सक्षमतायुक्त गुणस्तरीय उत्कृष्ठ र दिगो सहकारी संस्था

**Quality Excellent and Sustainable SACCOS With Sound Financial Capability.**

### परिकल्पनाको व्याख्या

### सुशासित

- नियमित वार्षिक साधारण सभा समयमा नै सम्पन्न गर्ने ।
- संस्थाको वार्षिक लेखापरिक्षण असोज मसान्त भित्र सम्पन्न गर्ने ।
- संचालक समितिको बैठक मासिक रुपमा बस्ने ।
- लेखा सुपरिवेक्षण समितिको बैठक त्रैमासिक रुपमा अनिवार्य रुपमा बस्ने ।
- एक पटकमा कुल सञ्चालक समिति सदस्य मध्ये ४९ प्रतिशत भन्दा बढि व्यक्तिले ऋण उपभोग नगर्ने ।
- संचालक समिति र कर्मचारीहरुको ऋणको स्विकृती संचालक समिति मार्फत गर्ने ।
- संस्थाको आर्थिक क्रियाकलापहरु पारदर्शि बनाउने ।
- साधारण सभाले स्विकृत गरेको वजेटको अधिनमा रहि खर्च गर्ने ।
- नियामक निकायमा नियमित रुपमा प्रतिवेदन पेश गर्ने ।
- संस्थाको आन्तरीक कार्यविधिको पुर्ण रुपमा पालना गर्ने ।
- सदस्यहरुलाई सहज तरिकाले चुस्त, दुरुस्त सेवा प्रदान गर्ने ।
- संचालकहरुको स्वमुल्याँकन वार्षिक रुपमा गर्ने ।
- संस्थाको निर्णय प्रक्रियामा सदस्यहरुको सहभागीता सुनिश्चित गर्ने ।

- संचालक समिति तथा उपसमितिहरुमा महिलाको सहभागितालाई सुनिश्चित गर्ने ।
- संचालक समिति, उपसमिति र सदस्यहरु विच संस्थाको सेवा उपभोगमा विभेद नगर्ने ।

**सक्षमतायुक्तः**

- वित्तिय रुपमा सक्षम हुनु
- पर्याप्त मात्रामा दक्ष कर्मचारीहरुको व्यवस्था
- सदस्यको आवश्यकता अनुसारको बस्तु तथा सेवाको विकास गर्नु
- बजारमा प्रचलित नविनतम प्रविधिको प्रयोग गरी सदस्यहरुलाई सेवा दिने ।
- आवश्यकता अनुसार सदस्यहरुको परिचालन गर्न सक्ने ।
- कार्यक्षेत्र भित्रका सम्पुर्ण स्थानहरुमा सेवाको पहुँच पुर्‌यउने ।
- अन्य संस्थाहरुमाझ प्रतिस्पर्धिको स्थान हासिल गर्नु ।
- दैनिक कार्यसंचालनको लागि आवश्यक कार्यविधिहरुको निर्माण गरी कार्यन्वयन गर्नु ।
- वित्तीय सुशासन कायम गर्ने,
- कर्मचारीहरुलाई समय सापेक्ष सेवा सुविधा प्रदान गर्ने,

**उत्कृष्ट**

- **QR Code, Mobile Banking, HRM, Deposit Mechine, Queing Mechine, E-Teller, TAB Banking** सहितको नबीनतम प्रविधि,
- योजनाको अन्तिम बर्ष सम्ममा प्रोवेशन ब्राण्ड प्राप्त गर्ने,
- वार्षिक रूपमा न्यूनतम १०% सदस्यहरूको सन्तुष्टि सर्वेक्षण गर्ने,
- काउण्टरमा उपस्थित भएको १० मिनेटभित्र बचत संकलन र भुक्तानी सेवा प्रवाह गर्ने,
- सम्पूर्ण कागजात पेश भएको अधिकतम ३ कार्यदिन भित्र ऋण प्रवाह गर्ने,
- सरसफाई निरिक्षक तोकि कार्यालय व्यवस्थापनका लागि **5S (Sort, Set in Order, Shine, Standard, Sustain)** लागु गर्दै मासिक रुपमा परिक्षण गर्ने,
- मुस्कान सहितको सेवा प्रवाह गर्ने
- वार्षिक रुपमा समुदाय केन्द्रीत क्रियाकलाप सञ्चालनमा प्राथमिकता दिने,
- वार्षिक रुपमा न्यूनतम २५% सदस्यहरुलाई वित्तीय एवम् सहकारी शिक्षा प्रदान गर्ने,
- एक सदस्य एक संस्थाको पूर्ण कार्यान्वयनका लागि योजनाको अन्त्यसम्ममा कूल सदस्यहरु मध्ये न्यूनतम ६०% सदस्यहरु यस साकोसको मात्र सदस्य भएको हुनेछन्,
- योजनाको अन्त्य सम्ममा चन्द्रागिरि न.पा.को न्यूनतम ५% घरधुरी संस्थामा आवद्ध गराइनेछ ।

**दिगो :**

- मासिक रुपमा पूर्ण ऋण जोखिम कोषको व्यवस्था गरिनेछ,
- ऋण लगानी क्षेत्रगत रुपमा नीतिमा भएको व्यवस्था बमोजिम गरिनेछ,
- ऋण लगानी गर्दा तिर्न सक्ने क्षमतामा आधारित ऋण लगानी गरिनेछ,
- कूल ऋण लगानीको ९० प्रतिशत भन्दा वढी धितो सुरक्षणमा लगानी गरिनेछ,
- वार्षिक न्यूनतम १० प्रतिशत ऋणीहरुको ऋण सदुपयोगीता जाँच गरिनेछ,

- कूल बचतको अनुपातमा नियमित बचत न्यूनतम २५ प्रतिशत, आवधिक बचत बढीमा २५ प्रतिशत, धन सिर्जना गर्ने बचत न्यूनतम १५ प्रतिशत र अरु अन्य ऐच्छिक बचत मार्फत संकलन गरिनेछ,
- नियमित बचत गर्ने सदस्यहरुको अनुपात ९० प्रतिशत भन्दा वढी कायम गरिनेछ,
- शेयर पूँजी न्यूनतम १० प्रतिशत कायम गरि औषत शेयर खरिद गर्ने सदस्य न्यूनतम ४० प्रतिशत कायम गर्ने,
- संस्थागत पूँजी बृद्धिको लागि कोष व्यवस्थापन आन्तरिक कार्यविधि अद्यावधिक गरि मितव्ययी रुपमा खर्च गरि बाँकी रकम जगेडा कोषमा स्थानान्तर गर्दै न्यूनतम १०% कायम गरिनेछ,
- भाखा नाघेको ऋण ५ प्रतिशत भन्दा कम कायम गरिनेछ,
- आय आर्जन नगर्ने सम्पति ५ प्रतिशत भन्दा कम र संस्थागत पूँजीको ५० प्रतिशत भन्दा कम कायम गरिनेछ,
- तरलता बचतको अनुपातमा न्यूनतम १६ प्रतिशत कायम गर्ने,
- सदस्यता बृद्धिदर न्यूनतम १५ प्रतिशत कायम गर्ने ।

## ४. मूल्य र मान्यता (Values & Beliefs)

यस युगवाणी बचत तथा ऋण सहकारी संस्था लि. को मुल्य मान्यताहरु निम्नानुसारको रहेका छन् ।

४.१ सहकारी मुल्य मान्यताः संस्थाले सहकारीको मुल्य, मान्यता र सिद्धान्तको पुर्ण रुपमा परिपालना गरिने छ ।

४.२ **सामुहिक कार्य :** संस्थामा समिति, उप-समिती सदस्यहरु र कर्मचारीहरु मिलेर कार्य गरिने छ । संस्थागत सुशासन कायम राख्दै वित्तिय सक्षमता कायम गरिने छ ।

४.३ **जवाफदेहिता :**

गरेका राम्रा र नराम्रा सबै कामको सबैले सामुहिक एवं व्यक्तिगत रुपमा जिम्मा लिइने छ ।

४.४ **उत्तरदायित्वः**

सबै सरोकारवालाहरुले निष्ठा पूर्वक आ-आफ्नो भुमिका निर्वाह गर्दै जिम्मेवारी बहन गरिनेछ ।

४.५ **ऐक्यबद्धता :**

सम्पूर्ण समिति, उप-समितिहरु, सदस्यहरु र कर्मचारीहरु बिच एक भै संस्था सञ्चालन गरिनेछ ।

४.६ **गोपनियता :**

सदस्यहरुको वित्तीय कारोबार, संस्थाका आन्तरिक समस्याहरु, संस्थाका महत्वपूर्ण अभिलेख तथा दस्तावेजहरुलाई गोप्य राखिनेछ ।

४.७ **दीगोपना :**

वित्तीय रुपमा सुरक्षित, विधि तथा प्रविधिद्धारा संचालित र सदस्यहरुलाई गुणस्तरीय सेवा प्रदान गरिनेछ ।

४.८ **ईमान्दारिता :** संस्था सञ्चालन गर्दा छलकपट नगरि सञ्चालन गरिनेछ ।

४.९ **सम्मानको संस्कृति :** आफु भन्दा ठुलालाई मान मर्यादा राख्ने, ठूलाले सानासंग ब्यवहार गर्दा सम्मानजनक तथा संस्थागत ब्यवहार गर्ने र असल काम गर्नेलाई पुरस्कारको व्यवस्था गरिनेछ ।

४.१० **समयको पालना** : ठीक समयमा ठीक कार्य गरिनेछ ।

४.११ **पारदर्शिता :** संस्थाको भित्रि अबस्था जस्तो छ बाहिर त्यस्तै देखाइनेछ । सदस्यहरुको सुसुचित हुने अधिकारको सम्मान गरिने छ ।

४.१२ **शुन्य सहनशिलता:** गलत काम प्रति शुन्य सहनशिलता अपनाईनेछ ।

४.१३ **समाबेशि सहभागिता:** स्थानिय स्रोत साधनको उचित परिचालन गरिने, समिति तथा उपसमितिहरुमा भौगोलिक सहभागिता सुनिश्चीत गरिनेछ ।

४.१४ **प्रतिवद्धता:** बोलेका काम प्रति प्रतिवद्ध भई कार्य गरिनेछ ।

४.१५ **नियमित:** सेवा सुविधा तथा संस्थागत काम प्रति नियमितता दिईनेछ ।

४.१६ **मुस्कान सहितको सेवा:** संस्थाबाट मुस्कान सहितको सेवा प्रवाह गरिनेछ ।

## ५. उद्देश्यहरु (Objectives)

### ५.१ दीर्घकालिन उद्देश्यहरु (Long Term Objectives)

५.१.१ सदस्यहरुमा मितव्ययिताको भावना जागृत गराई नियमित बचत गर्ने वानिको विकास गर्ने ।

५.१.२ व्यक्तिगत तथा सामुहिक क्षमता अभिवृद्धि गरी स्वावलम्वी एवं आत्मनिर्भर समाजको निर्माणमा योगदान पुरयाउने ।

५.१.३ सदस्यहरुको प्राथमिक आवश्यकता र आयआर्जन क्षमताको पहिचान गरी उत्पादनशील र आयमूलक क्षेत्रमा सदस्यहरु मार्फत लगानी प्रवर्द्धन गरी छरिएर रहेको राष्ट्रिय पूँजीको उपयोग बढाउने

५.१.४ सदस्यहरुको दैनिक जीवनका विविध क्षेत्रमा संस्थागत सहयोग पुरयाउने सेवामूलक कार्यक्रम सञ्चालन गरी समुदायमा सहकारिताको महत्व प्रदर्शित गर्ने ।

५.१.५ उत्पादनशील, आयमूलक, सीपमूलक कार्यका लागि सदस्यहरुलाई उत्प्रेरित गर्नुका साथै उचित ब्याजदरमा ऋृण प्रदान गर्ने ।

५.१.६ वित्तीय साक्षरतामार्फत सदस्यहरुलाई आत्मनिर्भरता तथा आत्मविश्वास सम्बन्धी धारणाबारे उत्प्रेरित गर्ने ।

५.१.७ सदस्यहरुको आर्थिक अवस्थामा सुधार गर्नसक्ने किसिमका अन्य क्रियाकलाप सञ्चालन गर्ने ।

५.१.८ सहकारी अभियानको विकास र प्रवर्द्धनको उदेश्य लिई गठित जिल्ला, प्रदेश र केन्द्रीय सङ्घको सदस्यता ग्रहण गर्ने ।

५.१.९ सदस्यहरुको सम्बृद्धि र विकासको अधिकतम हितलाई ध्यानमा राखि सहकारी ऐन,नियमावलि र यस विनियममा व्यवस्था भए बमोजिमका दैनिक कार्य सञ्चालनका साथै चल अचल सम्पत्ति आर्जन गर्ने, ऋृण लगानी गर्ने विनिमय गर्ने,हस्तान्तरण गर्ने ,चन्दा दिने ,धरौटी राख्ने,बन्धकी राख्ने आदि कार्य गर्ने ।

५.१.१० दातृ संस्थाहरुवाट कुनै शर्त नराखी प्राप्त हुने चन्दा तथा अनुदान स्वीकार गर्ने ।

५.१.११ आफ्नो उद्धेश्य पूरा गर्नका लागि समान उद्धेश्य भएका स्थानीय,प्रदेश,राष्ट्रिय र अन्तराष्ट्रिय संस्थाहरुसँग सहयोगात्मक सम्बन्ध र भावना राख्ने ।

५.१.१२ सदस्यहरु तथा संस्थागत विकासका लागि आय आर्जन परियोजना सञ्चालन गर्ने ।

५.१.१३ समाजका कमजोर वर्ग र निम्न आय भएका व्यक्ति वा समूदायमा आर्थिक सामाजिक उत्थानमा सहयोगी पुर्याउने ।

५.१.१४ सदस्यहरु विच बैकिंग कारोवार गर्ने ।

५.१.१५ नविनतम प्रविधि (एटिएम, क्यूआर कोड, मोबाईल बैंकिङ्ग, ई बैकिङ्ग लगायत अन्य प्रविधि)को उच्चतम प्रयोगद्वारा कारोवार तथा कागजातहरुलाई विद्युतीकरण (म्नष्तबष्शिबतष्यल) गरि प्रविधिको प्रयोगमार्फत सेवा प्रवाह गर्ने ।

५.१.१६ पर्यटन विकासमा टेवा पुऱ्याउने खालका क्रियाकलापहरु सञ्चालन गर्ने ।

## ५.२ रणनीतिक उद्देश्यहरु (Strategic Objectives)

यस युगवाणी तथा ऋण सहकारी संस्था लि. का रणनीतिक व्यवसायिक योजनाका ४ वटा वृहत रणनीतिक उद्देश्य रहेका छन जसमा प्रत्येक रणनीतिक उद्देश्यका ७ वटा रणनीतिहरु रहेका छन् । त्यसैले यस रणनीतिक व्यवसायिक योजनाका रणनीतीहरु ४x७ मेट्रिक्समा तयार गरिएका छन् ।

**रणनीतिक व्यवसायिक योजनाका ४ वटा वृहत रणनीतिक उद्देश्य**

५.२.१ वित्तीय सुरक्षा र पहुँच
५.२.२ गुणस्तरीय सेवा तथा सन्तुष्टि
५.२.३ कुशल तथा स्तरीय सञ्चालन
५.२.४ निरन्तर सिकाई र निर्णय सक्षमता

### ५.२.१. वित्तीय सुरक्षा र पहुँच

५.२.१.१ नियमित सदस्य तथा सम्पति बृद्धि
५.२.१.२ बचत बृद्धि तथा सेवा विविधीकरण
५.२.१.३ स्तरीय ऋण तथा जोखिम व्यवस्थापन
५.२.१.४ आन्तरिक तथा बाह्य स्रोत परिचालन
५.२.१.५ सदस्यको नियमित सहभागीता बृद्धि
५.२.१.६ संस्थागत पूँजी बृद्धि तथा कोष परिचालन
५.२.१.७ नकमाउने सम्पति व्यवस्थापन र सुरक्षा

### ५.२.२. गुणस्तरीय सेवा तथा सन्तुष्टि

५.२.२.१ सेवा विविधीकरण तथा प्रवर्द्धन कार्यक्रम
५.२.२.२ क्षमतामा आधारित ऋण परिचालन प्रवर्द्धन
५.२.२.३ सेवामा पहुँच तथा सेवाकेन्द्र विस्तार
५.२.२.४ सदस्य हेरचाह तथा बजारीकरण प्रवर्द्धन
५.२.२.५ सदस्य लाभ तथा सहभागीता बृद्धि
५.२.२.६ प्राविधिक प्रणालीहरुको विकास तथा आन्तरिकीकरण
५.२.२.७ भौतिक पूर्वाधार विकास तथा स्तरीकरण

### ५.२.३ कुशल तथा स्तरीय सञ्चालन

५.२.३.१ अद्यावधिक नीति तथा कार्यविधिको विकास
५.२.३.२ स्तरीय कार्यवातावरण तथा गल्ती व्यवस्थापन
५.२.३.३ व्यवस्थापन सूचना तथा आन्तरिक सञ्चार प्रणाली
५.२.३.४ योजनावद्ध व्यवस्थापन विकास प्रणाली
५.२.३.५ सहकारी एकीकरण, स्तरीकरण र प्रतिकिकरण

५.२.३.६ सहकार्य, समुदाय तथा सञ्जालमा संलग्नता
५.२.३.७ उत्कृष्ट कानुन अनुपालना अभ्यास स्थापना

### ५.२.४ निरन्तर सिकाई तथा स्वनियमन

५.२.४.१ निरन्तर सिकाई तथा निर्णय सक्षमता
५.२.४.२ समावेशी तथा नमुना योग्य समिति
५.२.४.३ जोखिम सुपरिवेक्षण तथा सुशासन प्रवर्द्धन
५.२.४.४ मानव संसाधनको सामुहिक सक्षमता विकास
५.२.४.५ आन्तरिक लेखा परिक्षण प्रभावकारीता बृद्धि
५.२.४.६ सदस्य शिक्षा तथा सिकाई अभिबृद्धि कार्यक्रम
५.२.४.७ सामाजिक परिक्षण तथा स्थिरीकरण कोष

## ६. आवद्धताः

संस्थाको कारोवार वृद्धि गर्दै सहकारी अभियानमा समेत आफनो उपस्थिति देखाउन तपसिल बमोजिम सहकारी संस्थाको छाता संगठन मा आवद्धता जनाई सकिएको र आगामी दिनमा अन्य निकायहरुमा समेत आवद्ध हुने योजना रहेको छ ।

क. राष्ट्रिय सहकारी वैंक
ख. जिल्ला सहकारी संघ काठमाण्डौ
ग. नेपाल वचत तथा ऋण केन्द्रीय सहकारी संघ (नेफस्कुन)
घ. काठमाण्डौं जिल्ला वचत तथा ऋण सहकारी संघ (कास्कुन)
ङ बागमती प्रदेश बचत तथा ऋण सहकारी संघ (प्रोस्कुन)

## ७. संस्थाको सांगठनिक तथा व्यवस्थापकीय ढाँचा :

संस्थाको नीति नियम निर्माण तथा अनुमोदनको लागि सम्पूर्ण सदस्यहरुको साधारण सभा,नीतिको मश्यौदा निर्माण तथा कार्यान्वयनको लागि ७ सदस्सीय सञ्चालक समिति,संस्थाको आन्तरिक लेखा परिक्षण तथा समितिलाई आवस्यक सुझाव दिनको लागि ३ सदस्सीय लेखा सुपरिवेक्षण समिति र संस्थाको क्रियाकलाप सञ्चालनमा सहजताको लागि ६ वटा उप समिति गठन भएका छन । साथै संस्थाको दैनिक कार्य सञ्चालनको लागि मुख्य अधिकृतको नेतृत्वमा देहाय बमोजिम तहगत संरचना र संख्यामा कर्मचारीहरु कार्यरत रहेका छन ।

| क्र.स | तह | पद | संख्या |
|---|---|---|---|
| १ | आठौं तह | मूख्य अधिकृत | १ |
| २ | छैठौं तह | अधिकृत | १ |
| ३ | पाँचौं तह | सहायक अधिकृत | २ |
| ४ | चौथो तह | कार्यालय सहायक | १ |
| ५ | तेश्रो तह | कनिष्ठ सहायक | ३ |
| ६ | दोश्रो तह | सुरक्षाकर्मी | २ |
| ७ | श्रेणी विहिन | सहयोगी | १ |
| | | **जम्मा** | |

**८. विशेषताहरु :**

क. सदस्यहरुको सुविधालाई ध्यानमा राखी बिहान ८:०० बजे देखि बेलुका ६:०० बजे सम्म कार्यालय सञ्चालन हुने । साथै सार्वजनिक बिदाको दिनमा पनि प्रभातकालिन काउन्टर सञ्चालन हुने ।

ख. समुदायमा आधारित सहकारी पहिचान बनाउन समुदायको रुचि र आवश्यकता अनुसार सेवा प्रदान गर्ने गरिएको ।

ग. अत्याधुनिक कम्प्युटरको माध्यमबाट छिटो छरितो रुपमा वचत तथा ऋण सेवा प्रदान गरिरहेको ।

घ. उच्चतम प्रविधिमा आधारित मोवाइल बैंकिङ सुविधा रहेको

ङ. स्प्रेड रेट(ऋणमा लिने र वचतमा दिने ब्याज अन्तर) तुलनात्मक रुपमा न्युन राखी वित्तिय उदेश्य प्राप्त गर्न सफल रहेको ।

च. वित्तिय अनुशासन कायम गर्दै संस्था स्थापना देखि नै नियमित रुपमा लाभाशं र संरक्षित पूँजी फिर्ताकोष वितरण गरि रहेको ।

छ. सामाजिक सुरक्षा कार्यक्रम अन्तर्गत सदस्यहरुलाई औषधी उपचार खर्च, प्रसुति खर्च, एम्वुलेन्स तथा शववाहन खर्च, काजकिरिया अनुदान, दुघर्टना क्षति सहयोग,घातक रोग तथा अंगभंग राहत,शल्यक्रिया सहयोग खर्च को व्यवस्था भएको ।

ज. आपतकालिन अवस्थामा बिना ब्याज सापटीको व्यवस्था भएको ।

झ. संस्थाको सामाजिक उत्तरदायित्व अन्तर्गत शिक्षा,स्वास्थ,संस्कृति तथा खेलकुद जस्ता विविध कार्यक्रमामा सहभागीता जनाउदै आएको ।

ञ. प्रतिवद्ध तथा जिम्मेवार पदाधिकारीहरुको निरन्तर योगदानमा सञ्चालन भैरहेको ।

ट. केन्द्रीय संघबाट सञ्चालित जोखिममा आधारित साकोस सुपरिवेक्षण (कर्ब्स) पश्चात पूर्ण तथा व्यवसायिक साकोस कार्यक्रम (प्रोवेसन) मा आवद्ध

**९. संस्थाको सदस्यता :**

तोकिएको क्षेत्रभित्र बसोवास गर्ने संस्थाको कार्यक्रममा सरिक रही साधारण सभाबाट पारित नीति अनुरुप आफुले आय-आर्जन गरेको रकमबाट नियमित रुपले बचत गर्न चाहने वा आवश्यकता अनुसार ऋण लिई आफनो परिवारको आर्थिक,सामाजिक तथा साँस्कृतिक अवस्था सुधार गरी जीवनस्तर माथि उठाउने उदेश्य लिने र संस्थाको स्वीकृत विनियम बमोजिम सदस्यको जिम्मेवारी स्वीकार गर्न मञ्जुर गर्ने निर्धारित योग्यता पुगेका इच्छुक देहाएका व्यक्तिले विनियमको अधिनमा रही सदस्यता प्राप्त गर्न सक्नेछन ।

क. संस्था दर्ता गर्न निवेदन दिने व्यक्तिहरु र,

ख. संस्था दर्ता भईसकेपछि विनियमको दफा १० बमोजिम सदस्यताको योग्यता पुगेका व्यक्तिहरु,

ग. अन्यत्र जुनसुकै कुरा लेखिएको भएता पनि नेपाल सरकार, प्रदेश सरकारका निकायहरु, स्थानिय तहका साथै संस्थाको कार्यक्षेत्र भित्रका सरकारी विद्यालय र सामुदायिक विद्यालय, गुठी , स्थानीय क्लव,स्थानीय तहमा गठन भएका गैर नाफा मूलक,संस्था,उत्पादन र सेवामूलक संघ संस्था,उपभोक्ता समूहहरु संस्थाको सदस्य हुन बाधा पर्ने छैन ।

घ. संस्थाको सदस्यता लिन चाहने व्यक्तिले समिति समक्ष अनुसूची बमोजिमको निवेदन दिनु पर्नेछ । संस्थाको सदस्यता प्राप्त गर्न चाहने व्यक्तिले तोकिएको ढाँचामा उपरोक्त विवरण समेत खुलाएको प्रमाण पेश गरेपछि आवश्यक जाँचबुझ गरी संचालक समितिको निर्णय बमोजिम मात्र सदस्यता प्रदान गरिनेछ ।

ङ. विनियमको अनुसार निवेदन स्वीकार भएको अवस्थामा निवेदकले प्रवेश शुल्क रु १००। (एक सय पछि फिर्ता नहुने गरी) बुझाउनु पर्नेछ ।

**९.१. सदस्यताको लागि योग्यता :**

**१. संस्थाको सदस्यता प्राप्त गर्न देहायको योग्यता पुगेको व्यक्ति हुनुपर्नेछ,**

क. नेपाली नागरिकताको प्रमाणपत्र प्राप्त गरेको,

ख. संस्थाको कार्यक्षेत्र बसोबास गरेको,

ग. संस्थाको सेवा उपभोग गर्न चाहने र जिम्मेवारी वहन गर्न स्वीकार गरेको संस्थाको मुख्य व्यावसायिक सेवा आवश्यक हुनुका साथै उपयोग गर्न सक्ने अवस्थामा रहेको,

घ. संस्थाको विनियम पालन गर्न मञ्जुर गरेको संस्थासँग प्रतिस्पर्धा हुने गरी संस्थाको कार्ययोजनामा गर्ने भनिएको कारोबार नभएको,

ङ . प्रचलित कानुले अयोग्य नठहरिएको

च. स्वीकृत विनियम बमोजिम प्रवेश शुल्क बुझाएको र शेयर खरिद गरेको च. संस्थाको बचत योजना बमोजिम क्षमता अनुसार नियमित बचत गर्ने व्यक्ति

छ . समान प्रकृतिको सोही जिल्ला भित्रको अन्य सहकारी संस्थामा सदस्य नभएको

२. माथी जुनसुकै कुरा लेखिएको भए तापनि सम्पत्ति शुद्धीकरण निवारण कानुनबमोजिम पहिचान तथा सम्पुष्टि हुन नसकेको खण्डमा सदस्यताको योग्यता नपुगेको मानिनेछ ।

**९.२. सदस्यता कायम नरहने :**

१. कुनै पनि सदस्यको सदस्यता देहायमा उल्लेख भएको अवस्थामा कायम रहने छैन :

क. मृत्यु भएमा,

ख. बहुलाएको वा मानसिक असन्तुलन भएमा,

ग. सदस्यताबाट दिएको राजीनामा स्वीकृत भएमा,

घ. विनियममा भएको व्यवस्था बमोजिम समितिको निर्णयबमोजिम सदस्यताबाट निष्काशित भएमा,

ङ. संस्था विघटन भएमा,

च. संस्थालाई हानि नोक्सानी हुने काम गरेको प्रमाणित भएमा,

छ. नियमित बचतकर्ताको रुपमा सदस्य नभई ऋण लिने उद्देश्यले मात्र शेयर सदस्य भएमा,

ज. विनियमको दफा मा उल्लेखित सदस्यताको लागि चाहिने कुनै योग्यता नरहेमा,

झ. एउटै जिल्ला भित्रको समान प्रकृतिको अन्य सहकारी संस्थामा सदस्य वा संचालकको कुनै पदमा रहेको पाइएमा ।

ञ. सम्पूर्ण शेयर हस्तान्तरण गरेमा वा शेयर वापतको रकम फिर्ता लिएमा ।

२. माथी (१) मा जेसुकै कुरा लेखिएको भएता पनि कुनै सदस्यले संस्थाबाट प्राप्त गरेको ऋण वा संस्थालाई तिर्नु पर्ने बाँकी बक्यौता भुक्तानी गर्न बाँकी रहेछ भने त्यस्तो सदस्यले र त्यस्तो सदस्यको तर्फबाट धितो वा जमानत बस्ने अरु कुनै सदस्यले संस्थाको सदस्यताबाट राजीनामा गर्न पाउने छैन । राजीनामा स्वीकृत भईसकेको रहेछ भने पनि निजले संस्थालाई तिर्नुपर्ने दायित्ववाट उन्मुक्ति पाउनेछैन ।

**९.३. सदस्यताबाट निष्काशन :**

१. संचालक समितिले छानविन गरी एवं सफाईको मौका समेत दिई कुनै सदस्यलाई निम्न आधारमा बहुमतको निर्णयले सदस्यताबाट निष्काशन गर्न सक्नेछ ।

क. संस्थाको संचालन र प्रगतिमा हानि हुने कुनै किसिमको कार्य गरे गराएमा ।

ख. संस्थाको स्वीकृत नीति र विनियम वर्खिलाप हुने काम गरे गराएमा ।

ग. संस्थाको प्रतिष्ठामा आँच आउने खालको कार्य गरे गराएमा ।

घ. संस्थाको चल अचल सम्पत्ति हिनामिना गरेको प्रमाणित हुन आएमा ।

ङ. विनियममा व्यवस्था भएबमोजिम सदस्य हुन आवश्यक योग्यता नरहेमा ।

२. माथी (१) बमोजिम कुनै सदस्यलाई संचालक समितिले निष्काशन गर्नु अघि सम्बन्धित सदस्यलाई आफूलाई लागेको आरोप सम्बन्धमा स्पष्टीकरण दिने र आरोपको खण्डन गर्ने वा आवश्यक प्रमाण प्रस्तुत गर्न बढीमा ३५ दिनको म्याद दिइनेछ ।

३. छानविनको क्रममा समितिको बहुमतको निर्णयले सम्बन्धित सदस्यलाई निलम्बन गरी संस्थाबाट कुनै खास सेवा वा सुविधा उपलब्ध गर्न नपाउने गरी बढीमा एक वर्ष सम्मका लागि बन्देज लगाउन सक्नेछ ।

४. उपदफा (१) र (२) अनुसारको निर्णयमा चित्त नबुझेमा सदस्यले साधारणसभा समक्ष पुनरावेदन गर्न सक्नेछ र साधारण सभाको बहुमतले गरेको निर्णय अन्तिम हुनेछ ।

## ९.४. सदस्यताबाट राजिनामा :

१. कुनै सदस्यलाई संस्थाको सेवा तथा सुविधा आफूलाई आवश्यक छैन भन्ने लागेमा सदस्यताबाट राजीनामा दिन सक्नेछ । तर, सदस्यता छाड्न चाहने सदस्यले संस्थाबाट लिएको ऋण वा अन्य कुनै वाँकी वक्यौता चुक्ता गर्न बाँकी रहेको खण्डमा त्यस्तो सदस्य र त्यस्तो सदस्यको जमानत बस्ने कुनै पनि सदस्यले राजीनामा दिन पाउनेछैन ।

२. सदस्य र त्यस्तो सदस्यको जमानत बस्ने सदस्यको राजीनामा स्वीकृत भई सकेको रहेछ भने पनि त्यस्तो व्यक्तिले संस्थालाई तिर्नु बुझाउनुपर्ने दायित्ववाट छुट पाउनेछैन ।

३. सदस्यताबाट दिएको राजीनामा समितिबाट स्वीकृत भई संस्थाको सदस्यताबाट हटेको व्यक्तिले पुनः सदस्यता प्राप्त गर्न चाहेमा राजीनामा स्वीकृत भएको मितिले एक वर्ष पछि मात्र पुन : रीतपूर्वक निवेदन दिएमा सदस्यता प्राप्त गर्न सक्नेछ ।

४. विनियम बमोजिम सदस्यले सदस्यता छाड्नका लागि लिखित राजिनामा आर्थिक वर्ष समाप्त हुनु ३ महिना अगावै दिन अगावै समितिलाई प्राप्त हुने गरी पेश गर्नु पर्नेछ ।

५. संस्थाको कुल भुक्तानी शेयरपुँजीको १० प्रतिशत भन्दा बढी मूल्यको शेयर खरिद गर्ने सदस्यले सदस्यता छाड्न चाहेमा कस्तीमा १२ महिना अगावै लिखित सूचना दिनु पर्नेछ ।

६. सदस्यता छाड्न चाहने सदस्यलाई संस्थाको आर्थिक अवस्थाको विश्लेषणका आधारमा साधारण सभा भएको ३५ दिन भित्र गरिनेछ ।

## ९.५. सदस्यको काम, कर्तव्य र अधिकार :

सदस्यको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :-

क. एक सदस्य एक मतको मताधिकार प्रयोग गर्ने ।

ख. साधारण सभाबाट निर्वाचित भई संस्थाको नेतृत्व लिने वा विभिन्न जिम्मेवारीमा सक्रिय सहभागिताका लागि सरिक हुने ।

ग. संस्थामा नियमित रुपमा बचत गर्ने र सोमा निर्धारित ब्याज प्राप्त गर्ने ।

घ. संस्थाको बचत तथा ऋण नीतिको आधारमा ऋण प्राप्त गर्ने र सोको किस्ताबन्दी रुपमा साँवा तथा ब्याज नियमित रुपमा भुक्तानी गर्ने ।

ङ. सदस्य एवं समूहको हितमा सञ्चालकहरुलाई आवश्यक सल्लाह र सहयोग पुऱ्याउने ।

च. संस्थाको साधारण सभामा सहभागी भई छलफलमा भाग लिने तथा संस्थाको गतिविधिका बारेमा जानकारी लिने ।

छ. साधारण सभाको विभिन्न विषयमा गरिने निर्णयमा आफ्नो मतको प्रयोग गर्ने ।

ज. संस्थाले सदस्यका लागि संचालन गरेका सुविधाको उपभोग निर्धारित विधि अनुसार गर्ने ।

झ. सहकारीका प्रचलित कानून र सहकारीका सर्वमान्य सिद्धान्त बमोजिम संस्था नचलेको अवस्थामा संस्थाको स्वीकृत विनियम बमोजिम संस्था शुद्धिकरणको अभियानमा सक्रियता लिने ।

**९.६. सदस्यको दायित्वः**

क. सदस्यको दायित्व आफुले लिएको शेयर रकमसम्म मात्र सीमित हुनेछ ।

ख. संस्थाको विनियम पालना गर्नु सम्पूर्ण सदस्यहरुको दायित्व हुनेछ ।

**१०. साधारण सभाको काम, कर्तव्य र अधिकार**

**१) साधारण सभाका काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछन् :**

क) संचालक समितिका पदाधिकारीलाई हटाउने वा समिति वा लेखा सुपरिवेक्षण समितिको विघटन गर्ने । निर्वाचन समितिले संचालन गरेको निर्वाचन कार्यक्रममा सहभागी भई निर्धारित पदावधिको लागि संचालक समिति र लेखा सुपरिवेक्षण समितिको निर्वाचन गर्ने ।

ख. संचालक समिति तथा लेखा सुपरिवेक्षण समितिको प्रतिवेदन उपर छलफल गरी निर्देशन दिने ।

ग) वार्षिक लेखा परीक्षण प्रतिवेदन अनुमोदन गर्ने,

घ) सहकारी ऐन नियम विपरित नहुने गरी विनियम संशोधनको प्रस्ताव उपर छलफल गरि निर्णय गर्ने ।

ङ ) मिनाहा सम्वन्धी प्रस्ताव उपर छलफल र निर्णय गर्ने ।

च) संचालक समितिले पेश गरेको वार्षिक कार्यक्रम तथा बजेट उपर छलफल गरी स्वीकृत गर्ने,

छ) प्रगति प्रतिवेदन,वार्षिक लेखा परीक्षण प्रतिवेदन,स्थिति विवरण पत्र र आर्थिक विवरणहरु समीक्षा गर्ने र पारित गर्ने ।

ज) सदस्य निष्काशन सम्वन्धमा समितिले गरेको निर्णय उपर पुनरावेदन सुन्ने र निर्णय गर्ने ।

झ) वार्षिक हिसाव जांच गराउन लेखा परीक्षकको नियुक्ति र लेखापरीक्षकको पारिश्रमिक तोक्ने,

ञ) नियमित बचत, आवधिक बचत, ऋणको किसिम र सोमा निर्धारण गरिने व्याजको प्रतिशत सम्वन्धमा छलफल गरी अनुमोदन गर्ने ।

ट) विनियम बमोजिम बचत कोष तथा सदस्यले कारोवारमा गरेको योगदानका आधारमा संरक्षित पूँजी फिर्ता कोषबाट थप लाभांश वितरण गर्न स्वीकृति दिने ।

ठ) संस्थाले लिन दिन सक्ने अधिकतम ऋण वा धरौटीको सीमा तोक्ने ।

ड) एक तह माथिको सहकारी संघको सदस्यता लिन निर्देशन दिने तथा केन्द्रीय वा जिल्ला संघको प्रतिनिधित्व गर्न प्रतिनिधि तोक्ने ।

ढ) संस्थाको आर्थिक प्रशासन विनियम, कर्मचारी प्रशासन विनियम तथा वचत तथा ऋण नीति अन्य आन्तरिक कार्यविधीहरु पारित वा अनुमोदन गर्ने तथा परिमार्जनन गर्ने ।

ण) साधारण सभाको अध्यक्षले पेश गर्ने अन्य कुनै प्रस्ताव उपर विचार गर्ने,

त) रजिष्ट्रार वा निजबाट अधिकार प्राप्त अधिकारीले वा सम्वन्धित कार्यालयका कर्मचारीले संस्थामा गरेको निरीक्षणका आधारमा दिएका प्रतिवेदन उपर छलफल गर्ने र संचालकहरुलाई उपयुक्त निर्देशन दिने ।

थ) अध्यक्षको राजिनामा स्विकृती गर्ने,

द) संचालक समितिलाई आवश्यक मार्गदर्शन गर्ने ।

ध) संस्था विभाजन,एकीकरण तथा विघटन सम्बन्धी निर्णय गर्ने ।

न) संस्थाको विवादित विषयमा आवश्यक निर्णय लिने ।

प) संस्था संचालनका लागि आवश्यक पर्ने कर्मचारीहरुको दरवन्दी स्वीकृत गर्ने वा थपघट गर्ने

२) साधारण सभाको निर्णयहरु प्रमाणित गर्न संचालक समितिका एक जना संचालक र सञ्चालक समिति भन्दा कम्तिमा १ जना बढी हुने गरि शेयर सदस्यहरु सभाले छनौट गर्नेछ । निर्णय पुस्तिका सुरक्षित राख्नुपर्ने दायित्व मुख्य अधिकृत वा अध्यक्ष स्वयंले जिम्मा लिने व्यवस्था मिलाईनेछ ।

३) संस्था विघटन,एकीकरण तथा विभाजन गर्नुपर्ने भएमा सहकारी ऐन,नियम बमोजिम प्रकृया पुरयाई गरिनेछ ।

**११. संचालकको पदमा बहाल रहन नसक्ने अवस्था:**

**देहायका अवस्थामा समितिको संचालक पद रिक्त भएको मानिनेछ:**

क) अध्यक्ष बाहेक अन्य पदाधिकारीले अध्यक्ष समक्ष दिएको राजिनामा स्वीकृत गरेमा र अध्यक्षको हकमा साधारण सभाले निजको राजिनामा स्वीकृत गरेमा ।

ख) मृत्यु भएमा,

ग) समितिबाट स्वीकृति नलिई संस्थाको कार्यप्रकृति सँग मेल खाने निजि व्यापार संचालन गरेको प्रमाणित हुन आएमा ।

घ) विनियमको दफा १२,१३ र १४ बमोजिम सदस्यता हुने योग्यता नरहेमा

ङ) समितिको कुनै सदस्य सोही संस्थाको कर्मचारी भई काम गरेमा ।

च) विना सूचना लगातार ३ महिना सम्म वैठकमा अनुपस्थित भएमा ।

छ) १ वर्ष भन्दा बढी अवधिका लागि निरन्तर बस्ने गरी विदेश गएमा ।

ज) चन्द्रागिरि नगरपालिका भित्रकै समान प्रकृतिको अन्य सहकारी संस्थाको सदस्य वा संचालक वा कुनै समिति उपसमितिको पदाधिकारी भएको प्रमाणित हुन आएमा ।

झ. पदावधि समाप्त भएमा ।

ञ) साधारण सभाको निर्णय अनुसार पदबाट हटाएमा वा समिति विघटन गरिएमा । तर उपरोक्त (ग) वा (ज) बमोजिम संचालकको बारेमा निर्णय लिनु अघि निजलाई सफाईको मौका वा उपरोक्त बमोजिमका जिम्मेवारी छाडने मनासिव माफिकको समय सीमा प्रदान गर्नु पर्नेछ ।

ट) संस्थाको प्रतिनिधित्व गरी विषयगत संघ, सहकारी बैंक बाहेक अर्को सहकारी संस्थाको सञ्चालक समिति वा लेखा सुपरीवेक्षण समितिको कुनै पदमा निर्वाचित भएमा,

ठ) आर्थिक हिनामिना गरी सहकारी संस्थालाई हानी नोक्शानी पुऱ्याएमा,

ड) अनाधिकृत तबरले संस्थाको कारोबार सम्बन्धी गोपनियता भङ्ग गरेमा,

ढ) शारीरिक वा मानसिक रुपमा काम गर्न नसक्ने भएमा,

**१२. संचालक समितिको काम, कर्तव्य र अधिकार**

सदस्यहरुको हितलाई ध्यानमा राखी संचालक समितिले देहाय बमोजिमका कार्यहरु गर्नेछ :

क) संस्थाको समग्र व्यवस्थापन गर्ने ।

ख) निर्धारित मापदण्डका आधारमा सदस्यता प्रदान गर्ने वा खारेज गर्ने ।

ग) संस्थाको स्वीकृत विनियम एवं बचत र ऋण परिचालन नीतिको अधीनमा रही बैंक वा वित्तीय संस्था वा सहकारी बैंक वा आफू सदस्य रहेको सहकारीका संघबाट ऋण लिने वा अन्य सहकारी संस्थालाई ऋण दिने ।

घ) बचत र ऋण परिचालनका लागि बचत तथा ऋण नीति, दैनिक संचालनका लागि मानव संशाधन व्यवस्थापन नीति, आर्थिक पारदर्शिताको लागि आर्थिक प्रशासनिक नीति, सबै कार्यालयहरु संचालनका लागि संगठन तथा संचालन नीति एवं संस्थाका कृयाकलापहरुलाई पारदर्शी व्यवस्थित र जवाफदेही बनाउनका लागि आवश्यक पर्ने अन्य सबै संस्थागत नीति तथा कार्यविधीहरु साधारण सभाबाट पारित गराई लागू गर्ने ।

ङ) कारोवारका हरहिसाब अध्यावधिक गरी गराई सोको विवरण पारित गर्ने ।

च) सल्लाहकारको मनोनयन गर्ने वा हटाउने वा परिवर्तन गर्ने तथा विनियममा भएको व्यवस्था अनुसारका र आवश्यकता अनुसार विभिन्न उप-समितिहरुको गठन,पुर्नगठन र विघटन गर्ने ।

छ) संस्थाको स्वीकृत दरबन्दीमा योग्यताका आधारमा मुख्य अधिकृत लगायत अन्य कर्मचारी छनौट गरी नियुक्ति गर्ने र कर्मचारीहरुको तलब भत्ता एवं सुविधा निर्धारण गर्ने ।

ज) संस्था संचालन सम्बन्धमा आवश्यक सम्पूर्ण कानूनी कार्यहरु गर्ने र आवश्यकता अनुसार परामर्श सेवा लिने सम्बन्धी निर्णय गर्ने ।

झ) संस्थाको कार्यक्रम र वार्षिक बजेट साधारण सभामा स्वीकृतिको लागि पेश गर्ने ।

ञ) संचालक समिति र लेखा सुपरिवेक्षण समितिका रिक्त पद पूर्ति वा संचालकहरुको पदावधि सकिनु अगावै नयाँ समिति निर्वाचनको कार्य निष्पक्ष र स्वतन्त्र ढंगले सम्पन्न गर्न तोकिए बमोजिम निर्वाचन समिति गठन गर्ने ।

ट) विनियममा व्यवस्था भएका प्राबधानका आधारमा प्रक्रियागत ढंगले सभा बोलाउने र सभाको उचित व्यवस्थापन गर्ने ।

ठ) साधारणसभाले निर्देश गरेका वा स्वीकृत गरेका कामहरु गर्ने ।

ड) साधारण सभाको निर्णयका आधारमा समयमै निर्धारित प्रक्रिया पुरा गरी गराई लेखा परीक्षकको नियुक्ति गरी संस्थाको हरहिसाव लेखा परीक्षण गराउने ।

ढ) साधारणसभाको बैठकमा पेश गरिने प्रतिवेदनहरु,बजेट तथा कार्यक्रमहरु,नीतिका मस्यौदा, महत्वपूर्ण निर्णय अनुमोदनका लागि तयारी गर्ने

ण) संचालक समितिका सदस्यहरुको जिम्मेवारी एवं कामको बाँडफांड गर्ने ।

त) संचालक समितिको एक सदस्यको संयोजकत्वमा ३ सदस्यीय ऋण लगानी उप समिति गठन गर्ने, अन्य सदस्यहरु शेयर सदस्यहरु मध्यबाट सकेसम्म विषय वस्तुमा दखल राख्ने व्यक्तिहरु मध्यबाट मनोनयन गर्ने । यसै आधारमा अन्य उपसमितिहरुको समेत निर्माण गर्ने

थ) संस्थाको बचत, लगानी तथा सबै सम्पत्तिको सुरक्षा र संरक्षण गर्ने सामुहिक जिम्मेवार संचालकहरुको हुनेछ । तर स्पष्ट कार्य विभाजन भएकोमा सोही बमोजिम व्यक्तिगत रुपमा बढी जिम्मेवार ठहराई कुनै पदाधिकारीलाई थप कारवाहीप्रक्रिया चलाउन यस व्यवस्थाले बाधा पुग्नेछैन

द) संस्थाको लागि आवश्यक पर्ने कर्मचारीहरुको प्रशासनिक व्यवस्थालाई व्यवस्थित र सुदृढ गर्न कर्मचारी प्रशासन उप विनियम बनाई साधारणसभामा पेश गर्ने र स्वीकृत भए बमोजिम कार्यान्वयनमा ल्याउने।

ध) संस्थाको रणनीतिक व्यवसायिक योजना तथा वार्षिक योजना बनाई साधारण सभाबाट पारित गरी लागु गर्ने,

न) सहकारी ऐन, नियमावली तथा नियामक निकायहरुबाट भएका निर्देशनहरुको कार्यन्वयन गर्ने, गराउने,

१३. संचालकहरुको काम, कर्तव्य र अधिकार :

**१३.१. अध्यक्षको काम,कर्तव्य र अधिकार देहाय बमोजिमको हुनेछ :-**

क. समितिको वैठक तथा साधारण सभाको वैठकको अध्यक्षता गर्ने ।

ख. साधारण सभाद्धारा स्वीकृत वार्षिक कार्यक्रम तथा निर्णय र संचालक समितिका निर्णयहरुको कार्यान्वयन गर्ने गराउने ।

ग. संस्थाको चल, अचल सम्पत्तिको रेखदेख, संरक्षण एवं उचित प्रयोगको व्यवस्था मिलाउने ।

घ. संचालकहरुलाई आ आफनो जिम्मेवारी वहन गर्न गराउन सहयोग र गर्ने साथै आवश्यक निर्देशन दिने ।

ङ. संचालकका कुनै सदस्यले दिएको राजीनामा उचित आधारमा स्वीकृत गर्न वा नगर्न राय साथ समितिमा

निर्णयका लागि पेश गर्ने ।

च. संस्थाको काम कारवाहीको सम्वन्धमा आवश्यकता अनुसार अन्य संघ, संस्था वा निकायमा संस्थाको तर्फवाट प्रतिनिधित्व गर्ने गराउने ।

छ. समितिको वैठक नवसेको अवस्थामा अपर्झट कुनै कार्य गर्न आवश्यक भएको र तत्कालमा उक्त कार्य नभए संस्थालाई हानी नोक्सानी हुने भएमा सो कार्य गरी वा गराई आगामी वैठकमा अनुमोदनको लागि पेश गर्ने ।

ज. साधारण सभा तथा समितिको वैठकमा कुनै विषयमा मतदान भै मत वरावर भएमा निर्णायक मत दिने ।

झ. संस्थाको कुनै काम कारवाहीको सम्वन्धमा आवश्यकता अनुसार जाँचवुझ र निरिक्षण गर्ने गराउने ।

ञ. संस्थालाई नेतृत्व प्रदान गर्ने र यसका लागि सदैव सक्रिय रहने ।

ट. संस्थाको हित तथा उद्देश्य प्राप्तिका लागि आवश्यक पहल गर्ने

ठ. विनियमका व्यवस्थाहरुको पूर्ण पालना गर्न गराउन तदारुकता देखाउने ।

ड. सहकारीका सिद्धान्त र सहकारी ऐन नियम तथा प्रदेश वा संघिय सहकारी विभागको निर्देशन तथा सुझावहरुको पालना गर्ने गराउने साथै यस विनियम बमोजिम दिनु पर्ने सूचना वा प्रतिवेदनहरुको समयमा नै पेश गर्ने ।

ढ. सहकारी विभाग वा सहकारी कार्यालय वा सहकारीका संघहरुबाट गरिने अनुगमन निरिक्षण कार्यमा सहयोग गर्ने एवं निर्देशन र सुझावहरुको पालना गर्ने गराउने,

**१३.२. उपाध्यक्षको काम, कर्तव्य र अधिकार देहाय वमोजिमको हुनेछ :**

क. अध्यक्षको काममा सहयोग पुर्‍याउने,

ख. अध्यक्षले लिखित रुपमा प्रत्यायोजित गरेका वा तोकेका कार्यहरु गर्ने,

ग. अध्यक्षको अनुपस्थितिमा अध्यक्षले गर्ने सम्पूर्ण कार्यहरु गर्ने ।

घ. समितिको बैठकमा अन्य सदस्य सरह भाग लिने र निर्णयमा मत दिने ।

ङ. साधारण सभा वा समितिको निर्णय अनुसार तोकिएको जिम्मेवारी वहन गर्ने ।

**१३.३. सचिवको काम, कर्तव्य र अधिकार देहाय वमोजिमको हुनेछ :-**

क. अध्यक्षको निर्देशानुसार साधारण सभाको अधिवेशन तथा समितिको वैठक वोलाउने,

ख. साधारण सभा तथा समितिद्धारा पारित निर्णयहरु कार्यान्वयन गर्ने,गराउने ।

ग. साधारण सभा अधिवेशन र समितिको वैठकको कार्यसूची तयार गर्ने, सूचना निकाल्ने ।

घ. साधारण सभावाट निर्णय गर्नुपर्ने कुनै निर्णयहरु भए पुनः छलफल एवं निर्णयार्थ पेश गर्ने

ङ. साधारण सभा र संचालक समितिवाट भएको निर्णयहरु कार्यान्वयन गर्ने गराउने,

च. कर्मचारी प्रशासन सम्वन्धि सम्पूर्ण कार्य गर्ने, गराउने ।

छ. संस्थाको दैनिक प्रशासनिक कार्यमा स्वयम संलग्न रही प्रवन्ध, निरीक्षण र निर्देशन दिने ।

ज. साधारण सभा तथा संचालक समितिको बैठकको निर्णयहरु तोकिएको अवधीमा तयार गर्ने वा गर्न लगाउने,

झ. साधारण सभाको निर्णय प्रतिलिपी तोकिएको अवधीमा नियामक निकायमा पेश गर्ने वा गर्न लगाउने,

ञ. साधारण सभा वा संचालक समितिको बैठक पुस्तिकाहरुको सुरक्षा गर्ने वा गर्न लगाउने,

ट. नियामक निकायमा पठाउनु पर्ने प्रतिवेदनहरु तोकिएको समयमा पठाए नपठाएको एकिन गर्ने,

ठ. अध्यक्षले तोकेको अन्य काम गर्ने गराउने ।

**१३.४. कोषाध्यक्षको काम, कर्तव्य र अधिकार देहाय वमोजिमको हुनेछ :**

क. संस्थाको आर्थिक कारोवार सम्वन्धि जिम्मा लिने ।

ख. संस्थाको उद्देश्य प्राप्तिका लागि उपयुक्त लेखा पुस्तिका नियमानुसार दुरुस्त राख्ने राख्न लगाउने,

ग. साधारण सभा तथा समितिले मागेका वखत संस्थाको दैनिक कारोवारसंग सम्वन्धित विवरण उपलव्ध गराउने ।

घ साधारण सभामा संस्थाको आर्थिक प्रतिवेदन तथा बजेट पेश गर्ने ।

ङ. संस्थाको आर्थिक प्रशासन नीति बमोजिमको प्रकृया पूरा भए नभएको एकिन गरी खर्चहरुको स्वीकृती प्रदान गर्ने,

च. आर्थिक पारदर्शिता कायम गर्ने, गर्न लगाउने,

छ. संचालक समितिमा मासिक रुपमा वित्तीय प्रतिवेदन पेश गर्ने वा गर्न लगाउने,

ज. नगदको परिचालन तथा व्यवस्थापनको अवस्थाको छड्के परीक्षण गर्ने,

झ. सदस्य सेवा केन्द्रहरुको कारोबारको अवस्था तथा लेखाको बेलाबेलामा परीक्षण गरी सुधार गर्न लगाउने,

ञ. समय समयमा नगद तथा बैंक मौज्दातको परीक्षण गर्ने,

**१३.५. संचालक सदस्यहरुको काम, कर्तव्य र अधिकार देहाए बमोजिम हुनेछ:**

क. सञ्चालक समितिको वैठकमा नियमित रुपमा सहभागी हुने ।

ख. संस्थाको हित र विकास कार्यमा आवश्यक सहयोग पुऱ्याउने ।

ग. निर्णय अनुसार विभिन्न उप-समितिहरुमा रही तोकिएको जिम्मेवारी वहन गर्ने ।

घ. समितिको बैठकबाट गरिने निर्णयहरु संस्थाको हितका लागि हुनु पर्ने विषयमा सजग रहने

ङ. सहकारीका सर्वमान्य सिद्धान्तहरु, सहकारी ऐन नियम, संस्थाको स्वीकृत विनियम र अन्य नीतिहरुको वर्खिलाप हुने गरी संस्था संचालन हुन नदिने ।

च. संस्थासंग आवद्ध सम्पूर्ण सदस्यहरुको प्रतिनिधीको रुपमा सदस्यहरुको हित प्रबर्द्धन हुने काम गर्ने गराउने ।

छ. संचालक समितिले निर्धारण गरेको जिम्मेवारी अनुसारका कार्यहरु गर्ने,

ज. समितिले तोके अनुसार संस्थाको प्रतिनिधित्व गर्ने,

**१४. लेखा सुपरिवेक्षण समितिको गठन** :

क) नियमित रूपमा संस्थाको आन्तरिक लेखापरीक्षणका साथै आर्थिक कार्यविधिहरूको पालनाबाट संस्थामा वित्तीय सुशासन कायम गराउन विनियम बमोजिम साधारण सभाद्वारा निर्वाचनको प्रकृयाबाट तोकिएका योग्यता पुगेका १ जना संयोजक र २ जना सदस्यहरू भएको ३ जनाको लेखा सुपरिवेक्षण समिति गठन हुनेछ ।

ख) संचालक समितिका अन्य पदाधिकारीको लागि उम्मेदवार हुन आवश्यक पर्ने योग्यता भएका शेयर सदस्यहरु लेखा सुपरिवेक्षण समितिको पदमा निर्वाचित हुन उम्मेदवार बन्न पाउने छन । तर संचालक समितिका कुनै पदाधिकारी लेखा सुपरिवेक्षण समितिमा उम्मेदवार हुन पाउने छैन । एउटै परिवारका एकभन्दा बढी वयक्ति एकै अवधिमा संस्थाको संचालक वा लेखा सुपरिवेक्षण समितिको संयोजक वा सदस्य पदमा उम्मेदवार बन्न र निर्वाचित हुन सक्ने छैन । माथी (क) बमोजिम लेखा सुपरिवेक्षण समिति गठन गर्दा साधारण सभाका सम्पूर्ण सदस्यहरू मध्येबाट निर्वाचन गरिनेछ ।

ग) लेखा सुपरिवेक्षण समितिका संयोजक वा सदस्यहरूको पदावधि तथा रिक्त पद पूर्ति व्यवस्था सञ्चालक सरह हुनेछ ।

घ) संस्थालाई तिर्नु बुझाउनु पर्ने बेरुजु वा भाखा नाघेको ऋण र अन्य कुनै किसिमको बक्यौता भएको व्यक्तिले लेखा सुपरीवेक्षण समितिको कुनै पनि पदमा उम्मेदवारी दिन सक्नेछैन

ङ) लेखा समितिमा निर्वाचन हुन कम्तीमा प्रविणता प्रमाण पत्र तह वा सो सरह उर्तीण भई संस्था आफैंले वा अन्य विषयगत संघहरु वा नियामक निकायबाट संचालन भएको सहकारी लेखापालना सम्बन्धी तालिम लिएको हुनु पर्नेछ तर यो व्यवस्था प्रारम्भिक साधारण सभाबाट निर्वाचित हुने लेखा सुपरीवेक्षण समितिका संयोजक र सदस्यहरुमा लागु हुनेछैन ।

च) लेखा सुपरीवेक्षण समितिमा उम्मेदवार बन्नका लागि कम्तीमा सदस्य बनेको ३ वर्ष पूरा भएको हुनु पर्नेछ ।

**१४.१. लेखा सुपरिवेक्षण समितिको वैठक :**

लेखा सुपरिवेक्षण समितिको कम्तीमा वर्षको चार पटक बस्नेछ । बैठक बोलाउने अधिकार संयोजकलाई हुनेछ ।

**१४.२. लेखा सुपरिवेक्षण समितिको काम, कर्तव्य र अधिकार :**

लेखा सुपरिवेक्षण समितिको काम ,कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ ।

१. प्रत्येक चौमासिकमा सहकारी संस्थाको आन्तरिक लेखापरीक्षण गर्ने गराउने र समितिलाई सुझाव दिने।

२. आन्तरिक लेखापरीक्षण गर्दा लेखापरीक्षणका आधारभूत सिद्वान्तको पालना गर्ने गराउने ।

३. वित्तीय तथा आर्थिक बारोवारको निरीक्षण तथा मूल्याङ्कन गर्ने गराउने ।

४. समितिको काम कारवाहीको नियमित सुपरिवेक्षण गर्ने र समितिलाई आवश्यक सुझाव दिने ।

५. साधारण सभाको निर्देशन,निर्णय तथा समितिका निर्णय कार्यान्वयन भए नभएको अनुगमन गर्ने ।

६) समिति र उपसमितिहरुले गरेका काम कारवाही र खर्च संस्थाको विनियम, सहकारी सिद्धान्त र नियम सम्मत छ छैन जाँच गर्ने ।

७) संस्थाको कुनै काम कारवाहीबाट यसका सदस्यहरुलाई हानि नोक्सानी पुग्ने अवस्था भएमा वा लेखापरीक्षणको कार्यमा संचालक वा व्यवस्थापनबाट उचित सहयोग प्राप्त नभएमा वा सुधारात्मक कदमहरु संस्थामा तुरुन्त अवलम्वन गर्नु पर्ने अवस्था देखिएमा वा संस्थाको हितमा प्रतिकूल असर परेमा वा संस्थाको नगद वा जिन्सी सम्पतिको व्यापक रुपम हिनामिना वा अनियमितता भएको वा संस्था गम्भीर आर्थिक सङ्कटमा पर्न लागेकोमा सोको कारण खुलाई विशेष साधारणसभा बोलाउन समिति समक्ष अनुरोध गर्ने ।

८) लेखा परीक्षण सम्बन्धी प्रतिवेदन र समितिको काम कारवाहीको सुपरिवेक्षण सम्वन्धि वार्षिक प्रतिवेदन साधारण सभा समक्ष अनिवार्य रुपमा पेश गर्ने ।

९) लेखा सुपरिवेक्षण समितिले साधारणसभामा पेश गर्ने प्रतिवेदनमा देहायका विवरण समेटिएको हुनेछ :

क) समितिको बैठक बसेको संख्या,

ख) गत वर्ष दिइएको सुझाव कार्यान्वयनको अवस्था,

ग) अघिल्लो आर्थिक वर्ष र प्रतिवेदन पेश गरिने आर्थिक वर्षको तुलनात्मक आर्थिक विवरण,

घ) प्रतिवेदन गरिने आर्थिक वर्षको मुख्य मुख्य आर्थिक उपलब्धि एवं कारोवारका कमजोर पक्षहरु,

ङ) सहकारी सिद्धान्तहरु, सहकारी ऐन नियमहरु एवं संस्थाको विनियमका व्यवस्थाहरुको पालनाको अवस्था,

च) संस्थाको स्वीकृत बचत तथा ऋण नीति एवं अन्य नीतिहरुको पालनाको अवस्था,

छ) कर्मचारी व्यवस्थापनका सवल पक्षहरु र दुर्वल पक्षहरु,

ज) संचालक समितिको कार्य प्रणाली र त्यसमा सुधार गर्नु पर्ने पक्षहरु,

झ) गत वर्ष सम्पन्न लेखापरीक्षणको गुणस्तर र सुधारका सुझावहरु,

ञ) सम्बन्धित सहकारी कार्यालय वा आफ्नो संस्था आबद्ध रहेको संघले संस्थाको कारोवारको जाँच वा अनुगमन गर्दा देखिएका कैफियत, संचालकहरुलाई दिइएको मुख्य मुख्य सुझावको विवरण तथा पालनाको अवस्था,

ट) संस्था संचालनमा व्यवस्थापन पक्षको समग्र मूल्यांकनःप्रभावकारिता, दक्षता, क्रियाशीलता, कर्मचारीको मनोवलको अवस्था, व्यावसायिकता आदि पक्ष,

**१४.३. लेखा सुपरिवेक्षण समितिका पदाधिकारीहरुको पदावधि :**

लेखा सुपरिवेक्षण समितिको पदावधि संचालक समितिको पदावधि सरह हुनेछ। नयाँ समितिको गठन नहुञ्जेल सम्मका लागि पुरानै समितिले कामकाज चलाउनेछ। निजहरु पुन निवाचित हुन सक्नेछन।

**१४.४. समिति वा लेखा सुपरिवेक्षण समितिको सदस्यमा बहाल रहन नसक्ने अवस्था : देहायका अवस्थामा सञ्चालक समिति वा लेखा सुपरिवेक्षण समितिको पदमा बहाल रहन नसक्ने अवस्था मानिनेछ :-**

क) अध्यक्ष/लेखा सुपरिवेक्षण समिति संयोजक बाहेक अन्य पदाधिकारीले अध्यक्ष समक्ष दिएको राजिनामा स्वीकृत भएमा र अध्यक्षको हकमा साधारण सभाले निजको राजिनामा स्वीकृत गरेमा।
ख) मृत्यु भएमा,
ग) संस्थाको कार्यप्रकृति सँग मेल खाने निजि व्यापार संचालन गरेमा,
घ) विनियमको दफा बमोजिम सदस्यता समाप्त भएमा,
ङ) समितिको कुनै सदस्य सोही संस्थाको कर्मचारी भई काम गरेमा,
च) विना सूचना लगातार ३ पटक सम्म वैठकमा अनुपस्थित भएमा,
छ) अर्को सहकारी संस्थाको संचालक समितिमा निर्वाचित भएमा,
ज) संस्थामा अन्य कुनै सहकारी संस्थाको कर्मचारी भई कार्य गरेमा,
झ) संस्थाको प्रतिनिधित्व गरी विषयगत संघ, सहकारी बैंक बाहेक अर्को सहकारी संस्थाको लेखा सुपरीवेक्षण समितिको संयोजक वा सदस्य पदमा निर्वाचित भएमा,
ञ) आर्थिक हिनामिना गरी सहकारी संस्थालाई हानी नोक्शानी पुऱ्याएमा,
ट) अनाधिकृत तबरले संस्थाको कारोबार सम्बन्धी गोपनियता भङ्ग गरेमा,
ठ) शारीरिक वा मानसिक रुपमा काम गर्न नसक्ने भएमा,

**१५. अन्य उप-समितिहरुको गठन :**

संचालक समितिले आफुले गर्ने कृयाकलापहरुलाई सहज रुपमा संचालन गर्न वा संस्थाको उद्देश्य अनुसारका कार्यहरुलाई प्रभावकारी रुपमा संचालन गर्न आवश्यकता अनुसार अन्य उपसमितिहरुको गठन गर्न सक्नेछ। समितिले त्यसरी उपसमिति गठन गर्दा त्यस्तो उप-समितिले गर्नुपर्ने काम,कार्य सम्पन्न गर्नुपर्ने अवधि तथा निजहरुको शर्त तथा सुविधाहरु तोकिदिनेछ।

१. उप समितिमा समितिले तोकेको समितिको एक जना संचालक संयोजक र अन्य दुई जना सदस्यहरु समितिले मनोनयन गर्नेछ।
२. संस्थाको ऋणी सदस्यले भाखा नाघेको ऋण चुक्ता नगरे सम्म उप-समितिमा मनोनयन गरिने छैन।
३. माथी १ वमोजिम गठीत उप-समितिको पदावधी समितिले तोके बमोजिम हुनेछ।
४. उप-समितिका संयोजक तथा सदस्यहरु पुन मनोनित हुन सक्नेछन। उपसमितिको क्रियाशिलता, क्षमता तथा जिम्मेवारी बहन गरेको अवस्थाका आधारमा संचालक समितिले जुनसुकै बेलामा पनि उप-समितिको पुर्न गठन गर्न सक्नेछ।
५. उपसमितिको वैठक आवस्यकता अनुसार जुन सुकै बेला बस्न सक्नेछ संयोजकले उप समिति वैठक बोलाउनेछ।

**१६. संस्था सञ्चालनका आधार नीति, निर्देशिका तथा कार्यविधिहरु**

१. विनियम २०६६

२. निर्वाचन कार्यविधि-२०६९
३. संगठन तथा सामान्य कार्यविधि-२०७६
४. सुशासन कार्यविधि-२०७६
५. मानव संसाधन व्यवस्थापन कार्यविधि-२०७६
६. आर्थिक प्रशासन कार्यविधि-२०७६
७. ऋण कार्यविधि-२०७६
८. वचत कार्यविधि-२०७६
९. आचार संहिता २०७६
१०. सम्पति सुद्धिकरण निवारण निर्देशिका २०७६
११. सदस्यता कार्यविधि-२०७६
१२. आन्तरिक लेखा परिक्षण कार्यविधि २०७६
१३. तालिम कार्यविधि २०७६
१४. सञ्चालक समिति तथा व्यवस्थापन कार्यविधि-२०७६
१५. सुचना प्रविधि कार्यविधि-२०७७
१६. सदस्य राहतकोष कार्यविधि २०७७
१७. नगद परिचालन कार्यविधि-२०७९

**१७. संस्थाका सेवा तथा सुविधा**

**वचत सेवा**

वचत परिचालन संस्थाले सदस्यहरु मार्फत प्रति महिना मासिक (अनिवार्य )वचत बापत न्युनतम रु २०० का अलावा ऐच्छिक र आवधिक वचत गरि १६ किसिमका वचत खाताहरु प्रतिस्पर्धी तथा आकर्षक ब्याजदरमा सञ्चालन गरि रहेको छ ।

| क्र.सं. | बचत सेवा | लक्षित वर्ग | उदेश्य | न्यूतम रकम |
|---|---|---|---|---|
| १ | नियमित वचत | सम्पूर्ण सदस्यहरु | बचत गर्ने बानीको बिकाश र समृद्व भविष्य | रु २००। |
| २ | साधारण वचत | सम्पूर्ण सदस्यहरु | कारोवार सहजता | रु १००। |
| ३ | दैनिक वचत | दैनिक आम्दानी हुने सदस्य | दैनिक बचत र कारोवार सहजता | रु १०००। |
| ४ | बाल वचत | बाल बचतकर्ता | बचत गर्ने बानीको बिकाश र समृद्व भविष्य | रु १०००। |
| ५ | नारी वचत | महिला सदस्य | बचत गर्ने बानीको बिकाश | रु ५००। |
| ६ | कर्मचारी वचत | कर्मचारी सदस्य | बचत गर्ने बानीको बिकाश | रु ५००। |
| ७ | सुनिश्चित भविष्य बाल वचत | बाल बचतकर्ता | बचत गर्ने बानीको बिकाश र समृद्व भविष्य | रु १०००। |
| ८ | जेष्ठ सदस्य वचत | ६० वर्ष माथीका जेष्ठ सदस्यहरु | उच्च प्रतिफल र सहज जिवनयापन | रु ५००। |
| ९ | शिक्षा वचत | विद्यार्थी तथा अभिभावक सदस्य | अध्ययनको लागि योगदान | रु ५००। |
| १० | बीमा वचत | वीमा गर्न इच्छुक सदस्य | वीमा प्रिमियम तिर्न सहजता | रु ५००। |
| ११ | विप्रेषण वचत | वैदेशिक रोजगारमा रहेका सदस्यहरु | बचत विस्तार र समृद्व भविष्य | रु ५००। |
| १३ | अक्षय कोष वचत | सामाजिक संघ संस्था | कार्यक्रम खर्च जुटाउन सहजता | रु २००००। |
| १४ | हितकोष वचत | संस्थाका कर्मचारी | समृद्व भविष्य | |
| १५ | विशेष वचत | सम्पूर्ण सदस्यहरु | संस्थाको आवश्यकता र सदस्यहरुको चाहना परिपूर्ती | |
| १६ | आवधिक वचत | सम्पूर्ण सदस्यहरु | उच्च प्रतिफल र समृद्व भविष्य | रु ५००००। |
| १७ | युगवाणी विशेष आवधिक वचत | मासिक व्याज आवश्यक पर्ने सदस्यहरु | उच्च प्रतिफल र जिवनयापन सहजता | रु २,०००००। |

## १८. ऋण सेवा

१८.१: संस्थाले सदस्यहरुको आय स्तर वृद्धि तथा आवश्यकता पुरा गर्ने उदेश्यले उत्पादनमुलक तथा अनुत्पादक गरि १६ किसिमका शिर्षकमा ऋण लगानी गरि रहेको छ ।

| क.स | ऋण शिर्षक | उद्देश्य | ऋण अवधि अधिकतम |
|---|---|---|---|
| १ | औद्योगिक ऋण | उद्योग खरिद तथा सञ्चालन | २४ महिना |
| २ | व्यापार | व्यापार व्यावसाय सञ्चालन | २४ महिना |
| ३ | हायर पर्चेज ऋण | व्यवसायिक सवारी साधन खरिद र मर्मत सम्भार | ६० महिना |
| ४ | कारोवार ऋण | कारोवार प्रयोजनको लागि | १२ महिना |
| ५ | कृषि ऋण | खेतीपाती, पशुपंक्षी पालन | १२ महिना |
| ६ | शिक्षा ऋण | सदस्य वा सदस्यका सन्ततीको उच्च शिक्षा तथा प्राविधिक शिक्षा | ६० महिना |
| ७ | वैदेशिक रोजगार ऋण | श्रम स्विकृतीको आधारमा रोजगारीको लागि विदेश जाने सदस्य वा सदस्यका परिवारलाई | २४ महिना |
| ८ | अल्पकालिन ऋण | छोटो समयमा आय आर्जन गर्ने | ४ महिना |
| ९ | घर ऋण | घर खरिद, निर्माण,तलाथप तथा मर्मत | ६० महिना |
| १० | जग्गा तथा घडेरी खरिद ऋण | व्यक्तिगत आवास तथा उत्पादन प्रयोजनको लागि जग्गा तथा घडेरी खरिद | ६० महिना |
| ११ | निजि सवारी साधन खरिद ऋण | व्यक्तिगत सवारी साधन (कार, जिप, मोटर साइकल) खरिद | ३६ महिना |
| १२ | सुविधा ऋण | आवश्यक कामको लागि शेयर खरिद योगदानको आधारमा | १२ महिना |
| १३ | नियमित वचत ऋण | आवश्यक कामको लागि नियमित बचत योगदानको आधारमा | १२ महिना |
| १४ | सामाजिक ऋण | घरायसी व्यवहार र सामाजिक कार्यको लागि | २४ महिना |
| १५ | आपतकालिन ऋण | सदस्य तथा सदस्यहरुको एकाघरको परिवार बिरामी, दैवी प्रकोप, दुर्घटना भई औषधी उपचार गर्नु पर्ने भएमा वा मृत्यु संस्कार प्रयोजनको लागि | २४ महिना |
| १६ | आवधिक वचत ऋण | अत्याश्यक अवस्थामा आवधिक वचतको रुपमा जम्मा गरेको रकमको जमानतमा | बचत अवधि सम्म |

व्यवस्थापन शुल्क ० देखि १ प्रतिशत सम्म
ऋणको किस्ता र अवधी निर्धारण आपसी सहमतिमा निर्धारण गरिनेछ ।

### १८.२ ऋण आवेदन साथ संलग्न हुनु पर्ने कागजातहरु

क. ऋण माग फारम
ख. शेयर प्रमाण पत्रको प्रतिलिपि
ग. नागरिकता प्रमाणपत्रको प्रतिलिपि
घ. हालसालै खिचेको पासपोर्ट साइजको फोटो
ङ. जमानत दिनेको फोटो र नागरिकता प्रमाणपत्र प्रतिलिपि
च. पारिवारिक मञ्जुरीनामा
छ. जग्गा धनी प्रमाण पुर्जा (लालपुर्जा)को प्रतिलिपि

ज. जग्गाको प्रमाणित नक्शा
झ. जग्गाको स्थानीय तहबाट गरेको चारकिल्ला सिफारिस
ञ. तिरो तिरेको रसिद
ट. सम्पति मुल्याङ्कन प्रतिवेदन
ठ. व्यावसाय दर्ता,नविकरण,करचुक्ता प्रमाणपत्र प्रतिलिपि
ड. ऋण भूक्तानीको लागि आयश्रोत खुल्ने कागजात
ढ. सवारी धनी प्रमाणपत्र प्रतिलिपि,कोटेशन,वीमा,जाँचपास,बाटो इजाजत पत्र ण.संस्थाले आवश्यक ठानेका अन्य कागजातहरु

**१८.३ ऋण लगानीका आधारभुत मापदण्डहरु**

क. संस्थाको नियमित सदस्य भएको हुनुपर्ने ।
ख. कम्तिमा ३ महिना देखि नियमित बचत गरेको हुनुपर्ने ।
ग. संस्थाबाट यस अघि कुनै ऋण लिइको भए नियमित साँवा ब्याज चुक्ता गरेको हुनुपर्ने ।
घ. पछिल्लो ६ महिनामा कुनै पनि ऋणको भाखा ननघाई भुक्तानी गरेको हुनुपर्ने
ङ. अन्य सदस्यको धन जमानी बसेको भए सो ऋण भाखा ननाघेको हुनुपर्ने ।
च. ऋणीले पेश गर्ने व्यावसायिक योजना निरन्तर वृद्घि उन्मुख हुनुपर्ने
छ.. प्रस्तावित परियोजना सञ्चालनको लागि कुल लागतको कम्तिमा २० प्रतिशत स्वलगानीको आधार खुलेको हुनुपर्ने ।

**१८.४ ऋण लगानीका आधारभुत प्राथमिकताहरु**

क. लामो समयदेखि निरन्तर रुपमा नियमित बचत गर्ने सदस्यबाट प्राप्त आवेदन ।
ख. नियमित रुपमा ऋण भुक्तानी गर्ने सदस्य ।
ग. बचत धितोका आधारमा माग भएको ऋण ।
घ. प्रयाप्त अचल सम्पती धितो प्राप्त हुने ऋण ।
ङ. साना तथा घरेलु उद्योग सञ्चालनका लागि आवेदन गरिएको ऋण ।
च. उत्पादनमूलक क्षेत्रमा लगानी गर्न माग गरिएको ऋणहरु ।
छ. साना आकारका ऋणहरु
ज. छोटो अवधीमा भुक्तानी हुने ऋणहरु
झ. संस्थाको कुनै पनि विधामा उत्कृष्टता प्राप्त गरेको सदस्यबाट माग भएको ऋण ।
ञ. संस्थामा गरेको योगदान,तिर्न सक्ने सामर्थ्य,इमान्दारिता,परियोजनाको प्रकृति,सञ्चालन गर्ने शीप दक्षता, आर्थिक अनुशासनका आधारमा उपयुक्त ऋण
ट. परियोजनाको प्रतिफल दर उच्च भएको ऋण ।

**१८.५ ऋण लगानीलाई व्यवस्थित तथा ऋण सेवालाई छिटो छरितो बनाउन देहाय बमोजिम स्वीकृतीको क्षेत्राधिकार तोकिएको छ ।**

क. सुविधा,नियमित बचत, आवधिक बचत र रु १,०००००। सम्म–ऋण अधिकृत
ख. रु १०,०००००। सम्म –व्यवस्थापन प्रमूख
ग. रु २०,०००००। सम्म –ऋण उप समितिको सिफारिसमा समिति पदाधिकारी
घ. रु ४०,०००००।सम्म –ऋण उप समितिको सिफारिसमा समिति अध्यक्ष
ङ रु ४०,०००००।भन्दा माथी–ऋण उप समितिको सिफारिसमा पदाधिकारी वैठक

**१८.६ ऋण स्वीकृत नहुने अवस्थाहरुः**

क. नियमित मासिक बचत नियमित छैन भने

ख. अघिल्लो ऋणमा हर्जाना तिरेको छ भने

ग. ऋण तिर्नको लागि बारम्वार ताकेता गरिएको छ भने

घ. सट्टाबाजी वा अन्यत्र तिर्न ऋण माग गरिएको छ भने

ङ. अन्य धेरै संस्थाबाट ऋण निकालेको छ भने

च. अन्य सदस्यको ऋणमा जमानी बसेको ऋण भाखा नाघेको छ भने

**१९. सदस्य राहत कोष :**

क. संस्थाका सदस्य तथा सदस्यका परिवारलाई पर्न सक्ने सामाजिक तथा स्वास्थ सम्वन्धी समस्याबाट केही आर्थिक राहत होश भन्ने अभिप्रायले सदस्य राहत कार्यक्रमहरु सञ्चालन गरिएको छ । जसमा देहाय बमोजिम सुविधा व्यवस्था गरिएको छ ।

| क.स | राहत कार्यक्रम | लक्षित | आयोजक | रकम |
|---|---|---|---|---|
| १ | काजकिरिया अनुदान | सदस्य तथा परिवार | निवेदन, मृत्यु दर्ता प्रमाणपत्र, नाता प्रमाणित | रु १५०००। |
| २ | मातृशिशु अनुदान | महिला सदस्य | अस्पताल भर्ना कार्ड, जन्म प्रमाणपत्र | रु १००००। |
| ३ | एम्वुलेन्स सेवा | सदस्य | सक्कल बिल | रु १०००। |
| | शव वाहन सेवा (उपत्यका भित्र मात्र) | सदस्य तथा परिवार | सक्कल बिल | बिल रकम अनुसार |
| ४ | दुघर्टना क्षती सहयोग | सदस्य | प्रहरी प्रतिवेदन, स्थानीय निकाय सिफारिस | रु २,०००००। |
| ५ | आपतकालिन सापटी | सदस्य | बिरामी, दैवी प्रकोप, दुर्घटना भई औषधी उपचार गर्नु पर्ने भएमा वा मृत्यु संस्कार प्रयोजनको लागि | रु २००००। |
| ६ | औषधी उपचार सहयोग (शल्यक्रिया मात्र) | सदस्य | सक्कल बिल | रु १००००। |
| ७ | घातक रोग तथा अंगभंग राहत | सदस्य | अवस्था पुष्टि हुने प्रमाण | रु १००००। |

**उपरोक्त राहत रकम प्राप्त गर्न अनिवार्य रुपमा देहायका शर्तहरु पालना गरेको  गरेको हुनु पर्दछ ।**

- सदस्य भएको १ वर्ष पुरा भएको
- सदस्य राहत कोषमा योगदान गरेको
- नियमित बचत गरेको
- एम्बुलेन्स सेवाको लागि ३० दिन भित्र र अन्य सेवाको लागि ९० दिन भित्र आवश्यक कागजात सहित निवेदन पेश गरेको

**२०. युगवाणी मोवाइल बैंकिङ सेवा :**

विश्वव्यापी तिव्रतर रुपमा अघि बढीरहेको प्रविधिमा आधारित डिजिटल सेवाहरु संग सदस्य तथा कर्मचारीहरुलाई अभ्यस्त गराई वित्तीय सेवाहरुलाई छिटोछरितो, सरल र भरपर्दो माध्यमबाट नगद रहित कारोबारलाई प्रोहोत्साहन गर्न युगवाणी मोवाइल बैकिङ सेवा प्रयोगमा ल्याइएको छ । अहिलेको महामारीमा यो सेवा अझ बढी आवश्यक र प्रभावकारी भएको देखिन्छ ।

**मोबाईल बैंकिङ्गका विशेषताहरु:**

१. खाता तथा ब्यालेन्सको जानकारी
२. खाताको मिनि तथा पुरा स्टेटमेन्ट
३. चेकबुक अनुरोध तथा भुक्तानी
४. मोवाइल टपअप (रिचार्ज)
५. विजुली, इन्टरनेट, टी.भी खानेपानी आदिको विल भुक्तानी
६. एयर टिकेटिङ तथा बुकिङ
७. इन्स्योरेन्स भुक्तानी
८. वालेट लोड सेवा **(e-sewa ,Khalti,IME Pay,Prabhu Pay.......)**
९. क्यू आर **QR** भुक्तानी
१०. सहकारीको एक खाताबाट अर्को खातामा रकम ट्रान्सफर
११. सहकारीबाट बैंकमा रकम ट्रान्सफर
१२. बैंकबाट सहकारीमा रकम ट्रान्सफर
१३. **Connect IPS**

**२१. अन्य सेवा तथा कार्यक्रमहरु :**

विप्रेसन सेवा,सदस्य शिक्षा तथा तालिम कार्यक्रम सेवा,जेष्ठ सदस्य सम्मान सेवा,बाल बचत कर्ता सम्मान, सदस्य जीवन बिमा, उत्कृष्ट कारोबारी सदस्य सम्मान,

**२२. १४ औं वार्षिक साधारण सभा :**

संस्थाको १४औं वार्षिक साधारण सभा मिति २०८० कार्तिक १८ शनिवार ग्रिनल्याण्ड वैंकेट, चन्द्रागिरी-७,महादेवस्थानमा नेपाल बचत तथा ऋण केन्द्रीय सहकारी संघ (नेफस्कुन) का निवर्तमान अध्यक्ष एवं राष्ट्रिय सहकारी महासंघका सञ्चालक श्री डी.बी.बस्नेत ज्यूको प्रमुख आतिथ्यता, नेपाल बचत तथा ऋण केन्द्रीय सहकारी संघ (नेफस्कुन) का कोषाध्यक्ष श्री दीपक पनेरु ज्यूको विशिष्ट आतिथ्यता एवं अन्य अतिथि ज्यूहरुको आतिथ्यतामा र सदस्यहरुको उत्साहप्रद उपस्थितिमा ९ वटा कार्यसुचीहरु माथी छलफल तथा निर्णयहरु पारित गरियो । सोही समारोहमा उत्कृष्ठ नियमित बचत गर्ने २ जना सदस्य तथा उत्कृष्ठ कर्मचारी सम्मानबाट २ जना कर्मचारीहरुलाई नगद तथा सम्मान पत्रबाट सम्मानीत गरिएको थियो । उपस्थित सदस्यहरुलाई खाजा तथा पारवहन खर्च उपलब्ध गराएर उल्लासमय वातावरणमा १४ औं वार्षिक साधारण सभा कार्यक्रम सम्पन्न भएको थियो ।

**२३. अवलोकन भ्रमण :**

संस्थाको वार्षिक नीति तथा कार्यक्रम बमोजिम सदस्यता क्रम संख्या, उत्कृष्ट शेयर खरिदकर्ता, उत्कृष्ट नियमित बचतकर्ता, उत्कृष्ट बचतकर्ता, उत्कृष्ट ऋण कारोवारी, उत्कृष्ट संरक्षित पूँजीफिर्ता कोष रकम प्राप्तकर्ता सदस्यहरु तथा संस्थाका कर्मचारी एवं पदाधिकारीहरु समेत ३९ जनाको अनुशासित तथा उत्साहप्रद सहभागितामा कास्कीको पुरुन्चौर अवस्थित २०७९/०८०मा प्रोवेसन ब्राण्ड प्राप्त उत्कृष्ट सहकारी जनसेवा साकोसको अध्ययन अवलोकन भ्रमण सम्पन्न गरियो । सोही क्रममा पर्यटकीय

नगरि पोखराका केही पर्यटकीय स्थल पनि अवलोकन गर्ने कार्य सम्पन्न भएको थियो ।

## २४. राष्ट्रिय सहकारी दिवस :

मिति २०८० चैत्र २० गते मंगलबार ६७औं राष्ट्रिय सहकारी दिवस “सहकारीमा सुशासन: प्रविधि र एकिकरण” भन्ने नारालाई आत्मसाथ गर्दै सहकारी कार्यालयबाट ब्यानर र सहकारी सम्वन्धी प्ले कार्ड सहितको प्रभातफेरी कार्यक्रममा संस्थाका सदस्य,पदाधिकारी तथा कर्मचारीहरुको उपस्थिति रहेको थियो । चन्द्रागिरि न.पा बलम्बुमा आयोजना भएको सभालाई नगर प्रमूख ,जन प्रतिनिधि लगायत सहकारी अभियन्ताहरुले सहकारी क्षेत्रमा देखिएका अबसर र चुनौतीबारे प्रकाश पार्नु भएको थियो ।

## २५. सहभागिता

| क.सं. | मिति | सहभागीको नाम | तालिम तथा गोष्ठी | आयोजन तथा स्थान |
|---|---|---|---|---|
| १ | ०८०।०४।१३ | हरि प्रसाद आचार्य | नक्कली नोट पहिचान तालिम | राष्ट्रिय सहकारी बैक, |
| २ | ०८०।०४।३२ | श्रीभगत महर्जन र किशोर सिलवाल | नेफस्कन स्थापना दिवस समारोह | नेफस्कुन/कार्की वैङ्क्वेट, बबर महल |
| ३ | ०८०।०५।०६ | सन्ध्या ढकाल | go–AML | |
| ४ | ०८०।०६।०६ | श्रीभगत महर्जन, करन थापा र सुनिता बस्नेत | PALM Workshop | टल्कु साकोस,दक्षिणकाली |
| ५ | ०८०।६।६-८ | रेश्मा महर्जन | ऋण व्यवस्थापन तालिम | प्रोस्कुन/बानेश्वर |
| ६ | ०८०।९।७-८ | मोहन बहादुर बलामी | नेफस्कुन साधारणसभा | नेफस्कुन ,कमलादी |
| ७ | ०८०।१०।११ | करण थापा र किशोर सिलवाल | काठमाण्डौं साकोस समिट | ह्यात रिजेन्सी, |
| ८ | ०८०।१०।१५ | रामराजा सिलवाल,किशोर सिलवाल र रेश्मा महर्जन | PALM Workshop | पिपल्स साकोस,बनेपा चन्द्रागिरि न.पा. |
| ९ | ०८०।१०।१५ | सुनिता बस्नेत | अन्तरक्रिया कार्यक्रम | |
| १० | ०८०।१०।२६ | रेश्मा महर्जन | प्रभावकारी ऋण असुली तालिम | कास्कुन, थानकोट |
| ११ | ०८०।११।१६-१७ | मोहन बहादुर बलामी र श्रीभगत महर्जन | प्रथम प्रदेश साकोस समिट | प्रोस्कुन, भक्तपुर |
| १२ | ०८०।१२।२-३ | मोहन बहादुर बलामी, पार्वती के.सी, कृष्णभगत बस्नेत र सुनिता बस्नेत | PEARLS तालिम | नेफस्कुन, बानेश्वर |
| १३ | ०८१।०१।१५ | श्रीभगत महर्जन,किशोर सिलवाल र सन्ध्या ढकाल | PALM Workshop | गोंगबुसिद्धि साकोस, सामाखुसी |
| १४ | २०८१।२।१४-१५ | किशोर सिलवाल | व्यवस्थापक क्षमता विकास तालिम | राष्ट्रिय सहकारी बैक, बलम्बु |
| १५ | ०८१।०३।२० | श्रीभगत महर्जन र हरिहर सुवेदी | अभिमुखीकरण तालिम | |
| १६ | ०८०।१२।२१-२४ | सन्ध्या ढकाल | Excel Traning | नेफस्कुन, On Line |

## २६. सामाजिक उत्तरदायित्व :

संस्थाले आफनो सामाजिक उत्तरदायित्व अन्तर्गत यस अवधीमा देहाए बमोजिमका सामाजिक कार्यक्रममा सहभागिता जनाएको छ ।

| क.सं. | कार्यक्रम | आयोजक | रकम |
|---|---|---|---|
| १ | रक्तदान कार्यक्रम | फ्रेन्डस सोसियल युनिटी | ४०००। |
| २ | सी.सी टी.भी. जडान | त्रिवेणी धाम | ५०००। |

२७. सदस्य राहत कोष :संस्थाबाट आ.व. २०८०/०८१ मा सदस्य राहत कोष कार्यविधि बमोजिम राहत रकम प्राप्त गर्नेको विवरण देहाय बमोजिम रहेकोछ ।

| क्र.स | स.न. | नाम थर | वापत | रकम |
|---|---|---|---|---|
| १ | २२९१ | बिना थापा | मातृशिशु अनुदान | ५०००। |
| २ | १७१९ | जानकी बस्नेत घातक रोग | अनुदान | ७५००। |
| ३ | १७१९ | जानकी बस्नेत एम्वुलेन्स | अनुदान | ७५०। |
| ४ | १७१९ | जानकी बस्नेत एम्वुलेन्स | अनुदान | ७५०। |
| ५ | १४४४ | धन कुमारी सार्की | घातक रोग अनुदान | ७५००। |
| ६ | ३१ | रामराजा सिलवाल | शल्यक्रिया अनुदान | १००००। |
| ७ | ९८६ | शान्ता के.सी | एम्वुलेन्स अनुदान | ७५०। |
| ८ | २१३२ | अम्विका मल्ल | शल्यक्रिया अनुदान | ५०००। |
| ९ | २१५० | शुभाना खडका | एम्वुलेन्स अनुदान | ३००। |
| १० | १६४ | सिमा कार्की गडतौला | काजकिरिया अनुदान | १००००। |
| ११ | २०२२ | सिर्जना सिलवाल | मातृशिशु अनुदान | ५०००। |
| १२ | १८६१ | यमुना महत खडका | शल्यक्रिया अनुदान | ७५००। |
| १३ | २३४ | रजश खडका | काजकिरिया अनुदान | २५०००। |
| १४ | ७१ | विष्णु श्रेष्ठ | काजकिरिया अनुदान | १००००। |
| १५ | ६७ | प्रदिप सिग्देल | शल्यक्रिया अनुदान | १००००। |
| १६ | १५५१ | देवीमाया गौतम | काजकिरिया अनुदान | ७५००। |
| १७ | १५६८ | माधवी लम्साल | घातक रोग अनुदान | ७५००। |
| १८ | १२८ | बाबुकृष्ण शर्मा पौडेल | काजकिरिया अनुदान | १००००। |
| १९ | २१०१ | अमृता सापकोटा | मातृशिशु अनुदान | ५०००। |
| २० | १९३७ | तुल ब.भण्डारी | काजकिरिया अनुदान | २५०००। |
| २१ | १९३७ | तुल ब.भण्डारी | शव बाहन अनुदान | १६५०। |
| २२ | ४७ | दिल ब. लामा | काजकिरिया अनुदान | २५०००। |
| २३ | २०३६ | बद्री बिक्रम राउत | शल्यक्रिया अनुदान | ५०००। |
| २४ | ०४ | लक्ष्मी देवी मानन्धर | काजकिरिया अनुदान | १००००। |
| २५ | १६३२ | सञ्जु कुँवर | मातृशिशु अनुदान | ७५००। |
| २६ | ८४५ | शर्मिला विडारी | काजकिरिया अनुदान | १५०००। |
| २७ | १९७० | आगत के.सी | शव बाहन अनुदान | १६५०। |
| २८ | १६९२ | चन्द्रावती के.सी | शल्यक्रिया अनुदान | ७५०० |
| २९ | १७३७ | राजन दानी | शल्यक्रिया अनुदान | ७५०० |
| ३० | ११०५ | सम्झना पाण्डे | काजकिरिया अनुदान | ७५० |
| ३१ | ५८२ | नारायण प्र. आचार्य | शल्यक्रिया अनुदान | १०००० |
| ३२ | १८४५ | भवानी कार्की | शल्यक्रिया अनुदान | ७५०० |
| ३३ | ६१५ | टुना देवी भट्टराई | घातक रोग अनुदान | १०००० |
| ३४ | २०३७ | विष्णु बहादुर महर्जन | शल्यक्रिया अनुदान | ५००० |

| | | | | |
|---|---|---|---|---|
| ३५ | १५३ | विन्दु थापा | शल्यक्रिया अनुदान | १०००० |
| ३६ | १९१४ | गंगा खडका | शल्यक्रिया अनुदान | ७५०० |
| ३७ | २०४ | वालकृष्ण खडका | काजकिरिया अनुदान | १५००० |
| ३८ | २०४ | वालकृष्ण खडका | शव बाहन अनुदान | ३००० |
| ३९ | २१७५ | रितु के.सी | मातृशिशु अनुदान | ५००० |
| ४० | ५६६ | उर्मिला देवी श्रेष्ठ | एम्वुलेन्स  अनुदान | १००० |
| ४१ | १५२२ | रमा खकुराल | शल्यक्रिया अनुदान | ७५०० |
| ४२ | २११८ | लक्ष्मी राउत | शल्यक्रिया अनुदान | ५००० |
| | | | जम्मा | ३४०६०० |

## २८. स्थापनाकाल देखि हाल सम्मको कारोवार समीक्षा

| आ.व | शेयर | वचत | ऋण | कुल सम्पति |
|---|---|---|---|---|
| ०६६/०६७ | ४९,९२७०० | ९३,४०३१९ | १२४,४५०९८ | १५२,४८१९५ |
| ०६७/०६८ | ९९,४४२०० | १३६,१५६२१ | २३२,७५९४८ | २६२,२२७३५ |
| ०६८/०६९ | १०१,२७७०० | १९५,२४६९६ | २८५,५२३६७ | ३४०,३८५३३ |
| ०६९/०७० | १०१,८३४०० | २४३,९२८५५ | ३६४,८५७९१ | ४०७,१४४३९ |
| ०७०/०७१ | १०५,४५६०० | ३३६,२७०६५ | ४४७,७०१६२ | ५२५,६१४६८ |
| ०७१/०७२ | १०८,३१४०० | ४६२,५९७८० | ६०६,३३५२४ | ६९१,७०४५५ |
| ०७२/०७३ | ११०,३१६०० | ८२७,७३७०० | ८७९,४३५९५ | १०७८,६२६०३ |
| ०७३/०७४ | १२५,४९४०० | ११७९,७४४४२ | १२९८,७७३४६ | १५०६,६८३१८ |
| ०७४/०७५ | १३९,७७८०० | १८५१,६९९६० | १७६८,२४२०९ | २२५४,५१६४० |
| ०७५/०७६ | १५०,७१५०० | २१७८,५३२१६ | २१२१,१४९५० | २६४६,४३०८३ |
| ०७६/०७७ | १७४,२५००० | २७९६,६७९१६ | २२८३,७४६५४ | ३३५५,६००४३ |
| ०७७/०७८ | १८९,२६५०० | ३३३५४५४८४ | २५७८५८५७२ | ४३०६६४९८३ |
| ०७८/०७९ | १९५,७४००० | ३४२३,२०८३२ | ३३०९,६८३८० | ४१४५,०७९६३ |
| ०७९/०८० | २२८,७९३०० | ३०७२,०७२७२ | ३००७,०३०९० | ३८५२,२७६९२ |
| ०८०/०८१ | २४५,९७७०० | ३२३९,३५९३६ | ३०२९,६२८२० | ४२४६,८६४९६ |

## २९.२०८१ भाद्र ३० गते सम्मको शेयर विवरण

शेयर पुँजी  रु.२४७,९७१०० ।-

| शेयर कित्ता | सदस्य संख्या | शेयर रकम |
|---|---|---|
| १००० भन्दा माथी | २९ | ५७,३२४००। |
| २५० देखि ९९९ | १६६ | ७२,१९१००। |
| १०० देखि २४९ | ३४८ | ५०,६१६००। |
| ५० देखि ९९ | ९४७ | ६२,३८३००। |
| १० देखि ४९ | ३८५ | ५,०७०००। |
| १० कित्ता भन्दा कम | ३८१ | ३८७००। |
| **जम्मा** | **२२५६** | **२४७,९७१००।** |

# १५ औं वार्षिक साधारण सभा
## २०८१ आश्विन १९ गते, शनिबार
## सञ्चालक समितिको तर्फबाट
## अध्यक्ष श्री मोहन बहादुर बलामीद्वारा प्रस्तुत आ.व. २०८०/०८१ को वार्षिक प्रतिवेदन

आदरणीय सञ्चालक समितिका पदाधिकारी तथा सदस्यज्यूहरु,लेखा सुपरिवेक्षण समितिका संयोजक तथा सदस्यज्यूहरु,विभिन्न उपसमितिका संयोजक तथा सदस्यज्यूहरु,संस्थाको गरिमामय साधारण सभामा उपस्थित रहनु भएका शेयर सदस्यज्यहरु र कर्मचारी वर्गमा संस्थाको १५ औं वार्षिक साधारणसभाको अवसरमा हार्दिक शुभकामना एवं सहकारी अभिवादन व्यक्त गर्दछु ।

**आदरणीय सदस्य महानुभावहरु :**

बचत तथा ऋण सहकारीको मर्म,सहकारीको अन्तराष्ट्रिय सिद्धान्त र मूल्यमान्यतालाई आत्मसात गर्दै “सदस्यलाई भरपर्दो वित्तीय टेवा,युगवाणीको सेवा” भन्ने मूल मन्त्रलाई अंगिकार गरि सहकारी अभियानमा उल्लेखनीय सफलता प्राप्त गरि छुट्टै पहिचान कायम राखी १५औं वार्षिक साधारण सभा गर्न पाँउदा हामी ज्यादै खुसी र गौरबान्वित भएका छौं । संस्थागत विकाश र सुदृढीकरणको लागि मन, बचन र कर्मले सहयोग गर्ने सक्षम,योग्य र उच्च नैतिकवान नेतृत्व, मेहेनती,अनुभवी र क्षमतावान व्यवस्थापन एवं सक्रिय,अनुशासित र विश्वासका साथ कारोवार गर्ने सदस्यहरुमा आभार तथा वधाई ज्ञापन गर्न चाहान्छु । ७८ जना सदस्यहरुको सामुहिक प्रयास र जोशजाँगरबाट शुरु भएको संस्था आर्थिक तथा सामाजिक रुपमा सबल भएको अहिलेको अवस्थाले अझ बढी उत्साहित एवं जिम्मेवार बनाउन प्रेरणा मिलेको छ । विश्वव्यापी सिद्धान्तहरु अनुशरण गर्दै श्रोतसाधनको प्रभावकारी प्रयोगबाट सदस्यहरुको आर्थिक, सामाजिक र सास्कृतिक विकासको लागि बचत ,ऋण र अन्य सेवाहरु मार्फत सबल, आत्मनिर्भर र समुन्नत समाजको निर्माण गर्न सकिने विश्वास लिएका छौं । संस्था सञ्चालनमा देखापर्ने चुनौतीहरुलाई शुसासन र पारदर्शिताको माध्यमबाट न्यूनिकरण गरि संस्थागत सफलता हासिल गर्न सकिन्छ भन्ने विषयमा हामी विश्वस्त छौं ।

मानव सभ्यताको विकासक्रम संगै शुरु भएको आर्थिक तथा गैह्र आर्थिक क्रियाकलापका विकसित स्वरुपहरु नै आजको आधुनिक सहकारी हुन । समयको ठुलो अन्राल पछि वि.स. २०१३ सालबाट स्व.बखान सिंह गुरुङ्गको नेतृत्वमा नेपालमा सहकारी अभियान शुरुवात भएको पाइन्छ । सो अभियानलाई सहकारी ऐन २०४८ले प्रर्वधनात्मक कार्य गरेको र सहकारी अभियानको प्रभावकारितामा आएको विचलनलाई व्यवस्थित र मर्यादित बनाउन सहकारी ऐन २०७४ महत्वपूर्ण रहेको पाइन्छ । सहकारीको व्यावसायिक प्रयोग मार्फत समाजको आर्थिक,सामाजिक एवं सास्कृतिक रुपान्तरणमा महत्वपूर्ण भूमिका निर्वाह गर्दै दिगो विकास लक्ष्य प्राप्तीको लागि सहकारीको महत्वपुर्ण भुमिका रहदै आएकोछ । आर्थिक तथा सामाजिक क्षेत्रमा सहकारी क्षेत्रको उपस्थिति,महत्व र प्रभावको मुल्याङकन गर्दै नेपालको संविधान २०७२ले पनि सहकारीलाई अर्थतन्त्रको तीन खम्बा मध्य महत्वत्वपूर्ण खम्बाको रुपमा अंगिकार गरेको देख्न सकिन्छ ।

कोभिड १९ र सो पछिको युक्रेन युद्धले विश्व अर्थतन्त्रमा आएको गिरावटको कारण लगानीका सम्भावनाहरुमा कमी, ऋण भुक्तानीमा समस्या,वित्तीय बजारको असन्तुलनको अवस्था रहेको यहाँहरुलाई विदितै छ । सहकारी सिद्धान्त, मूल्य, मान्यता र आदर्शको परिपालना प्रभावकारी हुन नसक्दा सहकारी क्षेत्रमा अनेक विकृति, चुनौतीपूर्ण

र जोखिम विध्यमान रहेको यहाँहरुलाई विदितै छ । तरलतामा उतार चढाब, ब्याजदरमा अस्वस्थ प्रतिश्पर्धा, तथा सहकारी अभियानमा भएको प्रहारबाट सहकारी क्षेत्रमा जुन अविश्वासको वातावरण सृजना जस्ता विविध प्रतिकुलताका विच प्रतिस्प्रधी प्रतिफल को लागि सक्षम भएकोले सुशासन तथा व्यवसायिक क्षमताले जस्तो सुकै प्रतिकुलता चिर्न सकिनेमा हामी विश्वस्त छौं । सहकारीताको माध्यमबाट समृद्ध समाजको निर्माण हुने भएकोले संख्यात्मक भन्दा गुणात्मक वृद्धिले अघि बढनु पर्छ भन्नेमा हामी प्रष्ट छौं । रणनितिक व्यावसायिक योजनाले निर्दिष्ट गरेका कार्यक्रमहरुको पूर्ण कार्यान्वयन मार्फत सदस्यहरुको वित्तिय तथा सामाजिक पहुँचमा वृद्धि गराई सहकारीको परिकल्पनालाई साकार बनाउने कार्यमा निरन्तरता रहनेछ । पूर्ण व्यावसायिक साकोसको अवधारणा बमोजिम नीति,विधि र प्रविधिको उच्चतम प्रयोगबाट आन्तरीक नियन्त्रण प्रणाली र वित्तीय पारदर्शिता कायम गरि उत्कृष्ट सहकारी बनाउन हाम्रो निरन्तर प्रयास रहिरहने छ । उच्चस्तरको सुशासन र वित्तीय सुरक्षा कायम गरि सदस्यहरुको आर्थिक, सामाजिक र साँस्कृतिक विकास वृद्धि एवं सामाजिक सुरक्षा कायम गर्दै युगवाणी बचत तथा ऋण सहकारी संस्थालाई सुशासित वित्तिय सक्षमतायुक्त गुणस्तरीय उत्कृष्ठ र दिगो सहकारी संस्था बनाई सदस्यहरुको भरोसाको केन्द्रको रुपमा स्थापित गराउने प्रतिवद्धता गर्दछु ।

**आदरणीय सदस्य महानुभावहरु :**

यस सम्मानित सभामा संस्थाको प्रगति समिक्षा,समग्र कारोबार,उपलब्धी तथा चुनौती र भावी कार्ययोजना सहित आ.व. २०८०/०८१ को वासलात,आय/व्यय,नगद प्रवाह विवरण एवं तत् सम्वन्धी अनुसूचिहरु लेखापरीक्षकले पेश गरेको वार्षिक प्रतिवेदन यसै साथ संलग्न गरी पेश गरेका छौं । आ.व ०८०/०८१ मा भएका विभिन्न आर्थिक कारोवार एवं प्रगति बारे यहाँहरु समक्ष संक्षिप्त जानकारी गराउन चाहान्छु ।

**१. सदस्य संख्या :**

संस्था स्थापना गर्दा ७८ जना सदस्यहरुवाट शुरु भएको यस संस्थामा २०८१।०३।३१ सम्मा जम्मा २२३१ जना सदस्य भएको जसमा पुरुष ११६२ जना, महिला १०५० जना र संस्थागत सदस्य १९ भएको जानकारी गराउन चाहान्छु । सदस्य वृद्धि संस्थाको कार्ययोजना रहेकोले आगामी दिनहरुमा पनि स्वेच्छिक तथा खुल्ला सदस्यताको सिद्धान्त अवलम्वन गर्दै सो अनुरुप सदस्यता विस्तार गर्दै जाने जानकारी गराउदै सदस्यता नलिनु भएका संस्थाका सदस्यका परिवार तथा संस्थाको कार्यक्षेत्र भित्र बसोवास गरि संस्थाको सदस्यता नलिनु भएका महानुभावहरुमा समेत सदस्यताको लागि आव्हान गर्न चाहान्छु ।

**२. शेयर पुँजी :**

संस्था स्थापना कालका ७८ जना सदस्यहरुको रु ३२,५०,०००।०० वाट शुरु गरिएको शेयर पुँजी आ.व.०८०।०८१को अन्त सम्ममा जम्मा रु २४५,९७७००। मात्र शेयर पुँजी भएको जानकारी गराउन चाहान्छु । ५० कित्ता भन्दा कम शेयर खरिद गरी कारोबार गरी रहनु भएका सम्पूर्ण सदस्यज्यूहरुमा आवश्यक शेयर थप गरि कम्तिमा ५० कित्ता बनाउन उचित प्रतिफलको प्रतिवद्वता सहित यसै सभाबाट अनुरोध गर्दछु।

**३. बचत :**

बचत सदस्यहरुको सुनिश्चित भविष्यको आधार भएकोले भविष्यमा आफनो आवस्यकताहरु पूर्ति गर्न सजिलो होस भन्ने अभिप्रायले संस्थाले विविध किसिमका बचत योजनाहरु सञ्चालनमा ल्याएको विदितै छ ।

वचतका विविध शिर्षक अन्तर्गत आर्थिक बर्ष २०८०/०८१को अन्त सम्ममा बचत रु ३२३९,३५९३६। रहेको जानकारी गराउन चाहान्छु ।

**४. ऋण लगानी :**

वचत तथा ऋण सहकारी संस्था सञ्चालनको मेरुदण्डको रुपमा ऋण लगानी रहने विदितै छ । सदस्यहरुको व्यावसायिक तथा सामाजिक आवस्यकताहरु पुरा गर्ने अभिप्रायले ऋण लगानीका विविध शिर्षक अन्तर्गत उत्पादनमूलक वा गैरउत्पादनमूलक क्षेत्रमा आ.वको अन्त सम्ममा रु ३०२९,६२८२० मात्र खुद ऋण लगानीको रुपमा रहिरहेको अवगत गर्न चाहान्छु ।

**५. आम्दानी :**

संस्थाले आर्थिक वर्ष २०८०/०८१ मा गरेका आम्दानीमा विभिन्न शिर्षक मध्य ऋणको व्याज आम्दानीवाट रु ४७३,९२९४२।५२,बैंक ब्याज आम्दानीबाट रु १७,३४९०२।२१ , अन्य सञ्चालन तथा गैह सञ्चालन आम्दानीवाट रु ६४,१४३२२।२३ गरी जम्मा रु ५५५,४२१६६।९६ आम्दानी गर्न सफल भएको छ ।

**६. खर्च :**

खर्च तर्फ आर्थिक वर्ष २०८०/०८१ मा खर्चका विविध शिर्षक अनुसार बचतमा व्याज खर्च रु ३१९,४३६९८।७८,बाह्य ऋणमा ब्याज खर्च रु १२,५७७१५।२६ ,कर्मचारी खर्चमा रु ५२,०३१९९।८६ , सञ्चालन तथा व्यवस्थापन खर्चमा रु २७,३७००६।५५, ह्रास कटटी रु १,९२४०५।७२ र ऋण नोक्सानी कोष व्यवस्था थप खर्च रु ११,६१७९७।१३ गरि जम्मा रु ४२४,९५८२३।२९ खर्च भएको जानकारी गराउन चाहान्छु ।

**७. आय व्यय हिसाबः**

संस्थाले आर्थिक वर्ष ०८०/०८१ मा लगानी गरेको ऋणको व्याज आम्दानीवाट रु ४७३,९२९४२।५२, बैंक ब्याज आम्दानीबाट रु १७,३४९०२।२१ , अन्य सञ्चालन तथा गैह सञ्चालन आम्दानीवाट रु ६४,१४३२२।२३ गरी जम्मा रु ५५५,४२१६६।९६ कूल आम्दानी गरेमा सो अवधीमा बचतमा व्याज खर्च रु ३१९,४३६९८।७८ र बाहृय ऋणमा ब्याज खर्च रु १२,५७७१५।२६ यसै गरी कर्मचारी खर्चमा रु ५२,०३१९९।८६, कार्यालय सञ्चालन तथा व्यवस्थापन खर्च रु २७,३७००६।५५, ह्रास कट्टी खर्च रु १,९२४०५।७१ र ऋण नोक्सानी कोष व्यवस्था थप खर्च रु ११,६१७९७।१३ गरी जम्मा रु ४२४,९५८२३।२९ कूल खर्च हुन गई वाँकी रु १३०,४६३४३।६६ सम्पूर्ण कारोबार समावेशपछिको खुद बचत रकम हुन पुगेको छ । सम्पूर्ण कारोबार समावेशपछिको खुद बचत रकमबाट कर्मचारी बोनस कोषमा रु १३,०४६३४।३७ छुट्टयाए पश्चात रु ११७,४१७०९।२९ आयकर व्यवस्था अघिको वचत रकम रहन गएको जसमा आयकर व्यवस्था रु ११,७४४१७०।९३ कट्टा पश्चात रु १०५,६७५३८।३६ खुद बचत रहन गएको सो गत आ.व.को तुलनामा ४४.०७ प्रतिशतले वृद्धि भएको र सो वचत रकमलाई सहकारी ऐन र नियमावली मा व्यवस्था भए बमोजिम विभिन्न कोषहरुमा बाँडफाड गरिएको यहाँहरुलाई जानकारी गराउन चाहान्छु ।

**८. कुल कारोवारः**

संस्थाले आ.व २०८०/०८१ अन्त सम्म कुल कारोवार रु ४२४६,८६४९६।८५ रहेको सो गत आ.व.को तुलनामा १०.२४ प्रतिशतले वृद्धि भएको समेत जानकारी गराउन चाहान्छु ।

**आदरणीय सदस्य महानुभावहरु :**

संस्थाले आ.व २०८०/२०८१ को वार्षिक विश्लेषण सहित सुशासन प्रर्वधन,संस्थागत विकाश, प्रविधिको प्रयोग, जोखिम न्यूनिकरण गर्दै संस्थाको व्यवसायिकता विकाशका क्षेत्र लक्षित चालु आ.व.२०८१/२०८२ मा अबलम्वन गर्ने वार्षिक नीति तथा कार्यक्रम र अनुमानित वजेट एवं विविध कारोवारको अनुमानित आँकलन बारे संक्षिप्त जानकारी गराउन चाहान्छु ।

**१. नियमित सदस्य र सम्पति वृद्धि :**

सहकारी मूल्य मान्यता र अन्तराष्ट्रिय सिद्वान्त तथा ऐन नियमको परिधि भित्र रही खुल्ला सदस्यता र स्वेच्छिक गरि सदस्यता विस्तारलाई निरन्तरता दिई नियमित सदस्य २४५० जना पुर्‍याइनेछ । सदस्यता लिन छुट भएका संस्थाका सदस्यका परिवार लगायत कार्यक्षेत्र भित्र बसोबास गरि सदस्यता नलिएका व्यक्तिहरुलाई प्रोत्साहन गरि सदस्य बनाइनेछ । यसबाट सदस्यता विस्तारको साथै कार्य क्षेत्रमा प्रभाव र कूल सम्पति समेत वृद्धि हुने विश्वास लिन सकिन्छ ।

**२. बचत वृद्धि तथा सेवा विविधिकरण :**

संस्थाको बचत वृद्धि को लागि ब्रोसर निर्माण, बचत सेवा कार्यविधि संशोधन, अनुपात कायम, बचतकर्ता सम्मान जस्ता कार्यक्रम सञ्चालन गरिने छ । जसबाट सेवामा विविधिकरण आई आवश्यकता बमोजिमका सेवा,सुविधा तथा जोखिम न्यूनिकरण समेत हुनेछ ।

**३. सदस्यहरुको नियमित आर्थिक सहभागिता वृद्धि :** शेयर पूँजी वृद्धि,औषत शेयर कायममा प्रोत्साहनका साथै सेवा तथा सुविधा उपभोगमा शेयर मापदण्ड कायम गराई सदस्यहरुको नियमित आर्थिक सहभागिता वृद्धि गर्ने नीति लिइनेछ । शेयर पूँजी वृद्धिको लागि शेयर खाताको प्रयोग, योगदानमा आधारित ऋण तथा बचत सेवा,प्रतिफल रकमलाई शेयरमा परिवर्तन, प्रतिफलको प्रतिवद्वता सहित सदस्यहरुलाई शेयर थप गर्न हौसलाका प्रयासहरु जारी राखिनेछ । जसबाट संस्थागत पूँजी वृद्धि हुने,प्राथमिक पूँजीकोष बढन गई प्रतिव्यक्ति ऋण लगानी क्षमता वृद्धि हुने विश्वास लिन सकिन्छ ।

**४. संस्थागत पूँजी वृद्धि तथा कोष परिचालन :**

संस्थाको संस्थागत पूँजी वृद्धि गरि वित्तीय संरचनालाई मजबुत तथा प्रभावकारी बनाई संस्थागत कोषमा आधारित संस्था बनाइनेछ । जसका जगेडा कोष २५ प्रतिशत +,अन्य कोषलाई जगेडा कोषमा परिणत गरिनेछ । जसबाट संस्थाको वित्तीय संरचना सन्तुलित हुने, थप पुँजी परिचालनको सम्भावना ,वित्तीय सक्षमता र सदस्य सेवामा वृद्धि हुने विश्वास लिन सकिन्छ ।

**५. क्षमतामा आधारित ऋण परिचालन:**

उत्पादनमूलक क्षेत्रलाई प्राथमिकतामा राखी ऋण परिचालनलाई योगदान , सुरक्षा र क्षमतामा आधारित गरिनेछ । आवश्यकताको आधारमा ५सी विश्लेषण,भारगत वर्गीकरण,किस्ता निर्धारण गरि पूँजीकोषको मापदण्डमा कायम गरिनेछ । आन्तरिक श्रोत थप मजबुत भई बाह्य श्रोत समेतको परिचालन मार्फत ऋण लगानी क्षमता वृद्धि हुनेछ । जसबाट संस्थाको ऋण क्षमतामा विस्तार,सदस्यको पहुँचमा वृद्धि साथै ऋण लगानी उत्पादनमूलक र सुरक्षित हुने विश्वास लिन सकिन्छ । .

## ६. भौतिक पूर्वाधार, स्तरीकरण र व्यवस्थापन :

आधुनिक भवन निर्माण, फर्निचर, विद्युतीय उपकरण खरिद, लेखाङ्कन, बरबुझारथ ,बीमा, मर्मत संभार र राफसाफ गरि व्यवस्थापनलाई सुविधा सम्पन्न र स्तरीय गराइनेछ । जसबाट कार्य सम्पादनमा सहजता,सदस्य मैत्री कारोबार,सामाजिक विश्वस्नीयतामा वृद्धि हुने जसबाट सेवा सुविधामा प्रभावकारिता बढन गई संस्थागत स्थायीत्व वृद्धि हुने विश्वास लिन सकिन्छ ।

## ७. सदस्य हेरचाह तथा बजारीकरण :

स्थापना दिवस,सहकारी दिवस,विस्तारित मञ्च, कार्यविधि निर्माणमा सदस्य सहभागिता वृद्धि गरि शुभकामना, समवेदना, राहत कार्यक्रम, सदस्य सम्मान कार्यक्रम आयोजना मार्फत सदस्य हेरचाहलाई निरन्तरता दिइनेछ । सदस्य सम्मान अन्तर्गत उत्कृष्ठ शेयर खरिदकर्ता, उत्कृष्ठ बचत कर्ता, उत्कृष्ठ ऋणी सदस्य ,बाल बचत कर्ता, महिला सदस्य ,जेष्ठ सदस्य सम्मानलाई समेटिनेछ । जसबाट संस्था प्रति आत्मीयता बढन गई सकारात्मक सोचको बिकाश हुने,कारोबारमा वृद्धि हुने विश्वास लिन सकिन्छ ।

## ८. सदस्य लाभ तथा सहभागिताः

शेयरमा गरिएको लगानी आधारमा लाभांश, कारोबारको आधारमा संरक्षित पूँजी फिर्ताकोष,रेमिटयान्स,कमिसन,छुट,बीमा कार्यक्रममा मार्फत सदस्य लाभमा सहभागितालाई निरन्तरता दिइनेछ । प्रतिफलको न्यायोचित वितरणले सदस्यहरुमा हौसला एवं संस्थासंगको आत्मीयता वृद्धि हुने विश्वास लिन सकिन्छ ।

## ९. प्राविधिक प्रणाली विकाश तथा आन्तरिकीकरणः

आधुनिक युगको पर्यायवाची झैं रहेको प्राविधिक प्रणाली विकाश तथा आन्तरिकीकरण मार्फत प्रविधि मैत्री सहकारीको रुपमा विकाश गरिनेछ । मोवाइल बैंकिङ, वेबसाइट तथा सामाजिक सञ्जाल, फ्रि वाइफाइको प्रयोगलाई प्रोहोत्साहन गरिनेछ । जसबाट सदस्यहरु आर्थिक फाइदा पुग्ने, समयको वचत हुने,सदस्यहरु उत्साहित हुने, आकर्षण बढने, सदस्यको सहभागिता तथा कारोवारमा वृद्धि भई सेवामा विशिष्टता आउने देखिन्छ । चुस्त तथा प्रभावकारी सेवा, सेवा ग्रहणमा सहजता, कार्य सम्पादनमा सहजता,सदस्य तथा कारोवारमा वृद्धि, छवी तथा व्यवसायिकता विकास, संस्थाले गर्ने वित्तीय कारोवारलाई प्रविधिसंग जोडी अझ बढी प्रभावकारी बनाउने काममा निरन्तरता प्रदान गरिनेछ ।

## १०. स्तरीय कार्य वातावरणः

५ एस ले निर्धारण गरेको मापदण्ड बमोजिम संस्थामा स्तरीय कार्य वातावरण कायम राखिने छ । जसमा फर्निचर, विद्युतीय उपकरणको अवस्था ,कार्यकक्ष तथा खुल्ला क्षेत्रको अवस्था, सरसफाई, आचार संहिताको पालना विशेष प्राथमिकतामा राखिनेछ । जसबाट व्यवस्थापनमा प्रभावकारिता आई कार्यसम्पादन तथा संस्थागत उत्कृष्टता प्राप्त हुनेछ

## ११. कुसल तथा स्तरीय संचालनः

संस्था सञ्चालनको कानुनी आधार विनियमलाई विद्यमान सहकारी ऐन र नियमावलीको व्यवस्था बमोजिम पूर्नलेखनको साथै कानुनको पालना तथा सदस्यको हितलाई ध्यानमा राखी नयाँ कार्यविधिको विकाश तथा समय

सापेक्ष परिमार्जन मार्फत कुसल तथा स्तरीय संचालन जोड दिइनेछ। जसबाट वैधानिक सुशासन तथा संस्थागत जोखिममा न्युनिकरण आई संस्थाको क्रियाकलाप सञ्चालनमा सहजता,सदस्य मैत्री सेवा सुविधा तथा कार्य सम्पादनमा उत्कृष्टता आइ संस्थाको विश्वसनीयतामा बढोत्तरी हुने देखिन्छ।

**१२. व्यवस्थापन सूचना तथा आन्तरिक प्रणाली:**

वार्षिक प्रतिवेदन,मासिक प्रतिवेदन, सुचनापाटी,सामाजिक सञ्जाल,वेवसाइट,सर्वेक्षण जस्ता सूचनाका माध्यमहरुको यथोचित प्रयोग व्यवस्थापन सूचना तथा आन्तरिक प्रणालीलाई व्यवस्थित गरिनेछ। जसबाट सदस्यहरुको सुसुचित हुने अधिकारका सम्मान साथै कानुनी परिपालना समेत कायम रहने विश्वास लिन सकिन्छ।

**१३. मानव संसाधनको सामुहिक क्षमता वृद्धि :**

मानव संसाधन कार्यविधिको निर्दिष्ट गरेको काम कर्तव्यको आधारमा तालिम, कार्य विवरण, सेवा सुविधा, कार्य सम्पादन, सन्तुष्टी र उच्च मनोवल कायम गरि संस्थामा कार्यरत सवै तहका कर्मचारीहरुको क्षमता एवं कार्यदक्षता अभिवृद्धिको योजनाहरु ल्याइनेछ। सदस्य सेवाको प्रारुपसंगै कार्यसम्पादनलाइ थप व्यवस्थित,चुस्त दुरुस्त गराउने, लक्ष्य सहितको कार्य विवरण उपलब्ध गराएर मासिक समिक्षा गरि व्यवस्थापनलाई प्रभावकारी गराइनेछ। योजना निर्माण कर्मचारीको सहभागितालाई सुनिश्चित गरि हौसला अभिवृद्धि गरिनेछ जसबाट कर्मचारीको उत्साह, लगाव र निरन्तरताबाट कार्यदक्षता वृद्धि भई उत्पादकत्व वृद्धि हुने विश्वास लिन सकिन्छ।

**१४. योजनावद्ध व्यवस्थापन:**

रणनैतिक, व्यावसायिक,वार्षिक योजना र बजेट, बजेटको मासिक खण्डिकरण मार्फत योजनावद्ध व्यवस्थापन कार्यान्वयन गरिनेछ। जसबाट कार्य सहजता, सकारात्मक सोचको विकाश,लक्ष्य केन्द्रीत कार्यसम्पादन र वित्तिय सुशासन अझ बढी मजबुत हुनेछ।

**१५. सहकार्य, समुदाय तथा सञ्जाल संलग्नता:**

साकोस एकरुपता,बीमा कम्पनी, स्वास्थ सम्झौता,स्थानीय निकाय,कार्यक्षेत्र भित्रका विद्यालय,सहकारी संघहरु संगको सहकार्य मार्फत सहकार्य र सञ्जाल संलग्नता बढाइने छ। कला संस्कृतिको जर्गेना, खेलकुद, वातावरण संरक्षण, सरसफाई, सामाजिक स्वास्थ,विकाश निर्माण,जनचेतना मूलक कार्यक्रममा सहकार्य गरि संस्थाको सामाजिक उत्तरदायित्वलाई आत्मसाथ गर्दै सामाजिक विकाशमा निरन्तरता दिइनेछ। जसबाट सहकारीको महत्व उजागर हुने साथै सामाजिक जिम्मेवारी पूरा भई समाजको हेर्ने दृष्टिमा सकारात्मक भावना सृजित भई संस्थाको प्रभाव विस्तार, व्यावसाय विस्तार, व्यवस्थापनमा हौसला र समुदायको संस्था प्रतिको विश्वसनियतामा वृद्धि हुने अनुमान गर्न सकिन्छ ।

**१६. निरन्तर सिकाई तथा निर्णय सक्षमता:**

सहकारीको पाँचौं अन्तराष्ट्रिय सिद्धान्तलाई आत्मसाथ गर्दै शिक्षा तथा तालिम, अर्न्तक्रिया, गोष्ठी तथा सेमिनारहरुमा सहभागिताको माध्यमबाट संस्थाका पदाधिकारी तथा कर्मचारीको निरन्तर सिकाई तथा निर्णय सक्षमतामा वृद्धि गरिनेछ। संस्थाका शेयर सदस्यहरुलाई सहकारीका अवधारणा, सहकारीका मूल्य मान्यता, सिद्वान्त, वित्तीय साक्षरता, आय क्षमतामा विकास तालिमहरुमा सहभागी गराई निरन्तर सिकाइ लाई निरन्तरता

दिइनेछ । तालिम प्रदायक संघ संस्थासंग समन्वय ,संस्थाको विविध गतिविधि तथा सफल कार्यको प्रचार गरि सदस्यहरुको सिकाइलाई सिकाईको अवसर लगायत संस्थागत सूचनाहरु अवगत गराउन सकिन्छ ।

**१७. सहकारी एकिकरण, स्तरीकरणः**

राष्ट्रिय सहकारी दिवसको नारा "सहकारीमा सुशासनः प्रविधि र एकिकरण" को भावना अनुरुप सुशासन कायम गर्दै आवस्यकताको आधारमा सहकारी एकिकरण र सुशासनको उच्चस्तरीय कार्यान्वयनबाट सहकारीको स्तरीकरणलाई आत्मसात गरिनेछ । स्तरीकरणको लागि केन्द्रीय संघ संगको सहकार्यमा जोखिममा आधारित साकोस सुपरिवेक्षण कार्यक्रम(कर्वस)लाई अनुशरण गर्दै पूर्ण तथा व्यावसायिक साकोस विकास कार्यक्रम (प्रोवेसन) को कार्यान्वयनबाट सुशासन कायम भई सहकारीको प्रवर्द्धन समेत हुने अपेक्षा गर्न सकिन्छ ।

**१८. उत्कृष्ट कानुन अनुपालक अभ्यास स्थापना गर्ने :**

कोपोमिस, सम्पति सुद्दिकरण,प्यान,कर दाखिला,सहकारी ऐन नियमावली,विभागको निर्देशन,नियामक निकायको निर्देशन, सामाजिक सुरक्षा कोष तथा अन्य ऐन कानुनको पूर्ण पालना मार्फत सहकारी संस्थालाई उत्कृष्ट कानुन अनुपालकको रुपमा समावेश गराई सोही अनुरुपको अभ्यासमा अभ्यस्थ गराइने छ । जसबाट सुशासन कायम र सामाजिक विश्वासमा अपेक्षाकृत वृद्धि हुनेछ ।

**१९. मर्यादित र प्रोत्साहितः**

निर्वाचन कार्यविधि, भौगोलिक समावेशीकरण,सेवा सुविधा र अवसर तथा स्तरीय आचार संहिता मार्फत संस्था तथा मानव संसाधनलाई मर्यादित र प्रोत्साहित बनाइनेछ । । जसको लागि आन्तरिक तथा वित्तीय शुसासनलाई केन्द्रमा राखी नीति तथा कार्यविधिको निर्माण ,परिमार्जन र कार्यान्वयन गरिनेछ । जसबाट समाजको हेर्ने दृष्टिकोण सकारात्मक हुने र पदाधिकारी, कर्मचारी तथा सहकारी अभियानकै शाखमा वृद्घि हुनेछ ।

**२०. जोखिम सुपरिवेक्षण तथा सुसाशनः**

जोखिम व्यवस्थापन उपसमितिको सक्रियतामा बजेटमा आधारित खर्च,वित्तिय अनुशासन,आचारसंहिताको पालना,प्रतिवेदनहरुको तयारी र सम्प्रेसन ,पर्ल्स मापदण्डको अवस्था विश्लेषण मार्फत सुसाशन कायम र परिक्षण गरिनेछ । जसबाट संस्थागत जोखिमहरु न्यूनीकरणका साथै सुशासन कायम हुने विश्वास लिन सकिन्छ ।

**२१. आन्तरिक लेखा परिक्षण प्रभावकारिताः**

आन्तरिक लेखा परिक्षण कार्यविधिको कार्यान्वयन मार्फत आन्तरिक लेखा परिक्षण प्रभावकारिता बनाइनेछ । लेखा सुपरिवेक्षण समितिलाई तालिम तथा गोष्ठीहरुमा सहभागी लगाएत बाह्य लेखा परिक्षकसंगको सहकार्यमा अझ बढी क्षमतावान, जिम्मेवार र प्रोत्साहित गरिने छ । जसबाट लेखा परिक्षण सम्वन्धी जोखिम कम भई वित्तिय विवरणहरु थप पारदर्शी हुन गई सदस्य तथा नियामक निकायहरुको समेत विश्वश्नीयता बढने देखिन्छ ।

**२२. गुणस्तरीय सेवा तथा सन्तुष्टीः**

सेवामा विविधकरण, नीति, विधि र प्रविधिको प्रयोग, समयको परिपालना, आरामदायी तथा व्यवस्थित कार्यस्थल, आर्थिक सुरक्षा, दक्षता वृद्धि, मानव संसाधनको क्षमता विकाश, आन्तरिक नियन्त्रण प्रणाली,उचित प्रतिफल,कानुन परिपालक,बस्तु तथा सेवाको गुणस्तर कायम गरि गुणस्तरीय सेवा र सदस्य सन्तुष्टीको स्तर वृद्धि गरिनेछ । जसबाट संस्थाले परिकल्पना गरेको शुसासित, वित्तिय सक्षमतायुक्त, गुणस्तरीय,उत्कृष्ठ र दिगो सहकारी संस्था प्राप्त हुने विश्वास लिन सकिन्छ ।

**०८१/०८२ को लागि लक्ष्य तथा अनुमानित बजेट**

**क. सदस्य संख्या र शेयर पूँजीः**

स्वेच्छिक तथा खुल्ला सदस्यताको सिद्धान्त अनुरुप सदस्यता विस्तारमा जोड दिदै यस आ.व को अन्त सम्म सदस्य संख्या २४५० पुरयाउने लक्ष्य राखिएको छ। सदस्यहरुलाई उचित प्रतिफल दिने विश्वासका साथ एक कित्ता शेयरबाट कारोवार गरी रहनु भएका सदस्यहरुलाई शेयर थप गराउनु को साथै अन्य शेयर वृद्धिका योजनाहरु अवलम्वन गरि  शेयर पूँजीलाई रु २७५,००००।०० पुरयाउने लक्ष्य राखिएको छ ।

**ख. वचतः**

वचतका आवश्यक शिर्षकहरु थप गरि चालु आ.वको अन्त सम्ममा वचत रकम रु ३५५५,५००००।०० पुरयाउने लक्ष्य राखिएको छ ।

**ग. ऋण लगानीः**

सहकारी संचालनको मेरुदण्डको रुपमा रहेको ऋण लगानीलाई वचत अनुपात अनुसार सदस्यहरुको आवस्यकता बमोजिम उत्पादनमूलक क्षेत्रलाई प्राथमिकतामा राखी कर्जा लगानी रकम रु ३५७०,५००००।०० पुरयाउने लक्ष्य राखिएको छ ।

**घ. अनुमानित आम्दानीः**

चालु आव.मा ऋणको ब्याजबाट ५२०,०००००।०० ,  विविध आम्दानीबाट रु १०४,८००००।  गरी जम्मा रु ६२४,८००००। आम्दानी हुने अनुमान गरिएको छ ।

**ङ. अनुमानित खचः**

चालू आ.व.मा ब्याज खर्च तर्फ रु ३५०,०००००।००, कर्मचारी खर्चमा रु ६३,६८०००। संचालन  खर्च तर्फ रु ३५,९८००० र गैह्र सञ्चालन खर्च रु १५,५००००।०० गरि जम्मा रु ४६५,१६०००। हुने अनुमान गरिएको छ ।

**च. आय व्ययः**

चालु आ.व. मा विविध शिर्षकमा रु ६२४,८००००। आम्दानी र विविध शिर्षमा हुने अनुमानित खर्च रु ४६५,१६०००।  बाट वचत भएर रु १५९,६४०००। कुल बचत हुने जसमा कर्मचारी बोनस कोष बापत रु १५,९६४००। छुटटाएर बाँकी रहेको रु १४३,६७६००।  आयकर अघिको वचत हुने जसमा आयकर बापत रु १४,३६७६०। कट्टा गरि रु १२९,३०८४०।०० खुद बचत हुने अनुमान गरिएको छ ।

## अनुमानित वित्तीय स्थिति विवरण (वासलात)

| क्र.सं. | पूँजी तथा दायित्व | आ.व. २०८०/०८१ (रू.) | आ.व. २०८१/०८२ (रू.) |
|---|---|---|---|
| १ | शेयर पूँजी | २४५,९७७०० | २७५,०००००। |
| २ | साधारण जगेडा कोष | २२६,२२६३४।९८ | २६०,००००० |
| ३ | अन्य कोषहरु | १२१,६९३६९।२० | १६०,००००० |
| ४ | ऋण नोक्सानी कोष | १०२,६८६१०।६३ | ८५,००००० |
| ५ | ऐच्छिक कोष | ११,२६७४०।१० | १३,०००००। |
| ६ | बचत तथा निक्षेप | ३२३९,३५९३६।६५ | ३५५५,५००००। |
| ७ | बाहृय ऋण तथा सापटी | १७४,८९९२६।३३ | १२६,०००००। |
| ८ | चालु दायित्व | १०७,४६९२९।३४ | ९५,५००००। |
| ९ | कर दायित्व | १७,२८६४९।६२ | |
| | **जम्मा** | **४२४६,८६४९६।८५** | **४५७०,०००००।** |

| क्र.सं. | सम्पति | आ.व. २०८०/०८१ (रू.) | आ.व. २०८१/०८२ लक्ष्य |
|---|---|---|---|
| १ | नगद | १६,०५२९९। | २०,५००००। |
| २ | वैंक मौज्दात | ८१६,२३५६६।३३ | ५३०,०००००। |
| ३ | शेयर लगानी | ७,२००००। | १०,०००००। |
| ४ | ऋण लगानी | ३०२९,६२८२० | ३५७०,५००००। |
| ५ | पेश्की तथा चालु सम्पति | १३४,९५३३३। | ९९,०००००। |
| ६ | स्थिर सम्पति | २४२,७९४७८।५० | ३४०,०००००। |
| | जम्मा | **४२४६,८६४९६।८५** | **४५७०,०००००।** |

**संस्थाको सबै शेयर सदस्यहरूलाई सदस्य पहिचान फारम (KYM) भरी आ-आफ्नो विवरण अधावधिक गराउनु हुन अनुरोध गरिन्छ ।**

# अनुमानित आय व्यय हिसाब

| विवरण | आ.व. २०७९/०८० (रू.) | आ.व. २०८०/०८१ (रू.) |
|---|---|---|
| ब्याज आम्दानी | ४९१,२७८४४।७३ | ५३७,५००००। |
| ब्याज खर्च | ३३२,०१४१४।०४ | ३६५,५००००। |
| खुद ब्याज आम्दानी | १५९,२६४३०।६९ | १७२,०००००। |
| अन्य सञ्चालन आम्दानी | ६०,५२७२२।२३ | ७०,०००००। |
| कुल संचालन आम्दानी | २१९,७९१५२।९२ | २४२,००००० |
| कर्मचारी खर्च | ५२,०३१९९।८६ | ६३,६८००००। |
| संचालन खर्च | २७,३७००६।५५ | ३२,८८०००। |
| ह्रास कट्टी खर्च | १,९२४०५।७२ | ३,१००००। |
| सम्भावित नोक्सानी अघिको सञ्चालन बचत | १३८,४६५४०।७९ | १४२,३४००० |
| सम्भावित नोक्सानी व्यवस्था | ११,६१७९७।१३ | |
| संचालन बचत/(नोक्सान) | १२६,८४७४३।६६ | १४२,३४०००। |
| गैरसञ्चालन आम्दानी | ३,६१६००।०० | २,३००००। |
| सम्भावित नोक्सानी व्यवस्थाबाट फिर्ता | | १५,०००००। |
| नियमित कारोबारबाट भएको बचत/(नोक्सान) | १३०,४६३४३।६६ | १५९,६४०००। |
| असामान्य कारोवारबाट भएको आम्दानी/(खर्च) | | |
| सम्पूर्ण बारोबार समावेशपछिको खुद बचत | १३०,४६३४३।६६ | १५९,६४०००। |
| कर्मचारी बोनस कोष खर्च | १३,०४६३४।३७ | १५,९६४०० |
| कर अघिको वचत/(नोक्सान) | ११७,४१७०९।२९ | १४३,६७६०० |
| आयकर खर्च | ११,७४१७०।९३ | १४,३६७६० |
| यस वर्षको कर व्यवस्था | | |
| विगत वर्ष सम्मको कर व्यवस्था | | |
| यस वर्षको स्थगन कर आम्दानी/खर्च | | |
| खुद नाफा /(नोक्सान) | **१०५,६७५३८।३६** | **१२९,३०८४०** |

सहकारीको दिगोपन, स्वनियम र सुशासन

**छलफल तथा निर्णयार्थ प्रस्तुत प्रस्तावहरुः**

१. आ.व.२०८०/०८१को संचालक समितिको वार्षिक प्रतिवेदन पारित सम्बन्धमा ।

२. आ.व.०८१/०८२ को लागि नीति,कार्यक्रम तथा बजेट पारित सम्वन्धमा ।

३. आ.व ०८०/०८१ को लेखापरीक्षण प्रतिवेदन पारित सम्बन्धमा ।

४. आ.व ०८०/०८१ को लेखा सुपरिवेक्षण समितिको वार्षिक प्रतिवेदन पारित सम्बन्धमा ।

५. आ.व ०८०/०८१ मा समितिबाट भएको सम्पुर्ण निर्णयहरु अनुमोदन सम्वन्धमा ।

६. आ.व ०८१/०८२ को लागि लेखापरीक्षक नियुक्ति तथा पारिश्रमिक तोक्ने सम्वन्धमा ।

७. प्रस्तावित शेयर लाभांश र संरक्षित पूँजी फिर्ता कोष वितरण सम्वन्धमा

८. विनियम पूनलेखन सम्वन्धमा

९. कार्यविधि पारित र संशोधन सम्वन्धमा ।

१०. साधारण सभाको निर्णय पुस्तिका प्रमाणित गर्न प्रतिनिधि चयन सम्वन्धमा ।

अन्तमा हाम्रो निमन्त्रणालाई स्वीकार गरि सभ्य तथा जिम्मेवारीका साथ आफ्नो संस्थाको १५औं वार्षिक साधारण सभामा उपस्थित भई वार्षिक प्रतिवेदन,नीति तथा कार्यकमहरु अध्ययन गरि दिनुभएकोमा उपस्थित सम्पूर्ण सदस्यज्यूहरुमा हार्दिक धन्यवाद ज्ञापन गर्दछु । साथै संस्थालाई निरन्तर रुपमा सहयोग गरि वर्तमान अवस्थासम्म पऱ्याउने सदस्यज्यूहरु, समिति उप-समितिका साथीहरु, कर्मचारी एवं समस्त शुभेच्छुकहरु प्रति आभार व्यक्त गर्दछु। सस्था सञ्चालनमा मार्ग दर्शन गर्ने सहकारी मन्त्रालय, सहकारी विभाग, चन्द्रागिरि न.पा., सहकारीको छाता संगठनहरु नेपाल वचत तथा ऋण केन्द्रीय सहकारी संघ (नेफ्स्कुन),राष्ट्रिय सहकारी बैंक लि, बागमती प्रदेश बचत तथा ऋण सहकारी संघ (प्रोस्कुन), जिल्ला संघ काठमाण्डौं र काठमाण्डौ वचत तथा ऋण सहकारी संघ (कास्कुन),साधारण सभा सम्पन्न गर्न स्थान उपलब्ध गराईदिने ग्रिनल्याण्ड वैंकेट थानकोट साथै हाम्रो निमन्त्रणा लाई स्वीकार गरि यस सभाको शोभा बढाइ दिनुहुने प्रमूख अतिथि ज्यू, विशिष्ट अतिथिज्यूहरु तथा सम्पूर्ण उपस्थित सदस्यज्यूहरु प्रति आभार व्यक्त गर्दछु साथै नजिकिदै गएको शुभ बिजया दशमी, शुभ दिपावली, ने.सं. ११४५ र छठ पर्वको सम्पूर्ण सदस्य तथा शुभचिन्तकहरुमा शुभकामना ब्यक्त गर्दै आगामी दिनहरुमा पनि सदा झैं सहयोग, ऐक्यवद्वता एवं शुभेच्छा प्राप्त भइरहने विश्वास लिएको छु। धन्यवाद । जय सहकारी,जय युगवाणी

मोहन बहादुर बलामी
अध्यक्ष
संचालक समिति

**सहकारीमा सुशासन, प्रविधि र एकिकरण**

# १५ औं वार्षिक साधारण सभा
# २०८१ असोज १९ गते, शनिबार
# दफा ११(४) संग सम्बन्धित
# लेखा सुपरिवेक्षण समितिको बार्षिक प्रतिवेदन

युगवाणी वचत तथा ऋण सहकारी संस्था लि. को १५ औं वार्षिक साधारण सभाका सभाध्यक्ष ज्यू, सञ्चालक समितिका पदाधिकारी तथा सदस्यज्यूहरु, लेखा सुपरिवेक्षण समिति तथा उप समितिका सदस्य साथीहरु, कर्मचारी वर्ग तथा आफनो संस्थाको गरिमामय साधारण सभामा उपस्थित सदस्यज्यूहरुमा हार्दिक स्वागत एवं सहकारी अभिवादन गर्दछु ।

संस्थाको १३ औं वार्षिक साधारण सभाबाट लेखा सुपरिवेक्षण समितिको जिम्मेवारी प्राप्त भए पश्चात यस जिम्मेवारीमा रहेर संस्था स्थापना देखि १५औं वार्षिक साधारण सभा मनाउन पाँउदा हामी ज्यादै खुशी र गौरवान्वित भएका छौं । लेखा सुपरिवेक्षण समितिको संस्थाको आन्तरिक एवं समग्र सुशासन पालनामा मार्गदर्शन गर्ने महत्वपूर्ण निकाय पनि भएकोले आ.व.२०८०/२०८१ मा यस संस्थाको आन्तरिक लेखा परिक्षण मार्फत नीति नियमको परिपालना, ऋण लगानीका मापदण्डहरु, संस्थागत सुशासन, वित्तिय अनुशासन तथा मानव संसाधनको समग्र अध्ययन पश्चात निस्किएको निश्कर्षलाई यस समितिको पटक पटक वैठक बसी गरेका कार्यहरुको संक्षिप्त प्रतिवेदन सहकारी मापदण्ड २०६८ को दफा ११(४) मा व्यवस्था भए बमोजिमको संरचनामा प्रस्तुत गर्न चाहान्छु ।

१. मिति २०८० कार्तिक १८ गते बसेको १४औं वार्षिक साधारण सभाले पारित गरेका ९ वटा निर्णयहरु उत्साहजनक परिवेशबाट पूर्णरुपमा कार्यान्वयन भएको देख्न सकिन्छ ।

२. आ.व २०८०।०८१मा सञ्चालक समितिको १४ पटक,संयूक्त १ पटक, ऋण उप समितिको २४ पटक,शिक्षा उप समितिको १ पटक र अन्य उप समितिको ३ पटक वैठक बसी मौजुदा ऐन, विनियम, कार्यविधिको अधिनमा रही निर्णयहरु गर्ने गरेको तथा अन्य विषयगत उप समितिहरुलाई पनि कार्यविधि तथा कार्ययोजना बमोजिम कार्यान्वयनमा जोड दिइ रहेको पाइयो ।

३. ऋण लगानी प्रक्रियालाई व्यवस्थित गर्न ऋण कार्यविधि २०७६ लाई पूर्ण रुपमा कार्यान्वयनमा ल्याइएको पाइयो । संस्थाको विस्तार संगै बढदै गरेको चुनौतिको मुल्याङकन गरि धितोको आन्तरीक तथा वाह्य मुल्याङकन गरि सुरक्षित तरिकाले ऋण लगानी गरेको देख्न सकिन्छ । संस्थामा गरेको शेयर लगानी,वचत कारोवारको योगदान तथा सामुहिक जमानत दिनेको कारोबार तथा विश्वस्नीयता हेरेर रु ५०००००। सम्म र सो भन्दा माथी सहकारी ऐन नियम, सहकारी विभागबाट जारी मापदण्ड, संस्थाको विनियम, ऋण कार्यविधि २०७६ मा व्यवस्था भए बमोजिम सञ्चालक समिति, अध्यक्ष, ऋण उप समिति र व्यवस्थापन प्रमूखले आफ्नो क्षेत्राधिकार भित्रको ऋण 5C विश्लेषण लगायत आवश्यक प्रक्रिया पुरा गरि सुरक्षित लगानी गरिएको छ ।

४. यस आ.वमा सहकारी विभागबाट सहकारी संस्थाहरुलाई सहकारी ऐन र नियमावलीको अधिनमा रही सञ्चालन हुन र ऋणी सदस्यहरुलाई समेत ऋण चुक्ता गर्न विशेष निर्देशन जारी हुनुलाई सकारात्मक रुपमा लिइका छौं । त्यस्तै संघिय सहकारी विभागको अन्य निर्देशनहरु जस्तै दोहोरो सदस्यता,दोहोरो पद, सदस्य केन्द्रीयता सूचकाङ्क, सन्दर्भ ब्याजदर, COPOMIS मा दर्ता तथा मासिक प्रतिवेदन प्रविष्टि, goAML प्रणालीमा मासिक प्रतिवेदन प्रविष्टि, साधारण सभा सञ्चालन सम्वन्धी मार्गनिर्देशन,सेवा शुल्क सम्वन्धी निर्देशन पूर्ण रुपमा पालना भएको र मापदण्ड पालनामा सञ्चालक समिति तथा व्यवस्थापन विशेष चनाखो रहेको पाइयो ।

५. स्थानीय निकायबाट जारी भएका तरलता व्यवस्थापन,पदाधिकारीले लिएका ऋणहरु,ऋण नोक्सानी कोषको व्यवस्था सम्वन्धी निर्देशन पूर्ण रुपमा कार्यान्वयन भएको साथै सहकारी संघहरु नेफस्कुन,कास्कुन र सहकारी बैंकबाट जारी ऋण नोक्सानी कोषको व्यवस्था, तरलता व्यवस्थापन, प्रविधिको प्रयोग सामाजिक जनचेतना, मन्दीको समयमा लगानी सचेत भई लगानी गर्ने जस्ता मार्गनिर्देशन तथा सुझावहरु समेत चनाखो भई कार्यान्वयन गरेको पाइयो ।

६. पदाधिकारीहरुको पारिश्रमिक ,भत्ता तथा अन्य सुविधाहरुको विवरण:

६.१ पारिश्रमिक :संस्थामा समिति उप समितिका पदाधिकारीहरुले पारिश्रमिक लिएको पाइएन ।

६.२ भत्ता: संस्थाका पदाधिकारीहरुले समिति बैठक तथा उप समिति बैठकमा उपस्थित भए बापत बैठक भत्ता लिएको र यसरी वितरण गरिएको भत्तामा नियमानुसार कर कट्टा गरिएको छ ।

६.३ अन्य सुविधा : संस्थाका पदाधिकारीहरुले अन्य थप सुविधा लिएको पाइएन ।

७. कर्मचारी प्रशासन सम्वन्धी व्यवस्था :

७.१ साधारण सभाबाट पारित मानव संशाधन व्यवस्थापन कार्यविधि २०७६ भएको पाइयो ।

७.२ मानव संशाधन व्यवस्थापन कार्यविधि अद्यावधिक गर्दै पूर्ण रुपमा प्रयोगमा ल्याइएको पाइयो । वार्षिक रुपमा कर्मचारीहरुको कार्यसम्पादन मुल्याङ्कन गर्ने परिपाटीलाई प्रयोगमा ल्याउने गरिएको छ ।

७.३ कर्मचारी भर्ना प्रकृया मौजुदा मानव संशाधन व्यवस्थापन कार्यविधि २०७६ बमोजिम उप समिति गठनको व्यवस्था गरि पारदर्शी र प्रतिस्पर्धी रुपमा गर्ने गरेको पाइयो ।

७.४ कार्यरत कर्मचारीहरु र कार्यवोझ बीच तादम्यता रहेको तथा मानव संशाधन व्यवस्थापन कार्यविधिको अधिनमा रही विभाग हेरफेर,कर्मचारी भर्ना तथा सेवा सुविधा निर्धारणको लागि नीतिगत रुपमा नै उप समिति गठनको व्यवस्था गरिएकोछ । कर्मचारी संख्या, जम्मा सदस्य, सञ्चालित खाता संख्या, ऋण रकम, कूल सम्पतिको अनुपातलाई विश्लेषण गरि कर्मचारी र कार्यवोझको तादम्यता मिलाइएको छ ।

७.५ मानव संशाधन व्यवस्थापन कार्यविधिमा व्यवस्था भए बमोजिम व्यवस्थापन प्रमुखको योग्यता रहेको तथा कार्यक्षमता सन्तोषजनक रहेको पाइयो ।

७.६ कर्मचारीको भर्ना प्रक्रिया र संख्या : मानव संशाधन व्यवस्थापन कार्यविधिको अधिनमा रही संस्थाको आवस्यकता तथा संस्थाको वित्तिय क्षमता अनुरुप पारदर्शी एवं प्रकृयागत रुपमा कर्मचारी भर्ना गरेको पाइयो ।

७.६.१ कार्यगत : ३ जना कर्मचारी कार्यगत सेवामा नियुक्त गरेको पाइयो ।

७.६.२ समयगत :१ जना कर्मचारीलाई समयगत सेवामा नियुक्त गरिएको पाइयो

७.६.३ नियमित : ७ जना कर्मचारीलाई नियमित सेवामा नियुक्त गरिएको पाइयो ।

८. लेखा सुपरिवेक्षण समितिले यस अघि दिइएका प्रतिवेदन बमोजिमका सुझावहरु सहजताका साथ पूर्ण रुपमा कार्यान्वयन भई रहेको पाइयो ।

**९. लेखा सुपरिवेक्षण समितिले उल्लेख गर्न चाहेका अन्य विवरण :**

क. सहकारी ऐन, नियमावली, संस्थाको विनियम तथा नियामक निकायबाट प्राप्त निर्देशन बमोजिम संस्थाको वित्तिय कारोवार दोहोरो लेखा प्रणालीमा आधुनिक सफ्टवेयरको प्रयोगको माध्यममा र अन्य क्रियाकलापहरु प्रचलित कानुन अनुसार सञ्चालन भएको देख्न सकिन्छ ।

ख. संस्थालाई सुशासनयुक्त तथा व्यवस्थित तवरले सञ्चालन गर्न आवश्यक नीति तथा कार्यविधी निर्माण तथा आवश्यक संशोधन गरि रहेको देख्न सकिन्छ साथै संस्थागत बिकासलाई मजबुत बनाउन नेपाल बचत तथा ऋण केन्द्रीय सहकारी संघ (नेफ्स्कून)को सहकार्यमा पूर्ण तथा व्यावसायिक साकोस विकास कार्यक्रम (प्रोवेसन) मा सहभागिता जनाइ रहेको छ ।

ग. कोभिड १९ को असर सो पश्चात देखिएको विश्वव्यापी आर्थिक मन्दी ,प्रतिस्प्रधात्मक बजार र सहकारी क्षेत्रमा आएको विचलनका बावजुत यस संस्थाले वित्तिय कारोवारलाई मजबुत राखी वित्तिय सफलता

कायम गर्नुलाई अत्यन्त सकारात्मक रुपमा देख्न सकिन्छ ।

घ. आन्तरिक लेखा परिक्षणको क्रममा सोधनी भएका विषयहरुको व्यस्थापनबाट व्यवस्थित,स्पष्ट र पारदर्शी रुपमा प्राप्त हुनुले व्यवस्थापन प्रभावकारिता उल्लेख्य रहेको पाइयो ।

ङ . सदस्यहरुले संस्थाबाट प्राप्त गर्ने सेवा सुविधा, वित्तिय अवस्था र सो को पारदर्शिताको बारेमा जानकारी प्रदान गर्न सदस्य बडापत्र, सुचना पाटी, सामाजिक सञ्जालको प्रयोग साथै वार्षिक प्रतिवेदनमा समेत संस्थागत जानकारीहरु प्रभावकारी रुपमा सार्वजनिक गरेको देख्न सकिन्छ ।

च. सुचना प्रविधिलाई आत्मसात गर्दै सफ्टवेयर, एस.एम.एस सुविधा, सी.सी क्यामेरा, निःशुल्क मोवाइल बैंकिङको प्रयोगलाई सुरक्षित रुपमा प्रयोगमा ल्याएको देख्न सकिन्छ ।

छ. सदस्य शिक्षा तथा विस्तारित मञ्चको शुरुवात संगै संस्थागत दिगोपनाको लागि रणनीतिक व्यावसायिक योजना निर्माणलाई निरन्तरता दिने कार्यलाई उपलब्धीको रुपमा लिन सकिन्छ ।

## १०. लेखा सुपरिवेक्षण समितिको सुझावहरु :

क. संस्थाको परिकल्पना बमोजिमका क्रियाकलाप सञ्चालनमा सहजताको लागि गठन भएका उप समितिहरु निष्ठा, क्षमता तथा सक्रियताको आधारमा हरेक वर्ष पुर्न गठन गर्नु पर्ने देखिन्छ ।

ख. बढदो कारोबारसंगै आएको चुनौतीलाई सामना गर्न ऋण उपसमिति र शिक्षा उप समितिको क्रियाशिलतालाई अझ बढी क्रियाशिल बनाउनुपर्ने देखिन्छ ।

ग. लेखा प्रणाली आएको मापदण्डलाई दृष्टिगत गरी पारदर्शी एवं अझबढी व्यवस्थित बनाउन आन्तरिक लेखा परिक्षणलाई सुढृड गर्दै चार्टड एकाउण्टेन्डबाट लेखा परिक्षण गराउन आवश्यक देखिन्छ ।

घ. सदस्यहरुको सुविधालाई ध्यानमा राखेर शुरु गरिएको नविनतम एवं डिजिटल प्रविधिको निशुल्क प्रयोग भईरहेकोमा यसको उपयोगलाई व्यापक रुपमा प्रचार प्रसार बढाउनु पर्ने देखिन्छ

ङ. भाखा नाघेको ऋण उल्लेख्य मात्रामा कमी भएता पनि अझ केही ऋण बाँकी देखिएकोले ऋण संग सम्वन्धीत सरोकारवालाहरुलाई जिम्मेवार तथा उत्तरदायी बनाई कानुनी प्रकृयाबाट ऋण असुलीमा जोड दिनु पर्ने देखिन्छ ।

च. उत्पादनमुलक क्षेत्रलाई प्राथमिकतामा राखी ऋणको भारगत अवस्था विश्लेषण गरि पूँजीकोष मापदण्ड कायम राख्दै ऋण लगानी व्यवस्थित गर्नको साथै ऋणको सदुपयोगिता अनुगमन गर्न सुझाव गरिन्छ ।

छ. संस्थामा कार्यरत कर्मचारीहरुको व्यवसायिक क्षमता विस्तारका साथै समिति उप समिति पदाधिकारीहरुको नेतृत्व क्षमता विकाश हुने गरि तालिम तथा गोष्ठीहरु आयोजना तथा सहभागीताको लागि प्रोत्साहन गरि आवस्यक व्यवस्था मिलाउनु पर्ने देखिन्छ ।

ज. बढदो चुनौतीको मुल्याङ्कन गर्दै नीति, विधि र प्रविधिको प्रयोगलाई उच्च प्राथमिकतामा राखी सहकारी ऐन, नियमावली, विनियम तथा नीति नियमहरु समय सापेक्ष रणनीतिक व्यावसायिक योजना निर्माण गरि सोही बमोजिम संस्थाका कार्यक्रमहरु कार्यान्वयनमा विशेष जोड दिनु पर्ने देखिन्छ

अन्तमा संस्थामा निरन्तर वित्तिय तथा गैर वित्तिय रुपमा सहयोग गरि संस्थालाई सवल बनाउन सहयोग पुरयाउने सदस्य महानुभावहरु, समिति उप-समितिका साथीहरु, कर्मचारी वर्ग एवं शुभेच्छुकहरु प्रति आभार व्यक्त गर्न चाहान्छु । साथै प्रस्तुत प्रतिवेदनमा यहाँहरुको रचनात्मक सुझावको अपेक्षा गर्दै प्रतिवेदन पारितको लागि अनुरोध गर्दछौं । धन्यवाद । जय सहकारी

| | | |
|---|---|---|
| प्रतिमा खडका<br>सदस्य | केशब के.सी<br>सदस्य | कृष्ण भगत बस्नेत<br>संयोजक<br>लेखा सुपरिवेक्षण समिति |

BASUDEV & COMPANY
(Registered Auditors)
Chandragiri Municipality -12
Balambu, Kathmandu
Tel No. : 01-4312891

Regd. No. 2981
COP No: 3216 (B)
ICAN M.No. 3239
Pan No. 301412302

## स्वतन्त्र लेखापरीक्षकको प्रतिवेदन
## युगवाणी बचत तथा ऋण सहकारी संस्था लि.का
## शेयर सदस्य महानुभावहरू समक्ष
## स्वतन्त्र लेखापरीक्षकको प्रतिवेदन

**क्वालिफाईड राय,**

हामीले यसै साथ संलग्न युगवाणी बचत तथा ऋण सहकारी संस्था लिमिटेडको ३१ असार २०८१ को वित्तीय अवस्थाको विवरण (वासलात) र सोही मितिमा समाप्त आर्थिक वर्षको नाफा/नोक्सान हिसाब, अन्य विस्तृत आम्दानीको विवरण, नगद प्रवाह विवरण, इक्वीटीमा भएको परिवर्तन सम्बन्धि विवरण र प्रमुख लेखा नीतिहरु तथा टिप्पणीहरुको लेखापरीक्षण सम्पन्न गरेका छौं ।

क्वालिफाईड रायको आधार अनुच्छेदमा उल्लेख गरिएको विषयको कारण नेपाल वित्तीय प्रतिवेदन मान (Nepal Financial Reporting Standards for SMEs) लागू गर्दा त्यसले वित्तीय विवरणमा पार्ने प्रभावको प्रमाणीकरण गर्ने पर्याप्त प्रमाणहरुको अभावमा हामी यस संस्थाको आ.व.२०८०/८१ को वित्तीय विवरणहरुमा आफ्नो राय व्यक्त गर्न असमर्थ छौं ।

**क्वालिफाईड रायको आधारहरू,**

संस्थाले प्रस्तुत गरेको वित्तीय विवरणहरु नेपाल लेखामान बोर्डद्धारा जारी गरिएको साना तथा मझौला निकायको नेपाल वित्तीय प्रतिवेदन मान (NFRS for SMEs) अनुसार तयार गरिएको छैन । साना तथा मझौला निकायको नेपाल वित्तीय प्रतिवेदन मान अनुसारको वित्तीय सूचनाको पुर्नलेखन, प्रस्तुती र खुलासा नगरिएकोले यसको समग्र प्रभाव अनिश्चित, उल्लेख्य र व्यापक हुन सक्दछ ।

हामीले नेपाल लेखापरीक्षण मान अनुरुप लेखापरीक्षण सम्पन्न गरेका छौं । त्यस्ता मानहरु अनुसारको हाम्रो जिम्मेवारी यसै प्रतिवेदनको वित्तीय विवरणको लेखापरीक्षणसंग सम्बन्धित लेखापरीक्षकको जिम्मेवारी खण्डमा थप व्याख्या गरिएको छ । नेपाल चार्टर्ड एकाउण्टेण्ट्स् संस्थाले जारी गरेको व्यवसायिक लेखापालका लागि आचार संहिताको हाते पुस्तक लगायत वित्तीय विवरणको लेखापरीक्षणको सम्बन्धमा नेपालमा प्रचलित आवश्यक आचरणहरुको आधारमा हामी यस संस्थाबाट स्वतन्त्र छौं र हामीले यस्ता आवश्यकता अनुरुप तथा नेपाल चार्टर्ड एकाउण्टेण्ट्स् संस्थाले जारी गरेको व्यवसायिक लेखापालका लागि आचार संहिताको हाते पुस्तक बमोजिम अन्य आचरणको जिम्मेवारी पूरा गरेका छौं । हामीले प्राप्त गरेका प्रमाणहरुले लेखापरीक्षण राय व्यक्त गर्ने सन्दर्भमा पर्याप्त र उपयुक्त आधार प्रदान गर्दछ भन्ने कुरामा हामी विश्वस्त छौं ।

**लेखापरीक्षणका मुख्य मामिलाहरु (Key Audit Matters):**

लेखापरीक्षणका मुख्य मामिला ती विषयहरु हुन् जुन हाम्रो व्यवसायिक निर्णयमा हालको अवधिको वित्तीय विवरणहरुको लेखापरीक्षणमा सबैभन्दा महत्वको विषय रहेको हुन्छ । उक्त मामिलाहरु वित्तीय विवरणहरुको लेखापरीक्षणको क्रममा तथा राय व्यक्त गर्ने क्रममा सम्बोधन गरिएका छन् तथा त्यसमा हाम्रो राय व्यक्त गर्दा, सो मामलामा अलग राय व्यक्त गरिएको छैन । हामीले तल उल्लेखित व्यहोराहरुलाई निर्धारण गरि मुख्य लेखापरीक्षण व्यहोराहरूको रुपमा सूचित गर्न यस प्रतिवेदनमा समावेश गरेका छौं :

BASUDEV & COMPANY
(Registered Auditors)
Chandragiri Municipality -12
Balambu, Kathmandu
Tel No. : 01-4312891

Regd. No. 2981
COP No: 3216 (B)
ICAN M.No. 3239
Pan No. 301412302

**१ सूचना प्रविधि प्रणाली**

संस्थाको प्राय सबै कारोबारहरु सूचना प्रविधि मार्फत संचालन हुने तथा डिजिटल भण्डारण हुने भएकोले र कुनै पनि नियन्त्रण त्रुटी, प्रमाणीकरण विफलता, गलत इनपुट डाटा तथा डाटाको गलत प्रयोग हुन सक्ने सम्भावनाले हामीले पहिचान गरेको व्यवस्थापन र नियामकहरुलाई डाटाको गलत रिपोर्टिङ्ग हुन सक्ने उच्च सम्भावनाको कारण हामीले सुचना प्रणालीलाई मुख्य लेखापरीक्षण व्यहोराहरूको रुपमा मानेका छौं ।

**लेखापरीक्षकको सम्बोधन**

Data Backup को लागी संस्थाले अनुसरण गरेको नीति जाँच गरियो । हामीले सुचना प्रणाली तथा सोको नियन्त्रण प्रणालीहरु पर्याप्त रहेको पायौं तथापी समयानुकुल सुधार गर्दै जानुपर्ने ठान्यौं । हामीले नमूनाको आधारमा ऋणको व्याज आम्दानी र निक्षेपको व्याज खर्चको साथै अन्य संचालन खर्चहरुको पनि जाँच गऱ्यौं ।

**२. आय कर व्यवस्था**

संस्थाको कारोवारमा आय कर ऐन र नियमावली अनुसार करको गणनामा गल्ती हुन सक्ने र जरिवाना लाग्ने उच्च सम्भावनाको कारण हामीले आय करको व्यवस्थालाई मुख्य लेखापरीक्षण व्यहोराहरूको रुपमा मानेका छौं ।

**लेखापरीक्षकको सम्बोधन**

आय कर ऐन, २०५८ र आय कर नियमावली, २०५९ मा भएको व्यवस्था हेरियो । संस्थाले व्यवस्था गरेको आय करको गणनाको जाँच गरियो । संस्थाले सम्पूर्ण कारोबारमा नियमानुसार लाग्ने करको दरले कर व्यवस्था गरेको पाइयो ।

**३. कानुनी अनुपालना**

सहकारीले सहकारी ऐन २०७४, सहकारी नियमावली २०७५, नियामक निकायको निर्देशन र अन्य ऐनहरुको अनुपालना गर्नुपर्ने हुन्छ । ऐन, नियमावली र निर्देशनको अनुपालना नहुँदा जरिवाना र दण्ड सजाय हुने हुँदा कानुनी अनुपालनालाई मुख्य लेखापरीक्षण व्यहोराहरूको रुपमा मानेका छौं ।

**लेखापरीक्षकको सम्बोधन**

सहकारी ऐन २०७४, सहकारी नियमावली २०७५, नियामक निकायको निर्देशन, आय कर ऐन २०५८, आय कर नियमावली अनुपालना जाँच गरियो । नियामक निकायमा पेश गरिएको विवरणहरु जाँच गरियो । संस्थाले कानुनी अनुपालनामा अझै केही कुराहरु कार्यान्वयन गर्नुपर्ने ठान्यौ ।

BASUDEV & COMPANY
(Registered Auditors)
Chandragiri Municipality -12
Balambu, Kathmandu
Tel No. : 01-4312891

Regd. No. 2981
COP No: 3216 (B)
ICAN M.No. 3239
Pan No. 301412302

**आर्थिक विवरण र सुशासनप्रति व्यवस्थापनको जिम्मेवारी**

साना तथा मझौला निकायको लागि नेपाल वित्तीय प्रतिवेदनमान (NFRS for SMEs) अनुरुप यथार्थ र उचित चित्रण गर्ने वित्तीय विवरणहरु तयार एवं प्रस्तुत गर्ने जिम्मेवारी व्यवस्थापनमा रहेको छ। यी जिम्मेवारी अन्तर्गत वित्तीय विवरण गलत आँकडा, जालसाजी वा त्रुटीको कारण रहित छ भनी तयारी र प्रस्तुतिकरण गर्ने कार्यसँग सम्बन्धित नियन्त्रण प्रणालीको तर्जुमा गर्ने, लागू गर्ने र अद्यावधिक बनाई राख्ने, उपयुक्त लेखानीतिको छनौट गर्ने र लागू गर्ने तथा तत्कालिन अवस्थामा उपयुक्त लेखा अनुमानहरू गर्ने कार्यहरु पर्दछन् । वित्तीय विवरण तयार गर्दा संस्थाले अविच्छन्नता **(Going Concern)** कायम गर्न सक्ने नसक्ने कुराको पहिचान गर्न व्यवस्थापन जिम्मेवार हुनेछ । साथै संस्था वा संस्थाको कारोबारहरू बन्द हुने अवस्थामा नजाँदासम्म अविच्छन्नताका आधारमा लेखा सिद्धान्तको प्रयोग तथा त्यसको खुलासा गर्न व्यवस्थापन पूर्ण रूपमा जिम्मेवार रहन्छ ।

सुशासनसँग सम्बन्धित व्यक्तिहरू संस्थाको वित्तीय प्रतिवेदन प्रकियाको नियमन गर्न जिम्मेवार हुन्छन् ।
वित्तीय विवरणको लेखापरीक्षणको लागि लेखापरीक्षकको उत्तरदायित्व :

हाम्रो उद्देश्यहरू समग्रमा वित्तीय विवरणहरू जालसाजी वा त्रुटिको कारणले हुने सारभुत गलत आंकडा रहित छ कि छैन भन्ने बारे उचित आश्वासन प्राप्त गर्नु हो, र हाम्रो राय समावेश गर्ने लेखापरीक्षकको प्रतिवेदन जारी गर्नु हो । उचित आश्वासन एक उच्चस्तरको आश्वासन हो, तर यो प्रत्याभुति **(Guarantee)** छैन कि लेखापरीक्षण मान अनुसार सम्पन्न गरिएको लेखापरीक्षणले जहिले पनि सारभुत गलत आंकडा पत्ता लगाउँदछ । गलत आंकडाहरू जालसाजी वा त्रुटिबाट उत्पन्न हुन सक्दछन् र त्यसले, एकल वा समष्टिमा, यदी प्रयोगकर्ताहरूको आर्थिक निर्णयमा प्रभाव पार्ने भएमा मात्र सारभूत रुपमा गलत रहेको मानिन्छ । हामीले नेपाल लेखापरीक्षण मान अनुसार लेखापरीक्षण कार्य गर्दा लेखापरीक्षण अवधिभर पेशागत विवेक (Professional Judgement) र व्यवसायिक सन्देह (Professional Skepticism) कायम गरेका छौं ।

**यस क्रममा, हामीले :**

जालसाजी वा त्रुटिको कारणले वित्तीय विवरणहरु सारभूत रुपमा गलत आँकडा सहितको प्रस्तुत हुन सक्ने जोखिम पहिचान गरी जोखिमको निर्धारण गरेको, जोखिमको प्रभाव अनुकुलको लेखापरीक्षण विधिको ढाँचा तयार गरी त्यसको प्रयोग गरेको र हाम्रो रायको लागि आवश्यक पर्याप्त र उपयुक्त प्रमाणहरु प्राप्त गरेका छौं । जालसाजी (fraud) मा मिलीभगत (Collusion), जालसाजी (forgery), जानाजान छोड्ने काम (Intentional omission), गलत आँकडाको प्रस्तुती (wrong representation) वा आन्तरिक नियन्त्रणको उल्लंघन जस्ता कार्य समावेश हुन सक्ने जालसाजीको कारणले गर्दा हुने सारभूत गलत वर्णन पहिचान हुन नसक्ने जोखिम त्रुटिको कारणले हुने सारभूत गलत वर्णन पहिचान हुन नसक्ने जोखिम भन्दा बढि हुन्छ ।

BASUDEV & COMPANY
(Registered Auditors)
Chandragiri Municipality -12
Balambu, Kathmandu
Tel No. : 01-4312891

Regd. No. 2981
COP No: 3216 (B)
ICAN M.No. 3239
Pan No. 301412302

१) संस्थाको यथार्थ स्थितिको लागि उपयुक्त हुने लेखापरीक्षण विधि अवलम्बन गर्न लेखापरीक्षणसंग प्रासंगिक आन्तरिक नियन्त्रणको बारेमा बुझ्ने कार्य गरेका छौं, तर लेखापरीक्षणको क्रममा आन्तरिक नियन्त्रणको प्रभावकारिता बारे राय व्यक्त गर्ने उद्देश्य राखिएको हुँदैन ।

२) संस्थाको वित्तीय विवरण तयार गर्दा व्यवस्थापनले प्रयोग गरेका लेखानीतिहरुको उपयुक्तता (Appropriateness) र लेखा अनुमानहरुको व्यवहारिकता (Reasonableness) तथा तीसंग सम्बन्धित खुलासाहरुको मुल्याङ्कन गरेका छौं ।

३) व्यवस्थापनले प्रयोग गरेको अनवरत सञ्चालन मान्यतामा आधारित लेखाको उपयुक्तताको बारे, र लेखापरीक्षणको क्रममा प्राप्त प्रमाणहरुको आधारमा संस्था अनवरत सञ्चालन मान्यतामा आधारित रही सञ्चालन हुन सक्ने घटना वा अवस्थाको सारभूत अनिश्चितता रहेको वा नरहेको निष्कर्ष निकालेका छौं । हाम्रो निष्कर्षको आधारमा सारभूत अनिश्चितता रहेमा, व्यवस्थापनले वित्तीय विवरणमा सो सन्दर्भमा गरेको खुलासा तर्फ शेयर सदस्यहरुको ध्यानाकर्षण गराउने जिम्मेवारी हामीमा रहेको छ, साथै व्यवस्थापनले गरेको खुलासा अपर्याप्त भएमा हाम्रो प्रतिवेदन परिमार्जन गर्नुपर्ने हुन्छ । हाम्रो निष्कर्ष लेखापरीक्षकको प्रतिवदेन जारी गर्ने मितिसम्म हामीले प्राप्त गरेको लेखापरीक्षण प्रमाणमा आधारित हुन्छ । तथापि भविष्यका घटना तथा अवस्थाको कारण पनि संस्थाको अनवरत सञ्चालन मान्यता खण्डित हुन सक्छ ।

४) व्यवस्थापनबाट वित्तीय विवरणमा गरिएका खुलासाहरु लगायत वित्तीय विवरणको समग्र प्रस्तुतीकरण, संरचना र सामग्रीको मुल्याङ्कन गरेका छौं ।

५) लेखापरीक्षकको राय व्यक्त गर्न संस्थाको वित्तीय जानकारी वा व्यवसायिक कृयाकलापसँग सम्बन्धित पर्याप्त र उपयुक्त लेखापरीक्षण प्रमाण प्राप्त गरेका छौं । हामी लेखापरीक्षणको निर्देशन, पर्यवेक्षण तथा कार्य सम्पादनको लागी जिम्मेवार छौं । हामी हाम्रो लेखापरीक्षण रायको लागि मात्र जिम्मेवार रहन्छौं । हामीले शासकीय भूमिका वहन गर्नेहरु समक्ष अन्य व्यहोराको अतिरिक्त लेखापरीक्षण गर्ने योजनाबद्ध क्षेत्र र समयावधिका साथै आन्तरिक नियन्त्रणमा रहेको कमजोरी लगायत लेखापरीक्षणको क्रममा प्राप्त उल्लेखनीय टिप्पणीहरु सूचित गरेका छौं । शासकीय भूमिका वहन गर्नेहरु समक्ष हामीले लेखापरीक्षणको क्रममा स्वतन्त्रतासंग सम्बन्धित प्रासंगिक आचारको पालना गरेको व्यहोरा उल्लेख गरी विवरण पेश गरेका छौं । यसका अतिरिक्त हाम्रो स्वतन्त्रतालाई प्रभाव पार्ने सबै सम्बन्धहरु र अन्य व्यहोरा र आवश्यकता अनुसार स्वतन्त्रता जगेर्ना गर्न अवलम्बन गरिएको उपायहरुको बारेमा पनि सूचित गरेका छौं ।

**अन्य कानूनी र नियमनकारी व्यवस्थाहरु सम्बन्धि प्रतिवेदन**

क) लेखापरीक्षणको क्रममा आवश्यक ठानेका सूचनाहरु एवम् सोधनी भएका कुराहरुको जवाफ पाइयो ।

ख) हामीले लेखापरीक्षण गरेका श्रेस्ताहरूको आधारमा हाम्रो रायमा संस्थाका हिसाब किताबहरू प्रचलित ऐन बमोजिम ठीकसँग राखिएका छन् ।

ग) यो प्रतिवेदनसँग सम्बन्धित संलग्न वित्तीय अवस्थाको विवरण, नाफा/नोक्सान हिसाब, नगद प्रवाह विवरण र लेखा टिप्पणीहरु संस्थाले राखेको हिसाब किताब, बहीखाता श्रेस्ता र लेखासँग दुरूस्त रहेका छन् ।

BASUDEV & COMPANY
(Registered Auditors)
Chandragiri Municipality -12
Balambu, Kathmandu
Tel No. : 01-4312891

Regd. No. 2981
COP No: 3216 (B)
ICAN M.No. 3239
Pan No. 301412302

घ) सहकारी संस्थाले आन्तरिकरुपमा बिविध नीतिहरु तयार गरि सोही नीतिहरु बमोजिम कार्यहरु संचालन गर्दै आएको छ ।

ङ) सहकारी संघ संस्थामा सुशासन प्रबर्द्धनको लागि एकीकृत निर्देशन, २०७९ को च (१८) अनुसार संस्थामा तत्काल कायम रहेको कूल पूँजी कोषको अधिकतम १० प्रतिशतमा नबढने गरी प्रति सदस्यलाई ऋण प्रवाह गर्ने, गराउने सवालमा यस संस्थाले केही सदस्यहरलाई सो सिमा भन्दा बढी ऋण लगानी गरेको देखिन्छ ।

च) सहकारी संस्थाले ऋण लगानी गरेको जोखिमलाई न्यून गर्न ऋण नोक्सानी कोष ब्यवस्था सहकारी ऐन २०७४ तथा सहकारी नियमावली २०७५ अनुसार ऋण बर्गीकरण गरी कोषको ब्यवस्था गर्नु गरेको सो कोषमा रकम रु.१,०२,६८,६१०।६३ रहेको छ ।

छ) हाम्रो लेखापरीक्षणको समयमा उपलब्ध जानकारी अनुसार सहकारीको सञ्चालक समितिका सदस्य तथा अन्य उप समिति वा कुनै कर्मचारीले जानाजानी लेखा सम्वन्धि कानुनी व्यवस्था विपरित कामकाज गरेको वा सहकारी संस्थालाई हानी नोक्सानी गरेको देखिएन ।

ज) संस्थाले नेपाल लेखामान अनुसार स्थिर सम्पत्तिको ह्रास कट्टी र नेपाल लेखामान अनुसार स्थगन आय करको लेखाङ्कन गरेको पाइएन । हाम्रो रायमा हामीले पाएसम्मको सूचना एवं स्पष्टिकरणको आधारमा संलग्न वित्तीय विवरण र सो मा उल्लेख गरिएको टिप्पणीहरुका साथ अध्ययन गर्दा :

क) वित्तीय स्थिति विवरण (वासलात) ले सहकारीको आषाढ ३१, २०८१ (१६ जुलाई २०२४) को आर्थिक अवस्था

ख) आय विवरण तथा नगद प्रवाह विवरणले सहकारीको उक्त मितिमा समाप्त वर्षको बचत तथा नगद प्रवाहको उचित तथा यथार्थ चित्रण गर्दछ ।

मिति : २०८१/०५/२३
स्थान : काठमाडौं

UDIN NO : 240916RA03239wcM7J

बासुदेव श्रेष्ठ
बासुदेव एण्ड कम्पनी
रजिष्टर्ड लेखापरीक्षक

BASUDEV & COMPANY
Registered Auditors
Reg. No. 2981

# वित्तीय स्थिति विवरण (वासलात)
## २०८१ आषाढ ३१ गतेको

| क्र.सं. | पूँजी तथा दायित्व | लेखा टिप्पणी | यस वर्षको रू. | गत वर्षको रू. |
|---|---|---|---|---|
| १ | शेयर पूँजी | ४ | २४,५९७,७००.०० | २२,८७९,३००.०० |
| २ | साधारण जगेडा कोष | ५ | २२,६२२,६३४.९८ | १८,५७०,२५८.९७ |
| ३ | अन्य कोष | ६ | १२,१६९,३६९.२० | ९,३३६,५९३.४८ |
| ४ | ऋण नोक्सानी कोष ब्यवस्था | ७ | १०,२६८,६१०.६३ | ९,१०६,८१३.५० |
| ५ | ऐच्छिक कोष | ८ | १,१२६,७४०.१० | १,१०५,७९२.७३ |
| ६ | निक्षेप तथा बचत | ९ | ३२३,९३५,९३६.६५ | ३०७,२०७,२७२.५१ |
| ७ | बाह्य ऋण तथा सापटी | १० | १७,४८९,९२६.३३ | ४,३६८,४९३.५६ |
| ८ | चालु दायित्व | ११ | १०,७४६,९२९.३४ | ११,७५३,०९६.२७ |
| ९ | कर दायित्व | १२ | १,७२८,६४९.६२ | ९००,०७१.०८ |
| १० | स्थगन कर दायित्व | ० | | |
| | जम्मा चालु दायित्व | | ४२४,६८६,४९६.८५ | ३८५,२२७,६९२.१० |

| क्र.सं. | सम्पत्ति तथा जायजेथा | लेखा टिप्पणी | यस वर्षको रू. | गत वर्षको रू. |
|---|---|---|---|---|
| १ | नगद मौज्दात | १३ | १,६०५,२९९.०० | २,८११,२०५.०० |
| २ | बैंक मौज्दात | १४ | ८१,६२३,५६६.३३ | ४२,९७०,९३५.९६ |
| ३ | शेयर लगानी | १५ | ७२०,०००.०० | ७२०,०००.०० |
| ४ | ऋण लगानी | १६ | ३०२,९६२,८२०.०० | ३००,७०३,०९०.०० |
| ५ | चालु सम्पति | १७ | १३,४९५,३३३.०० | १३,५५०,५७६.९२ |
| ६ | स्थिर सम्पति हिसाब | २३ | २४,२७९,४७८.५२ | २४,४७१,८८४.२२ |
| ७ | स्थगन कर सम्पत्ति | | - | - |
| | **जम्मा सम्पति तथा जायजेथा** | | ४२४,६८६,४९६.८५ | ३८५,२२७,६९२.१० |

यसै मितिको हाम्रो संलग्न प्रतिवेदनको आधारमा लेखा टिप्पणी ४ देखि १७ सम्म र २३ यस वित्तिय विवरणका अभिन्न अंग हुन् ।

मिति : २०८१/०५/२३
स्थान : काठमाडौं

| | | | | |
|---|---|---|---|---|
| सुनिता बस्नेत | किशोर सिलवाल | करन थापा | मोहन बहादुर बलामी | बासुदेव एण्ड कम्पनी |
| लेखा प्रमूख | मुख्य अधिकृत | कोषाध्यक्ष | अध्यक्ष | रजिष्टर्ड अडिटर्स |

BASUDEV & COMPANY Registered Auditors Reg. No. 2981

# आय व्यय विवरण (नाफा नोक्सान हिसाब)
## २०८० साउन १ गतेदेखि २०८१ असार ३१ सम्मको

| विवरण | लेखा टिप्पणी | यस वर्षको रू. | गत वर्षको रू. |
|---|---|---|---|
| आम्दानी : | १८ | | |
| ब्याज आम्दानी | | ४९,१२७,८४४.७३ | ४५,८३१,७०४.५५ |
| ब्याज खर्च | १९ | ३३,२०१,४१४.०४ | ३३,४४६,९३९.३८ |
| खुद ब्याज आम्दानी | | १५,९२६,४३०.६९ | १२,३८४,७६५.१७ |
| अन्य संचालन आम्दानी | २० | ६,०५२,७२२.२३ | ६,७५६,२७६.२५ |
| कूल संचालन आम्दानी | | २१,९७९,१५२.९२ | १९,१४१,०४१.४२ |
| संचालन खर्च | | | |
| कर्मचारी खर्च | २१ | ५,२०३,१९९.८६ | ५,१८६,४५३.७२ |
| संचालन तथा ब्यवस्थापन खर्च | २२ | २,७३७,००६.५५ | २,५७४,२४९.४८ |
| न्हास कट्टी खर्च | २३ | १९२,४०५.७२ | २४८,८५३.७८ |
| सम्भाबित नोक्सानी ब्यवस्था अघिको संचालन बचत | | १३,८४६,५४०.७९ | ११,१३१,४८४.४४ |
| सम्भाबित ऋण नोक्सानी कोष ब्यवस्था खर्च | ७ | १,१६१,७९७.१३ | ३,०००,०००.०० |
| सञ्चालन बचत/(नोक्सान) | | १२,६८४,७४३.६६ | ८,१३१,४८४.४४ |
| गैर संचालन आम्दानी | २४ | ३६१,६००.०० | ४४७,२००.०० |
| सम्भाबित नोक्सानी ब्यवस्था कोषबाट फिर्ता | | - | - |
| नियमित कारोबारबाट भएको बचत/(नोक्सान) | | १३,०४६,३४३.६६ | ८,५७८,६८४.४४ |
| असामान्य कारोबारबाट भएको आम्दानी/खर्च | | - | - |
| सम्पूर्ण कारोबार समाबेश पछिको खुद बचत/(नोक्सान) | | १३,०४६,३४३.६६ | ८,५७८,६८४.४४ |
| कर्मचारी बोनस खर्च | | १,३०४,६३४.३७ | ८५७,८६८.४४ |
| कर अघिको कूल नाफा/(नोक्सान) | | ११,७४१,७०९.२९ | ७,७२०,८१६.०० |
| आयकर खर्च | | १,१७४,१७०.९३ | ३८६,०४०.८० |
| खुद नाफा/(नोक्सान) | | १०,५६७,५३८.३६ | ७,३३४,७७५.२० |

यस मितिको हाम्रो संलग्न प्रतिवेदनको आधारमा

लेखा टिप्पणी १८ देखि २४ सम्म र ७ यस वित्तिय विवरणका अभिन्न अंग हुन्।
मिति : २०८१/०५/२३
स्थान : काठमाडौं

| | | | | |
|---|---|---|---|---|
| सुनिता बस्नेत | किशोर सिलवाल | करन थापा | मोहन बहादुर बलामी | बासुदेव एण्ड कम्पनी |
| लेखा प्रमूख | मुख्य अधिकृत | कोषाध्यक्ष | अध्यक्ष | रजिष्टर्ड अडिटर्स |

BASUDEV & COMPANY Registered Auditors Reg. No. 2981

# २०८० साउन १ गतेदेखि २०८१ असार मसान्त सम्मको
# नगद प्रबाह विवरण

| क्र.सं. | विवरण | यस वर्षको रू. | गत वर्षको रू. |
|---|---|---|---|
| | संचालन गतिविधिको नगद प्रवाह | | |
| | आय विवरण अनुसारको आयकर पछिको खूद बचत रकम | १०,५६७,५३८.३६ | ७,३३४,७७५.१९ |
| | जोड : ह्रास कट्टी | १९२,४०५.७२ | २४८,८५३.७८ |
| | कार्यसील पूँजी परिवर्तन अधिको संचालन नगद प्रवाह | १०,७५९,९४४.०८ | ७,५८३,६२८.९८ |
| | समायोजन : | | |
| | चालु सम्पतिमा कमी (बृद्धि) | ५५,२४३.९२ | ९८,४०९.३४ |
| | चालु दायित्वमा बृद्धि (कमी) | -१,००६,१६६.९३ | ८८४,७५९.१० |
| | कर दायित्व बृद्धि (कमी) | ८२८,५७८.५४ | ०.०० |
| | निक्षेपमा बृद्धि (कमी) | १६,७२८,६६४.१४ | -३५,११३,५६०.३५ |
| | कर्जा लगानीमा कमी (बृद्धि) | -२,२५९,७३०.०० | ३०,२६५,२९०.०० |
| | जम्मा समायोजन | १४,३४६,५८९.६७ | -३,८६५,१०१.९१ |
| क | संचालन गतिविधिवाट खूद नगद प्रवाह | २५,१०६,५३३.७५ | ३,७१८,५२७.०७ |
| | लगानी गतिविधिको नगद प्रवाह : | | |
| | स्थिर सम्पति बिक्री (खरिद) | ०.०० | -१३५,५००.०० |
| | शेयर लगानी कमी (बृद्धि) | ०.०० | -१०,०००.०० |
| ख | लगानी गतिविधिबाट खुद नगद प्रवाह | ०.०० | -१४५,५००.०० |
| | वित्तिय गतिविधिको नगद प्रवाह : | | |
| | शेयर पूजीको बृद्धि (कमी) | १,७१८,४००.०० | ३,३०५,३००.०० |
| | ऐच्छिक कोषहरुमा बृद्धि (कमी) | २०,९४७.३७ | -८९९,८१३.६८ |
| | ऋण नोक्सानी कोष ब्यवस्था बृद्धि (कमी) | १,१६१,७९७.१३ | ३,०००,०००.०० |
| | बाह्‍य ऋण तथा सापटी बृद्धि (कमी) | १३,१२१,४३२.७७ | -४,६५१,६५५.१३ |
| | जगेडा कोषमा बृद्धि (कमी) | -३,६८२,३८६.६६ | -३,१४०,०७६.४९ |
| | जगेडा तथा अन्य कोषमा बृद्धि (कमी) | | |
| ग | वित्तिय गतिविधिबाट खूद नगद प्रवाह : | १२,३४०,१९०.६१ | -२,३८६,२४५.३० |
| | यस आ.व.को खूद नगद प्रवाह (क,ख,ग) | ३७,४४६,७२४.३६ | १,१८६,७८१.७७ |
| | यस आ.व.को शुरुमा नगद तथा बैंक मौज्दात | ४५,७८२,१४०.९६ | ४४,५९५,३५९.२० |
| | यस आ.व.को अन्तिममा नगद तथा बैंक मौज्दात | ८३,२२८,८६५.३३ | ४५,७८२,१४०.९६ |

| सुनिता बस्नेत | किशोर सिलवाल | करन थापा | मोहन बहादुर बलामी | बासुदेव एण्ड कम्पनी |
|---|---|---|---|---|
| लेखा प्रमूख | मूख्य अधिकृत | कोषाध्यक्ष | अध्यक्ष | रजिष्टर्ड अडिटर्स |

BASUDEV & COMPANY
Registered Auditors
Reg. No. 2981

# आ.व. २०८०/०८१
## इक्वीटीमा भएको परिवर्तन बिवरण

| बिवरण | शेयर पूँजी | नाफा नोक्सान | जगेडा कोष | अन्य कोष | ऋण नोक्सानी कोष | ऐच्छिक कोष | जम्मा |
|---|---|---|---|---|---|---|---|
| ०८० श्रावण १ मा मौज्दात | २२,८७९,३००.०० | - | १८,५७०,२५८.९७ | ९,३३६,५९३.४८ | ९,१०६,८१३.५० | १,१०५,७९२.७३ | ६०,९९८,७५८.६८ |
| लेखामा भएको परिवर्तन बाट बचत | - | - | - | - | - | - | - |
| बितिय सम्पती मूल्याङ्न मा परिर्वतन | - | - | - | - | - | - | - |
| पुँजीगत सम्पतीको मूल्याङ्न मा परिर्वतन | - | - | - | - | - | - | - |
| नाफा नोक्सान विवरणमा नदेखिएको आय | - | - | - | - | - | - | - |
| चालु आ. व मा कोषमा थप | | - | २,६४१,८८४.५९ | ६,५१५,१६२.३८ | १,१६१,७९७.१३ | २०,९४७.३७ | १०,३३९,७९१.४७ |
| चालु आ. व मा कोषमा घट | | - | | -३,६८२,३८६.६६ | | | -३,६८२,३८६.६६ |
| चालु आ. व मा शेयर पूँजीमा थप | १,७१८,४००.०० | - | | | | | १,७१८,४००.०० |
| चालु आ. व मा संस्था बिकास कोषमा परिवर्तन | - | - | | | | | - |
| चालु आ. व मा अन्य कोषमा घट | - | - | | | | | - |
| चालु आ. व मा कर्मचारी बोनस वितरण | | - | | | | | - |
| चालु आ. व मा लाभांश वितरण | - | - | - | | - | - | - |
| चालु आ.व मा बिभिन्न कोषबाट रकमान्तर | - | - | १,४१०,४९१.४२ | - | - | - | १,४१०,४९१.४२ |
| **०८१ असार मसान्तमा मौज्दात** | २४,५९७,७००.०० | | २२,६२२,६३४.९८ | १२,१६९,३६९.२० | १०,२६८,६१०.६३ | १,१२६,७४०.१० | ७०,७८५,०५४.९१ |

| सुनिता बस्नेत | किशोर सिलवाल | करन थापा | मोहन बहादुर बलामी | बासुदेव एण्ड कम्पनी |
|---|---|---|---|---|
| लेखा प्रमूख | मूख्य अधिकृत | कोषाध्यक्ष | अध्यक्ष | रजिष्टर्ड अडिटर्स |

BASUDEV & COMPANY
Registered Auditors
Reg. No. 2981

## आ.व. २०८०/०८१ को
## खूद नाफा (बचत) रकम जगेडा तथा अन्य कोषहरुमा बाँडफाँड हिसाब

| विवरण | प्रतिशत | यस वर्षको रु. |
|---|---|---|
| **यस बर्षको मूनाफा** | | १०,५६७,५३८.३६ |
| साधारण जगेडा कोष | २५% | २,६४१,८८४.५९ |
| **संरक्षित पूँजी फिर्ता कोष र सहकारी प्रर्बद्धन कोषमा नाफा बाँडफाँड अगाडीको नाफा** | | ७,९२५,६५३.७७ |
| संरक्षित पूँजी फिर्ता कोष | २५% | १,९८१,४१३.४४ |
| सहकारी प्रबर्द्धन कोष | ०.५% | ३९,६२८.२७ |
| **अन्य कोषमा बाँडफाँड अगाडीको नाफा** | | ५,९०४,६१२.०६ |
| शेयर लाभांश कोष | ६७ | ३,९५६,०९०.०८ |
| घाटा पूर्तिकोष | ५ | २९५,२३०.६० |
| सामूदायिक बिकास कोष | ५ | २९५,२३०.६० |
| सहकारी शिक्षा र तालिम कोष | ८ | ४७२,३६८.९६ |
| डुवन्त ऋण कोष (अन्य जोखिम कोष) | ५ | २९५,२३०.६० |
| संस्था विकाश कोष | ५ | २९५,२३०.६० |
| सहकारी संस्था स्थिरीकरण कोष | ५ | २९५,२३०.६० |
| **जम्मा** | | १०,५६७,५३८.३६ |

| सुनिता बस्नेत | किशोर सिलवाल | करन थापा | मोहन बहादुर बलामी | बासुदेव एण्ड कम्पनी |
|---|---|---|---|---|
| लेखा प्रमूख | मूख्य अधिकृत | कोषाध्यक्ष | अध्यक्ष | रजिष्टर्ड अडिटर्स |

BASUDEV & COMPANY Registered Auditors Reg. No. 2981

## आ.व. २०८०/०८१
## सम्ममा जगेडा तथा अन्य कोषमा बाँकी मौज्दात हिसाब

| क्र.सं. | विवरण | प्रतिशत | यस वर्ष प्राप्त रू. | गत बर्ष सम्मको बाँकी रू. | जम्मा बाँकी रू. |
|---|---|---|---|---|---|
| १. | साधारण जगेडा कोष | २५ | २,६४१,८८४.५९ | १९,९८०,७५०.३९ | २२,६२२,६३४.९८ |
| | | | | | - |
| २ | संरक्षित पूँजी फिर्ता कोष | २५ | १,९८१,४१३.४४ | | १,९८१,४१३.४४ |
| ३ | सहकारी प्रवर्द्धन कोष | ०.५ | ३९,६२८.२७ | ७६,५९४.०० | ११६,२२२.२७ |
| ४ | शेयर लाभांश कोष | ६७ | ३,९५६,०९०.०८ | - | ३,९५६,०९०.०८ |
| ५ | घाटा पूर्तिकोष | ५ | २९५,२३०.६० | ९१९,४३६.८४ | १,२१४,६६७.४४ |
| ६ | सामूदायिक विकास कोष | ५ | २९५,२३०.६० | ५६३,६४१.५८ | ८ ५८,८७२.१८ |
| ७ | सहकारी शिक्षा र तालिम कोष | ८ | ४७२,३६८.९६ | २६१,५७६.५५ | ७३३,९४५.५१ |
| ८ | डुवन्त ऋण कोष (अन्य जोखिम) | ५ | २९५,२३०.६० | ८९७,७५६.६२ | १,१९२,९८७.२२ |
| ९ | संस्था विकाश कोष | ५ | २९५,२३०.६० | १३२,६११.५८ | ४ २७,८४२.१८ |
| १० | सहकारी संस्था स्थिरीकरण कोष | ५ | २९५,२३०.६० | - | २९५,२३०.६० |
| | | | १०,५६७,५३८.३६ | २२,८३२,३६७.५६ | ३३,३९९,९०५.९२ |
| ११ | कर्मचारी बोनस कोष | | १,३०४,६३४.३७ | ८७,४६३.८९ | १ ,३९२,०९८.२६ |
| | **जम्मा** | | ११,८७२,१७२.७३ | २२,९१९,८३१.४५ | ३४,७९२,००४.१८ |

**सुनिता बस्नेत**
लेखा प्रमूख

**किशोर सिलवाल**
मूख्य अधिकृत

**करन थापा**
कोषाध्यक्ष

**मोहन बहादुर बलामी**
अध्यक्ष

**बासुदेव एण्ड कम्पनी**
रजिष्टर्ड अडिटर्स

BASUDEV & COMPANY
Registered Auditors
Reg. No. 2981

## आ.ब. २०८०/०८१
## निम्न लिखित ऋण लगानीबाट पाउनुपर्ने ब्याज रकम

| क्र.सं. | विवरण | यस वर्षको रू. | गत वर्षको रू. |
|---|---|---|---|
| १ | कारोबार ऋण | १४०,२०६.७६ | ३,०२१,४४९.२३ |
| २ | व्यापारीक ऋण | २,०५३,६०२.०८ | १,५८५,९३१.१२ |
| ३ | सुविधा ऋण | ८७,५००.६७ | २,१४५.३० |
| ४ | हायर पर्चेज ऋण | २,८०५,००१.५२ | ३,६७७,४०५.३८ |
| ५ | घर निर्माण ऋण | ३९७,२०६.९३ | ८२,४२८.५५ |
| ६ | आवधिक (मुद्धति) रसिद धितो ऋण | ३७,००६.४९ | १७,६१२.४५ |
| ७ | व्यक्तिगत ऋण | २,१४३,६२३.४९ | १,९५७,००३.७२ |
| ८ | नियमित बचत ऋण | ७१,०४५.८० | ८७,७३७.४७ |
| ९ | छोटो अवधिको ऋण | ४४५,१०१.३४ | ३३०,०७५.१२ |
| १० | जग्गा तथा घडेरी खरिद ऋण | २,३८२,०६०.९० | ३४७,१८५.७८ |
| ११ | अटो खरिद ऋण | ५८,७५८.४१ | २२,०८७.०९ |
| १२ | सहुलियत (कन्भिनीयन्स) ऋण | ८१४.८६ | ५७२,०३४.१५ |
| १३ | शिक्षा ऋण | ०.०९ | ०.९१ |
| | जम्मा | १०,६२१,९२९.३४ | ११,७०३,०९६.२७ |

## आ.ब. २०८०/०८१
## निम्न लिखित ऋण लगानीको ब्याज मुल्तवी हिसाब

| क्र.सं. | विवरण | यस वर्षको रू. | गत वर्षको रू. |
|---|---|---|---|
| १ | कारोबार ऋण | १४०,२०६.७६ | ३,०२१,४४९.२३ |
| २ | व्यापारीक ऋण | २,०५३,६०२.०८ | १,५८५,९३१.१२ |
| ३ | सुविधा ऋण | ८७,५००.६७ | २,१४५.३० |
| ४ | हायर पर्चेज ऋण | २,८०५,००१.५२ | ३,६७७,४०५.३८ |
| ५ | घर निर्माण ऋण | ३९७,२०६.९३ | ८२,४२८.५५ |
| ६ | आवधिक (मुद्धति) रसिद धितो ऋण | ३७,००६.४९ | १७,६१२.४५ |
| ७ | व्यक्तिगत ऋण | २,१४३,६२३.४९ | १,९५७,००३.७२ |
| ८ | नियमित बचत ऋण | ७१,०४५.८० | ८७,७३७.४७ |
| ९ | छोटो अवधिको ऋण | ४४५,१०१.३४ | ३३०,०७५.१२ |
| १० | जग्गा तथा घडेरी खरिद ऋण | २,३८२,०६०.९० | ३४७,१८५.७८ |
| ११ | अटो खरिद ऋण | ५८,७५८.४१ | २२,०८७.०९ |
| १२ | सहुलियत (कन्भिनीयन्स) ऋण | ८१४.८६ | ५७२,०३४.१५ |
| १३ | शिक्षा ऋण | ०.०९ | ०.९१ |
| | | १०,६२१,९२९.३४ | ११,७०३,०९६.२७ |

| सुनिता बस्नेत | किशोर सिलवाल | करन थापा | मोहन बहादुर बलामी | बासुदेव एण्ड कम्पनी |
|---|---|---|---|---|
| लेखा प्रमुख | मुख्य अधिकृत | कोषाध्यक्ष | अध्यक्ष | रजिष्टर्ड अडिटर्स |

BASUDEV & COMPANY
Registered Auditors
Reg. No. 2981

# वित्तिय विवरण सम्बन्धि टिप्पणीहरू

## आ.व. २०८०/२८१

**१ संस्थाको परिचय :**

युगवाणी बचत तथा ऋण सहकारी संस्था लि. सहकारी ऐन २०४८ अनुसार कृषि तथा सहकारी मन्त्रालय सहकारी बिभाग डिभिजन सहकारी कार्यालय काठमाडौंमा मिति २०६६/०३/०८ मा दर्ता नं. २३३६/०६५/०६६ मा दर्ता भै कार्य गरिरहेको छ। यस सहकारी संस्थाको स्थायी लेखा नम्बर ३०३८११८१५ रहेको छ। यो सहकारी संस्थाको कार्यालय चन्द्रागिरी न.पा.-७ इटाखेल, काठमाडौंमा रहेको छ। यस सहकारीको कार्य क्षेत्र चन्द्रागिरि वडा नं. १ देखि ८ सम्म रहेको छ। संस्थाका सदस्यहरुलाई मितब्ययिताको भावना जागृत गराई नियमित रुपले बचत गर्ने बानीको बिकास गर्ने, सदस्यहरुको ब्यक्तिगत एवं सामुहिक क्षमता अभिबृद्धि गरी स्वावलम्वी एवं आत्मनिर्भर समाजको निर्माणमा योगदान पुऱ्याउने, सदस्यहरुको आय आर्जन क्षमताको पहिचान गरी उत्पादनशील र आयमूलक क्षेत्रमा सदस्यहरु मार्फत लगानी प्रवर्द्धन गरी छरिएर रहेको पूँजीको उपयोग बढाई सदस्यहरुको आर्थिक, सामाजिक अवस्थामा सुधार गर्ने उद्देश्यले यस संस्थाको स्थापना भएको हो।

**२ लेखांकनको आधार तथा अनुपालना**

२.१ वित्तीय विवरणहरु अन्यथा उल्लेख गरिएकोमा बाहेक ऐतिहासिक लागत अवधारणा, सर्वमान्य लेखा सिद्धान्त तथा सहकारीमा प्रचलित लेखा नीति, नेपाल लेखामान (NAS), सहकारी ऐन, नियमावली तथा निर्देशिका बमोजिम दोहोरो लेखा प्रणाली अनुसार तयार गरिएको छ। वित्तीय विवरणमा वित्तीय अवस्थाको विवरण (वासलात), नाफा/नोक्सानको विवरण, इक्विटीमा भएको परिवर्तन सम्बन्धि विवरण, नगद प्रवाहको विवरण र लेखाङ्कनका टिप्पणीहरू समावेश गरिएका छन्। वित्तीय विवरण तयार गर्दा अपनाईएका प्रमुख लेखा नीतिहरु बुँदा नं ३ मा प्रस्तुत गरिएका छन्।

२.२ संलग्न वित्तीय विवरणले मिति २०८० साल श्रावण १ गते देखि मिति २०८१ असार ३१ को अवधिलाई समेटि मिति २०८१ साल असार ३१ को वित्तीय अवस्था प्रस्तुत गरेको छ। उक्त वित्तीय विवरण र सोको २०८० साल असार ३१ को वित्तीय अवस्थासँगको तुलनात्मक स्थितिको अवस्थाको प्रकाशन तथा वार्षिक साधारण सभामा स्वीकृतीको लागि पेश गर्न सञ्चालक समितिको बैठकबाट स्वीकृत भएको छ।

२.३ संलग्न वित्तीय विवरणहरु निकटतम रुपैयाँमा प्रस्तुत गरिएको छ। आर्थिक विवरणमा देखाईएका सम्पत्ति तथा दायित्वहरु नेपाली रुपैयाँमा लेखिएका छन् जुन संस्थाको कार्यात्मक मुद्रा पनि हो।

**२.४ निरन्तरताको आधार**

संस्थाको व्यवस्थापनले आफनो व्यवसाय निरन्तर रुपमा चलिरहन्छ (Going Concern Basis) भन्ने क्षमताको समीक्षा गरेको छ। संस्थाको व्यवसाय भविष्यमा अनवरत रुपमा चलिरहनको लागि व्यवस्थापनसंग पर्याप्त स्रोतहरु छन् भनी विश्वस्त छ। यसका लागि सञ्चालक समितिले नाफा, नगद प्रवाह, पूँजीगत स्रोतहरु जस्ता अवस्थाहरुको भविष्यको प्रक्षेपण गर्नका साथै हाल र भविष्यको अवस्थाहरु विश्लेषण गरेको छ।

| | | | | |
|---|---|---|---|---|
| सुनिता बस्नेत | किशोर सिलवाल | करन थापा | मोहन बहादुर बलामी | बासुदेव एण्ड कम्पनी |
| लेखा प्रमूख | मूख्य अधिकृत | कोषाध्यक्ष | अध्यक्ष | रजिष्टर्ड अडिटर्स |

BASUDEV & COMPANY Registered Auditors Reg. No. 2981

## ३ प्रमुख लेखा नीतिहरु

वित्तीय विवरणहरु तयार पार्दा आधार मानिएका सर्वमान्य लेखा नीतिहरु तल उल्लेख गरिएका छन् । अन्यथा लेखिएकोमा बाहेक यी नीतिहरुको पालना निरन्तर रुपमा गरिएको छ । वित्तीय विवरण ऐतिहासिक मूल्यमा तयार पारिएको छ । वित्तीय विवरणहरु निरन्तरताको आधारमा तयार गरिएको छ । लेखामान नीति र धारणाहरु लेखामान मानक अनुरुप लागु गरिएको छ र कुनै फरक नीति र धारणाहरु अपनाएको अवस्थामा त्यसलाई विशेष रुपमा उल्लेख गरिएको छ ।

### ३.१ नगद र बैंक मौज्दात

नगद र बैंक मौज्दातमा संस्थाले अल्पकालिन प्रतिबद्धता पूरा गर्न प्रयोग गर्ने नगद मौज्दात र बैंक तथा वित्तीय संस्थाहरुमा रहेको नगद मौज्दात पर्दछ । नगद र बैंक मौज्दातलाई वित्तीय स्थितिको विवरणमा किताबी लागतमा पहिचान गरिन्छ ।

### ३.२ ऋण लगानी, शेयर लगानी नीति र ऋण नोक्सानी व्यवस्था :

संस्थाले "ऋण नीति " अनुसार सदस्यलाई विभिन्न शिर्षकमा ऋण सापटी दिने तथा असुली गर्ने गरेको छ । संस्थाले लगानीमा रहेका सम्पुर्ण ऋणहरुलाई सहकारी विभागबाट जारी निर्देशन अनुसार असल/कमसल, शंकास्पद र खराब ऋणमा वर्गिकरण गरी क्रमश: १%, ३५% र १००% ले हुन आउने रकमलाई ऋण जोखिम व्यवस्था गर्ने नीति लिएको छ । बैंक तथा संघ/संस्थाहरुको शेयरमा गरिएको लगानीलाई परल मोलको आधारमा लेखांकन गर्ने नीति लिएको छ ।

### ३.३ सम्पत्ति तथा उपकरण

३.३.१ वस्तुसंग सम्बन्धित भविष्यका आर्थिक लाभहरू संस्थामा प्रवाहित हुने सम्भावना छ र वस्तुको लागत विश्वासिलो तरिकाले मापन गर्न सकिन्छ भने सम्पत्ति र उपकरणको लागत मुल्यलाई शुरूमा सम्पत्तिको रुपमा लागतमा पहिचान गरिन्छ । लागतमा खरिद मुल्य, फिर्ता नहुने कर र सम्पत्तिलाई व्यवस्थापनले तोके अनुसारको स्थान र अवस्थामा ल्याउनको लागि लाग्ने खर्चमा भोल्यूम छूट र व्यापार छूट घटाए पछि आउने रकम पर्दछ ।

३.३.२ उपकरणहरूको कार्यक्षमतासंग अभिन्न अंशको रुपमा रहने सफ्टवेयरलाई उपकरणको अंशको रूपमा पूँजीकृत गरिएको छ । खर्च गरेको कारणले यदि भविष्यमा आर्थिक लाभहरू संस्थामा प्रवाहित हुने सम्भावना छ भने पछिका खर्चहरु पनि पूँजीकृत गरिएको छ । सम्पत्तिलाई चलायमान राख्न गरिने मर्मत संभार कार्य खर्चमा गणना गरिन्छ । सम्पत्ति र उपकरणको निसर्ग हुँदा भएको कुनै लाभ वा नोक्सान (निसर्गको खुद प्राप्त रकम) र वस्तुको किताबी मूल्यबिचको भिन्नताका रूपमा गणना गरिएको नाफा नोक्सान विवरणमा अन्य आयमा लेखाङ्कन गरिएको छ ।

३.३.३ स्थिर सम्पत्तिमा ह्रासकट्टी घट्दो ह्रास प्रणालीको आधारमा आयकर ऐन, २०५८ अनुसार देहाय बमोजिमको दरले गरिएको छ ।

| विवरण | ह्रास कट्टी प्रतिशत |
|---|---|
| समुह क | ५% |
| समुह ख | २५% |
| समुह ग | २०% |
| समुह घ | २५% |

| | | | | |
|---|---|---|---|---|
| सुनिता बस्नेत | किशोर सिलवाल | करन थापा | मोहन बहादुर बलामी | बासुदेव एण्ड कम्पनी |
| लेखा प्रमुख | मुख्य अधिकृत | कोषाध्यक्ष | अध्यक्ष | रजिष्टर्ड अडिटर्स |

BASUDEV & COMPANY
Registered Auditors
Reg. No. 2981

३.३.४ खरिद गरिएको कम्प्यूटर सफ्टवेयर लाइसेन्सहरुको खरिद गर्न र प्रयोग गर्न सकिने अवस्थामा ल्याउनको निम्ति लागेको लागतलाई पूँजीकृत गरिन्छ । कम्प्यूटर सफ्टवेयर लागतलाई अपेक्षित उपयोगी अवधिको आधारमा ह्रासकट्टी गरिन्छ । सफ्टवेयर चालु अवस्थामा राख्न लाग्ने रकमलाई खर्चको रूपमा मान्यता दिइन्छ ।

सफ्टवेयरलाई प्रयोगको लागि उपलब्ध मिति देखि समादर विधिमा, अनुमानित उपयोगी अवधिमा नाफा वा नोक्सान हिसाबमा यसको अपलेखन गरिन्छ । हालको र तुलनात्मक अवधिको लागि सफ्टवेयरको अनुमानित उपयोगी अवधि पाँच बर्ष हो ।

३.३.५ सम्पत्ति र उपकरणहरूको निसर्ग भएमा वा भविष्यमा त्यसको प्रयोग वा निसर्गबाट आर्थिक लाभको आशा नभएमा सम्पत्ति र उपकरणहरूलाई पहिचानबाट हटाईएको छ ।

## ३.४ आयकर दायित्व

कर खर्चमा वर्तमान कर र स्थगन कर खर्च समावेश पर्दछ ।

चालु कर भनेको यस वर्षको नाफा वा नोक्सानमा हुने अपेक्षित तिर्नु पर्ने वा पाउनु पर्ने करको रकम हो जुन रिर्पोटिङ्ग मितिमा लागू गरिएको वा ठोस रूपमा लागु गरिएको करका दरहरू प्रयोग गरी गणना गरिन्छ र अघिल्लो वर्षहरुमा तिर्नु पर्ने कर पनि समायोजन गरिन्छ ।

आयकर व्यवस्थाको लागि संस्थाको कर अघिको खूद मुनाफामा आयकर ऐन २०५८ र सो ऐन अन्तर्गत बनेको नियमावली बमोजिम खर्च, आम्दानीमा आवश्यक थपघट गरी आय निर्धारण गर्ने नीति लिएको छ । व्यवस्था गरिएको रकम बढी वा घटी हुन गएमा कर निर्धारण भएको सालमा नाफा/नोक्सान हिसाबमा समायोजन गर्ने गरिन्छ ।

आर्थिक वर्षको अन्तिम मितिमा कर आधार र किताबी मूल्यको अस्थायी भिन्नताहरुमा स्थगन कर पहिचान गरिन्छ । स्थगन आयकर आर्थिक वर्षको अन्तिम मितिमा संस्थामा लागू हुने त्यो दर प्रयोग गरी निर्धारण गरिन्छ जुन सम्बन्धित स्थगन आय कर सम्पत्ति प्राप्त हुँदा वा स्थगन आयकर दायित्व समाप्त हुँदा लागू हुने अपेक्षा गरिएको हुन्छ । स्थगन कर सम्पत्तिहरू तब मात्र मापन गरिन्छ जब भविष्यमा अस्थायी भिन्नताहरूको अन्त्य गर्न करयोग्य मुनाफा उपलब्ध हुनेछ भनी अपेक्षा गर्न सकिन्छ।

## ३.५ सदस्यबाट निक्षेप

संस्थाले सदस्यहरुबाट दैनिक, मासिक, आवधिक र अन्य खाताहरु (चल्ती बाहेक) अन्तर्गत निक्षेप स्वीकार गर्दछ जसले खातावालालाई पैसा जम्मा गर्न र निकाल्न अनुमति दिन्छ। यी कारोबार संस्थाको खाताहरुमा रेकर्ड गरिएको छ र परिणामस्वरूप बाँकी ब्यालेन्स संस्थाको दायित्वको रूपमा रेकर्ड गरिएको छ जुन रकम संस्थाले सदस्यलाई दिनुपर्ने रकमको प्रतिनिधित्व गर्दछ ।

## ३.६ आम्दानीको लेखांकन

आम्दानी भनेको साधारण गतिविधिहरूको क्रममा उत्पन्न हुने आर्थिक लाभहरूको प्रवाह हो जसले इक्विटीमा वृद्धि हुन्छ। आर्थिक लाभहरू संस्थामा प्रवाहित हुने सम्भावना प्रबल भएमा र त्यसको उपयुक्त मापन गर्न सकेमा मात्र आम्दानीको लेखांकन गरिन्छ। आम्दानीको प्राप्तिको सम्भावना नरहेको अवधिमा आम्दानीको लेखाङ्कन गरिएको छैन । आम्दानी अर्न्तगत व्याज आम्दानी, लाभांश आम्दानी आदि पर्दछन्।

### ३.६.१ ब्याज आम्दानी

संस्थाबाट लगानी गरिएको कर्जा रकममा ब्याज हिसाव गर्दा ३६५ दिनलाई एक बर्ष मानी व्याज गणना गरिएको छ । कर्जा सापटीको ब्याज नगद आधार (Cash Basis) मा आम्दानी जनाइएको छ ।

